सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३२ जेठ २०८०, बिहीबार (15 June 2023, Thursday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ६३ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ भुटानी शरणार्थीका नाममा ठगी मुद्दा

थुनछेक बहस नै ११ दिनभन्दा धेरै



नक्कली भुटानी शरणार्थी बनाई नेपाली नागरिकलाई अमेरिका पठाई ठगी गरेको अभियोगमा काठमाडौं जिल्ला अदालतमा चलिरहेको थुनछेक बहस ११औँ दिनसम्म निरन्तर चलेको छ। सामान्यतया एक-दुई दिनमा थुनछेक बहस टुंगिने गर्छ। तर, २१ जेठबाट सुरु भएको बहस बुधबारसम्म निरन्तर छ। (विस्तृत पृष्ठ ३)

वैदेशिक रोजगारीमा जाने झन्डै दुई लाख श्रमिक सामाजिक सुरक्षा कोषमा आबद्ध



वैदेशिक रोजगारीमा जाने करिब दुई लाख श्रमिक सामाजिक सुरक्षा कोषमा आबद्ध भएका छन्। दुई महिनामा एक लाख ८१ हजार आठ सय श्रमिक कोषमा जोडिएका हुन्। तीमध्ये एक हजार दुई सय ४० श्रमिक विदेशबाट नै आबद्ध भएका हुन्। (विस्तृत पृष्ठ ९)

'साउथ ब्लक-सिंहदरबार' एक अजिब 'प्रेम' कहानी !

● सुरेश प्राञ्जली



नेपालको नयाँ संविधान जारी भएयता दिल्ली-काठमाडौं सम्बन्धमा न्यानोपन नभएको मात्रै होइन, दिल्लीले काठमाडौंलाई हेर्ने 'कूटनीतिक चस्माको लेन्स' खराब देखिन्छ

(अग्रलेख । पृष्ठ ६)

सट्टेबाजीमा ७४ करोडको कारोबार, पाँच पक्राउ



काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी डा. मनोज केसी भन्छन्– **सट्टेबाज धन्दामा पक्राउ परेको यो हालसम्मकै ठूलो घटना हो।** (विस्तृत पृष्ठ २)

■ साफ च्याम्पियनसिपको तयारी

नेपाल आज फिलिपिन्ससँग मैत्रीपूर्ण खेल्दै



(विस्तृत पृष्ठ १२)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

सहकारी समस्या सुल्झाउन ०४७ यता आठ कार्यदल, तर समस्या झन्झन् विकराल

पटक-पटक कार्यदल बन्छन्, तर सुझाव कार्यान्वयन हुँदैनन्, अहिले आठौँ कार्यदल काम गर्दै

● **०४७ मा गठित 'राष्ट्रिय सहकारी महासंघ परामर्श समिति'का संयोजक राधाकृष्ण मैनाली भन्छन्–**



मेरो नेतृत्वमा बनेको समितिले चार महिना लगाएर अध्ययन गरी सरकारलाई प्रतिवेदन बुझाएको हो। सहकारी विकास बोर्ड निर्माण गर्नुपर्ने, विषयगत सहकारी सञ्चालन गर्नुपर्ने, सहकारीको राष्ट्रियस्तरको संघ स्थापना गर्नुपर्नेलगायतका सुझाव दिएका थियौं। त्यही प्रतिवेदनका आधारमा सरकारले सहकारी ऐन, २०४८ र नियमावली, २०४९ जारी गऱ्यो। सहकारी विकास बोर्ड र सहकारी महासंघ स्थापना पनि भयो। तर, सुझावको व्यावहारिक कार्यान्वयन भएन।

मुना कुँवर/नयाँ पत्रिका

लाखौं बचतकर्ताको अर्बौं रकम फस्ने गरी यतिवेला सहकारी संस्थाहरूमा समस्या निम्तिएको छ। सहकारीमा देखिएको यो समस्या नयाँ भने होइन, दशकौंदेखि कुनै न कुनै जटिलता देखिँदै आएकाले सुल्झाउन भन्दै सरकारले पटक-पटक कार्यदल गठन गरेको छ। तर, कार्यदलका सुझाव कार्यान्वयन नहुँदा समस्या झन्झन् विकराल बन्दै गएको हो।

०४७ देखि ०७० सम्म गठन गरिएका सात कार्यदलले दिएका दर्जनौं सुझाव कार्यान्वयन भएनन्। फेरि समस्या बल्झिएपछि गत २६ वैशाखमा मन्त्रिपरिषद् बैठकले योजना आयोगको सहकारी हेर्ने सदस्य डा. जयकान्त राउतको संयोजकत्वमा 'सहकारीको समस्या पहिचान तथा समाधानको खोजी अध्ययन कार्यदल' गठन

» पृष्ठ ११ मा क्रमशः

■ माइतीघरमा देखिन्छन् सहकारीपीडितका दुःखका पहाड

कसैका सपना चकनाचुर भए, कसैको परिवार खलबलिँदै





दुई सातादेखि आन्दोलनरत सहकारीपीडित माइतीघरमा। घरेलु मजदुरका रूपमा काम गर्ने नागार्जुनकी सहरकारीपीडित राधा महर्जन भक्कानिँदै। तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका



● सहकारी मन्त्रालयका पूर्वसचिव गोपीनाथ मैनाली भन्छन्- **गौरीबहादुर कार्की नेतृत्वको आयोगले देखाएका समस्यालाई गम्भीर रूपमा नलिँदा समस्या झन् बढ्यो**



● सहकारी विभागका रजिस्ट्रार नमराज घिमिरेको आश्वासन- **बचत फिर्ता हुन्छ, तर समय लाग्न सक्छ**



● **सहकारी महासंघका अध्यक्ष मीनराज कँडेलको दाबी-** एक प्रतिशत सहकारीमा मात्रै समस्या छ

अनिल यादव/नयाँ पत्रिका

काठमाडौं नागार्जुनकी राधा महर्जन हरेक दिन ताहचल पुगेर एक निजी घरमा सरसफाइ गर्थिन्। तर, १३ दिनयता उनी काममा गएकी छैनन्। अहिले उनको दैनिकी छ- सहकारीपीडितको आन्दोलनमा सहभागी भई माइतीघर मण्डलामा धर्नामा बस्ने। जहाँ उनीजस्तै घाम-पानी, भोक-तिर्खा केही नभनी सयौँ पीडित धर्नामा छन्।

राधाको जीवनको खुसी र लय बिथोल्ने काम गोंगबुमा रहेको खुसी बचत तथा ऋण सहकारी संस्थाले गरेको हो। सहकारी सञ्चालक बचतकर्ताको रकम डुबाएर फरार छन्। बचत गरेको साढे आठ लाख उठाउन उनी माइतीघर आन्दोलनमा जोडिएकी हुन्।

राधा आन्दोलनमा हुँदा उता मालिकले घरमा अर्कै कामदार राखिसकेका छन्। 'एक-दुई दिन आएपछि सरकारले सुन्छ भन्ने लागेको थियो, तर हप्तौं बस्नुपर्ने भयो,' उनले भनिन्, 'दिनको तीन-तीन घन्टा गरेर तीन ठाउँ काम गर्न जान्थेँ। म नगएपछि सबै ठाउँ नयाँ मान्छे राखिसके।' बुधबार नयाँ पत्रिकासँग कुरा गर्दै उनले भोकभोकै चिच्याइरहेको बताइन्। 'आज एकादशीको व्रत छ। बिहानदेखि एक कप फिक्का चिया खाएको भरमा चिच्याइरहेकी छु,' उनले भनिन्, 'त्यसैले आज घर जाने प्लान छ। नुहाइधुवाइ गरेर भोलि फेरि आउँछु।'

» पृष्ठ ११ मा क्रमशः

कसको नेतृत्वमा कहिले-कहिले बने सुझाव कार्यदल ?

■ **०४७** : राधाकृष्ण मैनालीको संयोजकत्वमा 'राष्ट्रिय सहकारी महासंघ परामर्श समिति'

■ **०५७** : राष्ट्रिय विकास बोर्डका तत्कालीन सहअध्यक्ष राजेन्द्रबहादुर शाहको संयोजकत्वमा 'सहकारी विकास सुझाव कार्यदल'

■ **०६१** : तत्कालीन कृषिमन्त्री होमनाथ दाहालको संयोजकत्वमा गठित 'सहकारी क्षेत्र सुधार सुझाव आयोग'

■ **०६१** : योजना आयोगका सदस्य डा. युवराज खतिवडाको संयोजकत्वमा 'राष्ट्रिय सहकारी बैंक र बचत तथा ऋण सहकारी संस्था सञ्चालनसम्बन्धी कानुनी स्वरूप संरचनागत व्यवस्था समिति'

■ **०६६** : राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. जगदीशचन्द्र पोखरेलको संयोजकत्वमा 'सहकारी क्षेत्रको समस्या समाधानको नीतिगत, प्रक्रियागत, संस्थागत विषयमा सिफारिस गर्न गठित कार्यदल'

■ **०६९** : वैकुण्ठ अर्यालको नेतृत्वमा 'बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाहरूको नियमन गर्ने सम्बन्धमा सुझाव समिति'

■ **०७०** : गौरीबहादुर कार्कीको संयोजकत्वमा 'उच्चस्तरीय जाँचबुझ आयोग'

■ **२६ वैशाख ०८०** : डा. जयकान्त राउतको संयोजकत्वमा 'सहकारीको समस्या पहिचान तथा समाधानको खोजी अध्ययन कार्यदल'

प्रस्तावित प्रधानन्यायाधीशको संसदीय सुनुवाइ आज

समितिलाई अवैध भन्दै उजुरीकर्ताले बुधबार छलफल गर्न मानेनन्, आज प्रतिनिधिसभा बैठक पनि भएकाले सुनुवाइ सकिने सम्भावना न्यून

कमलराज भट्ट/नयाँ पत्रिका

गम्भीर आरोपको सामना गरिरहेका प्रधानन्यायाधीशमा सिफारिस सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीश हरिकृष्ण कार्कीको संसदीय सुनुवाइ बिहीबार हुने भएको छ। सुनुवाइका लागि संसदीय सुनुवाइ समितिले कार्कीलाई बिहान ८ बजे सिंहदरबार आमन्त्रण गरेको छ।



लेखा समितिको हलमा कार्कीले प्रधानन्यायाधीश नियुक्त भएपछिका अवधारणा र कार्ययोजना राख्ने संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले जानकारी दिए।

'उहाँको पहिला प्रस्तुति रहन्छ। त्यसपछि माननीयज्यूले प्रश्न राख्नुहुन्छ। सुनुवाइ सकिएपछि निर्णय हुन्छ,' उनले भने।

बिहान ११ बजे प्रतिनिधिसभा बैठक भएकाले बिहीबार नै सुनुवाइ सक्न समयको दबाब समितिलाई छ। 'उहाँको कार्ययोजना प्रस्तुत गर्न आमन्त्रण गरेका छौं। सम्भव भएसम्म आजै निर्णयमा पुग्ने प्रयास गर्छौं,' समिति सदस्य ज्ञानेन्द्रबहादुर कार्कीले भने।

सुनुवाइअघि समितिले उजुरीकर्तासँग छलफल गरेको छ। २९ जना उजुरीकर्ता रहेकामा सातजनाले व्यक्तिगत र अरूले सामूहिक रूपमा आफ्नो धारणा राखेको र त्यसमा समितिले छलफल गरेको कार्कीले दाबी गरे।

तर, उजुरीकर्ताले भने समितिको वैधतामाथि प्रश्न उठाउँदै छलफल नै बहिष्कार गरेका छन्। २० जना उजुरीकर्ताले संयुक्त समिति गठन गर्ने नियमावली अहिलेसम्म राजपत्रमा प्रकाशित नभएको, संवैधानिक परिषद्बाट सिफारिस गर्नका लागि कानुन नभएको विषय उठाएर उजुरीमाथि छलफल गर्न नमानेका हुन्।

उजुरीकर्ताले छलफल गर्न नमान्दा सुनुवाइ समितिमा बुधबार लामो समय भाँडभैलो भएको

» पृष्ठ ११ मा क्रमशः



पूर्वी र मध्य नेपालमा भित्रियो मनसुन, तर पश्चिमी वायु बलियो बन्दा पश्चिममा सर्न सकेन



■ कोसी, पूर्वी मधेस, बागमतीका अधिकांश भूभाग र गण्डकीका पूर्वी क्षेत्रमा मनसुनी वर्षा

■ हाल मनसुनी प्रणालीको प्रभाव रहेको क्षेत्र

यम बम/नयाँ पत्रिका

हिन्द महासागरमा विकास भई बंगालको खाडी हुँदै दक्षिण-पूर्वबाट नेपालमा बुधबार मनसुन भित्रिएको छ। औसतभन्दा एक दिन ढिलो प्रवेश गरेको जलवाष्पयुक्त हावा बोकेको न्यूनचापीय प्रणालीको असर पूर्वी नेपालदेखि तराईमा मधेसको मध्य क्षेत्रसम्म र पहाडी क्षेत्रमा गण्डकीको पोखरासम्म देखिएको छ। नेपालमा सरदर १३ जुनमा मनसुन भित्रिने गरेको छ।

जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार कोसी, पूर्वी मधेस, बागमतीका अधिकांश भूभाग र गण्डकीका पूर्वी भूभागमा मनसुनी वर्षा सुरु भइसकेको छ। तर, यस वर्ष मनसुनी प्रणाली देशभर फैलिएर झरी हुन भने केही दिन लाग्ने देखिन्छ।

मौसम पूर्वानुमान महाशाखाका मौसमविद् गोविन्द झाका अनुसार सामान्य अवस्थामा मनसुन देशभर फैलन एक

» पृष्ठ ११ मा क्रमशः

यस वर्ष बाढीपहिरोबाट साढे १२ लाख प्रभावित हुने आकलन

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले यस वर्षको बर्खामा बाढीपहिरोसहितका विपत्बाट दुई लाख १६ हजार घरपरिवारका साढे १२ लाख नागरिक प्रभावित हुने आकलन गरेको छ। त्यसमध्ये करिब एकतिहाइ जनसंख्यालाई खाद्यान्नको आवश्यकता पर्न सक्छ। आवश्यक राहत सामग्री संकलन गरेर प्रदेश तथा जिल्लामा भण्डारण गरिएको प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले बताए। गत वर्ष मनसुनी याममा बाढीपहिरोबाट एक सय १९ जनाको ज्यान गएको थियो भने ३२ बेपत्ता हुँदा ११५ घाइते भए। एक हजार ६ घर पूर्ण रूपमा क्षतिग्रस्त बन्दा एक हजार एक सय घरमा आंशिक क्षति पुग्यो। गत वर्ष बाढीपहिरोबाट खोटाङ, मकवानपुर, नवलपुर, प्युठान, सुर्खेत, अछाम, बाजुरा र दार्चुला बढी प्रभावित भएका थिए।

कुन प्रदेशमा कति ?

प्रदेश	जनसंख्या	घरधुरी
कोसी	३,०१,१४३	६८,९११
मधेस	४,०३,१८०	९२,२६१
बागमती	९६,८५८	२२,३९३
गण्डकी	६९,७४४	१५,९६०
लुम्बिनी	१,९९,८६२	४५,७३५
कर्णाली	३५,३३३	८,०८५
सुदूरपश्चिम	१,४७,०६०	३३,६५२
जम्मा	**१२,५३,१८०**	**२,८६,९९७**

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मितिः २०८०/०२/३२

तपसिलमा उल्लेखित ऋणीहरुले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय बभाङ्गबाट :सिटिजन्स फाष्ट ट्रयाक कर्जा-(अधिविकर्ष कर्जा) शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने सावाँ, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने सावाँ तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण सावाँ, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने सावाँ, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेख भएको चल/अचल सम्पत्ति **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानतको कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्यादभित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ । अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिल

कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्रयाक कर्जा- (अधिविकर्ष कर्जा)

ऋणीहरुको नाम र ठेगाना

१. नाम : प्रताप सिँह बोहरा
बाबु : हिरा बोहरा
बाजे : कडुवा बोहरा
ठेगाना : बाँझ गा.वि.स.-०१ बभाङ्ग
हाल : केदारस्यूँ गा.पा.-०५ बाँझ बभाङ्ग
ना.प्र.नं : २११
जारी मिति : २०४२/०१/२८
जि.प्र.का. : बभाङ्ग

२. नाम : धना देवी बोहरा
बाबु : ददमले बोहरा
पति : हिरा बोहरा
ससुरा : कडुवा बोहरा
ठेगाना : बाँझ गा.वि.स.-०१ बभाङ्ग
हाल : केदारस्यूँ गा.पा.-०५ बाँझ बभाङ्ग
ना.प्र.नं : ७१-०१-७३-०२८७२
जारी मिति : २०७३/०७/०८
जि.प्र.का. : बभाङ्ग

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : मनबीर बोहरा
बाबु : हिरा बोहरा
बाज : कडुवा बोहरा
पत्नी : पार्वती बोहरा
ठेगाना : बाँझगा.वि.स.-०१ बभाङ्ग
हाल : केदारस्यूँ गा.पा.-०५ बाँझ बभाङ्ग
ना.प्र.नं : २५५
जारी मिति : २०५१/१०/१५
जि.प्र.का. : बभाङ्ग

२. नाम : नन्धा देवी बोहरा
बाबु : काले धामी
पति : प्रताप सिँह बोहरा
ससुरा : हिरा बोहरा
ठेगाना : बाँझ गा.वि.स.-०१ बभाङ्ग
हाल : केदारस्यूँ गा.पा.-०५ बाँझ बभाङ्ग
ना.प्र.नं : ७१३०३४/४५
जारी मिति : २०६३/१०/१०
जि.प्र.का. : बभाङ्ग

धितो राखिएको सम्पत्तिको विवरण:

१.धितो सुरक्षण धनीको नामः- धना देवी बोहरा

जिल्ला	न.पा./गा.वि.स.	वडा नं/नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (ब.मि.)	कैफियत
बभाङ्ग	बाझाँ	०१/०९१०	४७	४९०	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत ।
			६७	३०५०	
			८०	४६५	
			८६	६३५	
			९९	७१५	
			११८	१३६५	
			१२०	१९२०	
			२४८	८४५	

२.धितो सुरक्षण धनीको नामः- प्रताप सिँह बोहरा

जिल्ला	न.पा./गा.वि.स.	वडा नं/नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (ब.मि.)	कैफियत
बभाङ्ग	बाझाँ	०२	६३८	१८१५	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत ।

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank

सट्टेबाजीमा ७४ करोडको कारोबार, पाँच पक्राउ

नयाँ पत्रिका

प्रहरीले विश्वमा सञ्चालित विभिन्न खेलमा सट्टेबाज लगाउने धन्दामा संलग्न पाँच अभियुक्तलाई पक्राउ गरेको छ । पक्राउ पर्ने कैलाली लम्कीचुहा नपा- १० का २९ वर्षीय दिनेश खड्का, काभ्रे पाँचखाल नपा- ४ की २८ वर्षीया अनिता धिताल, भक्तपुर मध्यपुरठिमी नपा- ४ का २७ वर्षीय दीपेश श्रेष्ठ, कञ्चनपुर भीमदत्त नपा- १८ का २५ वर्षीय दिनेश चन्द र नुवाकोट ककनी गापा- ७ का २४ वर्षीय आशिष लामिछाने रहेका छन् । सट्टेबाज खेलाउने क्रममा उनीहरूको बैंक खाताबाट ७४ करोड १३ लाख ५० हजार सात सय १३ रुपैयाँ कारोबार भएको देखिएको प्रहरीले जानकारी दिएको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी डा. मनोज केसीका अनुसार धन्दाका मुख्य योजनाकार दिनेश हुन् । उनको खाताबाट मात्रै ६४ करोड रुपैयाँको कारोबार भएको देखिएको छ । कारोबारका लागि उनले जंगल, पुकुडन, पिंकी, पिन्टु, गुल्लु, अनियन- १ जस्ता १२ अकाउन्टबाट कनेक्ट आइपिएस अकाउन्ट खोलेका थिए । उनले वान एक्स बेटमार्फत सट्टेबाज धन्दा चलाउँदै आएका थिए । धन्दामा उनले प्रेमिका अनितालाई पनि सामेल गराएका थिए । उनले मोबाइलमा बाइनेन्स अकाउन्ट खोली

> काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी डा. केसी भन्छन्– **सट्टेबाज धन्दामा पक्राउ परेको यो हालसम्मकै ठूलो घटना हो ।**

अमेरिकी डलर खरिद गर्दै आएकी थिइन् ।

धन्दामा संलग्नमध्ये दीपेशले विभिन्न चारवटा सिमकार्ड प्रयोग गरी इसेवा लिएका थिए । उनले उक्त खातामार्फत ५९ लाख २९ हजारको कारोबार गरेको देखिएको छ । उनले विभिन्न बैंकमा रहेको खातामार्फत कारोबार गर्दै आएका थिए । सबै गरी उनको बैंक खातामा सीमित अवधिभित्र पाँच करोड ५४ लाख ६६ हजारको कारोबार भएको खुलेको छ ।

आशिषले पनि विभिन्न बैंकमार्फत दुई करोड ९८ लाख ९६ हजारको कारोबार गरेको खुलेको छ । उनीबाट प्रहरीले ३५ लाख रुपैयाँ नगद बरामद गरेको छ । उनी चार्टर अकाउन्टेन्ट हुन् । उनले सट्टेबाजका क्रममा हुने सबै कारोबारको अकाउन्ट अडिट गर्थे । जसको उनी निश्चित रकम कमिसनबापत बुझ्थे ।

त्यस्तै, पक्राउ पर्नेमध्ये दिनेशको बैंक खातमा भने ४५ लाख रुपैयाँको कारोबार भएको अनुसन्धानबाट खुलेको छ । अनुसन्धानमा संलग्न काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी डा. केसीका अनुसार सट्टेबाज धन्दामा पक्राउ परेको यो हालसम्मकै ठूलो घटना हो ।

उनले भने, 'सट्टेबाज धन्दामा संलग्न हुने अभियुक्तबाट यति ठूलो रकमको कारोबार भएको हालसम्म फेला परेको थिएन । पक्राउ परेकामध्ये केही धन्दाका खास एजेन्ट हुन् । यिनीहरूले धेरैबाट रकम असुल गरेको र क्रिप्टोमार्फत रकम लेनदेन गरेको देखिन्छ जुन गैरकानुनी हो ।'

एनएमबि बैंक लिमिटेड, बबरमहलको
गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मितिः २०८०।०२।३२ को नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरूले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरू धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरूलाई बारम्बार तर ताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्न बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिकि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू खरिद गर्न इच्छुक महानुभावहरूलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरू यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिनका दिन अर्थात मिति २०७९।०३।१५ (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरूलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखि दिनुहुने तथा व्यक्तिगत जमानी दिनु हुने महानुभावहरूलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरबाट रू. १००।- तिरी खरिद गर्न सकिनेछ ।

तपसिल

क्र.स.	कर्जा शिर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना	लिलाम हुने धितोको विवरण
१.	हायर पर्चेज कर्जा	ऋणीको नामः डिल बहादुर राना मगर ना.प्र.प.नं (जारी मिति/स्थान): २०५६१/१७९४१ (२०५७।०७।१८/सिन्धुली) बाजेको नामः अमर बहादुर राना मगर बाबुको नामः दल बहादुर राना मगर ठेगानाः सिन्धुली जिल्ला, पुरानो झाँगाझोली गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं. ६, नामगेल । व्यक्तिगत जमानतकर्ताः हरी प्रपन्न अधिकारी ना.प्र.प.नं (जारी मिति/स्थान): ३१६८ (२०४६।११।२८/सिन्धुपाल्चोक) बाजेको नामः काशी नाथ अधिकारी बाबुको नामः पदम नाथ अधिकारी ठेगानाः सिन्धुपाल्चोक जिल्ला, घुमथाङ्ग गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं. ६, जोरपाटी ।	धनी एनएमबि बैंक लि (साबिक ओम डेमलपमेन्ट बैंक लि.)/ऋणी डिल बहादुर राना मगरको नाममा बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः (क) कम्पनीको नामः- टाटा मोटर किसिमः- MCV Buses LP 1512/42 TC-C BSIII), भाडा बस सवारी दर्ता नं.:- बा ५ ख ५०७० बनेको सालः- २०१७ च्यासिस नं.:- MAT412049H1R01028 इन्जिन नं.:- 71A63569108
२.	ओभरड्राफ्ट कर्जा	ऋणीको नामः कृष्ण भण्डार (नेपाल सरकार, उद्योग मन्त्रालय, वाणिज्य विभागमा दर्ता रहेको) दर्ता नं.: ७३७/०६५/०६६ दर्ता मिति : २०६६/०२/१७ स्थायी लेखा नं.: ३००८२९५०१ ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं २ । प्रोप्राईटरः सुमन शाक्य ना.प्र.प.नं (जारी मिति/स्थान): १०९२१/१३९२१(२०४७/०७/१४/ सुनसरी) बाजेको नामः चन्द्र बहादुर शाक्य बाबुको नामः कृष्ण प्रसाद शाक्य ठेगानाः सुनसरी जिल्ला,धरान उ.म.न.पा., वडा नं. ५ । व्यक्तिगत जमानतकर्ताहरूः १. मिरा शाक्य ना.प्र.प.नं (जारी मिति/स्थान): १३८६८/६६७८/०४४(२०५७/०२/२४/धरान,सुनसरी) बाबुको नामः चन्द्र बहादुर श्रेष्ठ ससुराको नामः कृष्ण प्रसाद शाक्य पतिको नामः सुमन शाक्य ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. ५ । २. कृष्ण प्रसाद शाक्य ना.प्र.प.नं (जारी मिति/स्थान): ५८/०३० (२०३०/०४/११/सुनसरी,इनरुवा) बाजेको नामः हर्ष बहादुर शाक्य बाबुको नामः चन्द्र बहादुर शाक्य ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा, वडा नं. ५ ।	हर्ष बहादुर शाक्यको नाति, चन्द्र बहादुर शाक्यको छोरा सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ५ बस्ने कृष्ण प्रसाद शाक्यको नाममा मालपोत कार्यालय सुनसरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ५ स्थित कि.न. २७८, २७९ र २८० को क्षेत्रफल ०-०-२¾, ०-०-४ र ०-०-१९¾ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
३.	१. ओभरड्राफ्ट कर्जा २. आवधिक कर्जा	ऋणीको नामः लामिछाने बस्त्रालय (नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, भीमदत्तनगर कञ्चनपुर मा दर्ता रहेको) दर्ता नं.: ४०१/२०७४/०७५ दर्ता मितिः २०७४/१०/०३ स्थायी लेखा नं.: ६०७३८८८८४ ठेगानाः कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ३ । प्रोप्राईटर नवराज लामिछाने ना.प्र.प.नं (जारी मिति/स्थान): ९३०१ (२०६०/०५/०३/कञ्चनपुर) बाजेको नामः श्री कान्त लामिछाने बाबुको नामः खेम राज लामिछाने ठेगानाः कञ्चनपुर जिल्ला, कालीका गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भइ हाल कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स., वडा नं. ४ । व्यक्तिगत जमानतकर्ताहरूः १. खेम राज लामिछाने ना.प्र.प.नं (जारी मिति/स्थान): ९११७२९३१(२०३६/३/१४/कैलाली) बाजेको नामः भगिरथ लामिछाने बाबुको नामः श्री कान्त लामिछाने ठेगानाः कैलाली जिल्ला, सुगरखाल गा.वि.स., वडा नं. १ । २. मिना सापकोटा लामिछाने ना.प्र.प.नं (जारी मिति/स्थान): ७५२०२२/२९८१(२०७२/०२/२०/कञ्चनपुर) बाबुको नामः अर्जुन प्रसाद सापकोटा ससुराको नामः खेम राज लामिछाने पतिको नामः नवराज लामिछाने ठेगानाः कञ्चनपुर जिल्ला, पुनर्वास न.पा., वडा नं. १२ । ३. कमला लामिछाने ना.प्र.प.नं (जारी मिति/स्थान): ७७३/८७८(२०४६/०३/१७/कञ्चनपुर) बाबुको नामः गिरीधारी अधिकारी ससुराको नामः श्री कान्त लामिछाने पतिको नामः खेम राज लामिछाने ठेगानाः कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स., वडा नं. ४ ।	१. गिरीधारी अधिकारीको छोरी, श्री कान्त लामिछानेको बुहारी, खेम राज लामिछानेको पत्नि, कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स. वडा नं. ४ बस्ने कमला लामिछानेको नाममा मालपोत कार्यालय बेलौरी, कञ्चनपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको कञ्चनपुर जिल्ला, कालीका गा.वि.स. वडा नं. ४ स्थित कि.न. १२९९ को क्षेत्रफल १७०.०० ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । २. श्री कान्त लामिछानेको नाति, खेम राज लामिछानेको छोरा, कञ्चनपुर जिल्ला, कालीका गा.वि.स. वडा नं. ४ बस्ने नवराज लामिछानेको नाममा मालपोत कार्यालय बेलौरी, कञ्चनपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको कञ्चनपुर जिल्ला, कालीका गा.वि.स. वडा नं. ४ स्थित कि.न. १२८७ को क्षेत्रफल १६९.३१ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
४.	१. ओभरड्राफ्ट कर्जा २. आवधिक कर्जा	ऋणीको नामः न्यू लामिछाने किराना पसल (नेपाल सरकार, उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग भीमदत्तनगर कञ्चनपुर मा दर्ता रहेको) दर्ता नं.: ३६३/०७६/७७ दर्ता मितिः २०७६/०८/०९ स्थायी लेखा नं.: ६१२५१०१९५ ठेगानाः कञ्चनपुर जिल्ला, पुनर्वास न.पा., वडा नं. ३ । प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः मिना सापकोटा लामिछाने ना.प्र.प.नं (जारी मिति/स्थान): ७५२०२२/२९८१(२०७२/०२/२०/कञ्चनपुर) बाबुको नामः अर्जुन प्रसाद सापकोटा ससुराको नामः खेम राज लामिछाने पतिको नामः नवराज लामिछाने ठेगानाः कञ्चनपुर जिल्ला, पुनर्वास न.पा., वडा नं. १२ । व्यक्तिगत जमानतकर्ताहरूः १. कमला लामिछाने ना.प्र.प.नं (जारी मिति/स्थान): ७७३/८७८(२०४६/०३/१७/कञ्चनपुर) बाबुको नामः गिरीधारी अधिकारी ससुराको नामः श्री कान्त लामिछाने पतिको नामः खेम राज लामिछाने ठेगानाः कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स., वडा नं. ४ । २. खेम राज लामिछाने ना.प्र.प.नं (जारी मिति/स्थान): ९११७२९३१(२०३६/३/१४/कैलाली) बाजेको नामः भगिरथ लामिछाने बाबुको नामः श्री कान्त लामिछाने ठेगानाः कैलाली जिल्ला, सुगरखाल गा.वि.स., वडा नं. १ । ३. नवराज लामिछाने ना.प्र.प.नं (जारी मिति/स्थान): ९३०१ (२०६०/०५/०३/कञ्चनपुर) बाजेको नामः श्री कान्त लामिछाने बाबुको नामः खेम राज लामिछाने ठेगानाः कञ्चनपुर जिल्ला, कालीका गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भइ हाल कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स., वडा नं. ४ ।	

NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि
FMO
Member of : Global Alliance for Banking on Values
एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुर
सम्पर्क नं. ९७७-०१-५००८७०८/०९, Ext. १०७, १०४

RATE OF INTEREST
(with effect from 16 June 2023)

SAVINGS DEPOSITS (NPR)	% per annum
General Savings	6
Premium Savings	6
Payroll Savings	6.5
Orange Savings Plus	7
Shubhashree Laxmi Bachat	7
Green Savings	7.4
Lotus Savings	7.4
Shree Laxmi Savings (Remittance)	8.4

Term Deposits (NPR) - % per annum	Institutions	Personal	Personal-Remittance
3 months - 6 months	-	9.99	10.99
6 months and above	7.99	9.99	10.99
Bids (6 months and above)	8.49	-	-
Recurring Deposits	-	9.99	-

FCY DEPOSITS - % per annum	Savings	Term
USD Deposits	5.75	7.25
EUR Deposits	3	5
GBP Deposits	4.75	6.25
AUD Deposits	5.10	6.60

LOANS ADVANCES (NPR)	% per annum
Cash Credit	Base Rate + up to 5
Importer's Loans	Base Rate + up to 5
Working Capital/ Short Term Loans	Base Rate + up to 5
Supply Finance	Base Rate + up to 5
Export Loans	Base Rate + up to 4
Term Loans	Base Rate + up to 5
Auto Loans	Base Rate + up to 5
Education Loans	Base Rate + up to 4
Home Loans	Base Rate + up to 4
Home Equity Loans	Base Rate + up to 5
Home Equity Revolving Line of Credit	Base Rate + up to 5
Personal Loans	Base Rate + up to 5
Sana Byabasayi Karja	Base Rate + up to 4
Loans Against Gold	Base Rate + up to 4
Loans Against Fixed Deposits	Higher of FD + 1 or Base Rate + up to 4
Loans Against First Class Bank Guarantee	Base Rate + up to 4
Loans Against Marketable Securities incl. Govt. bonds	Base Rate + up to 5
Microfinance Loans	Base Rate + up to 4

Fixed Rate for home loans, home equity loans, education loans, auto loans, personal loans and term loans for upto 15 years will be 12.99% - 14.99%

Note:
* Interest rate on all accounts will be calculated on daily basis and paid quarterly.
* Rates on Call accounts are negotiable (maximum 2.7%) and subject to change based on market conditions. Please contact any of our branches for details.
* Average Base Rate for Falgun, Chaitra and Baishakh 2080 is 11.10%.
* LCY spread for Baishakh, 2080 is 4.18%.

*Conditions Apply

लक्ष्मी बैंक लिमिटेड
Laxmi Bank Limited
Laxmi Complex, Hattisar, Kathmandu
Tel: 01-4544684/85, P.O. Box: 19593
Email: info@laxmibank.com, URL: www.laxmibank.com

स्मार्ट सडकबत्ती जडान गर्दै काठमाडौं महानगर

चार महिनाभित्र जडान सुरु, ४० प्रतिशत लगानी प्राधिकरणको



नयाँ पत्रिका

काठमाडौं महानगरका विभिन्न स्थानमा एक वर्षभित्रै स्मार्ट सडकबत्ती जडान हुने भएको छ । यसका लागि महानगर र विद्युत् प्राधिकरणबीच सम्झौता भई बत्ती जडानका लागि सर्भे सुरु भएको छ । महानगरपालिकाले ६० प्रतिशत र नेपाल विद्युत् प्राधिकरणले ४० प्रतिशत लागत हुने गरी सडकबत्ती राख्न लागेको हो ।

ऊर्जा दक्षता तथा चुहावट नियन्त्रण विभागअन्तर्गत राष्ट्रिय सडकबत्ती प्रवर्द्धन आयोजनाका अनुसार तीनदेखि चार महिनाभित्र बत्ती जडान सुरु हुनेछ । 'बत्ती जडानका लागि टेन्डर प्रक्रिया पूरा गरे सम्झौता गरिसकेका छौं,' आयोजना प्रमुख प्रमोद रिजालले भने, 'बत्ती जडान सुरु गर्नुअघि प्रि-कन्स्ट्रक्सन सर्भेको गर्नुपर्ने हुन्छ । निर्माण कम्पनीले फिल्डमा सोही काम गरिरहेको छ ।' उनका अनुसार सर्भे सकिएछि कतिवटा सडकबत्ती किन्ने भन्ने निर्क्योल हुनेछ । त्यसपछि मात्रै सडकबत्ती जडान सुरु हुन्छ । यो योजना एक वर्षमा सम्पन्न हुनेछ । सडकबत्ती राख्न महानगर र विद्युत् प्राधिकरणबीच २४ माघमा सम्झौता भएको थियो । सडकबत्ती जडान गर्न ११ करोड ९९ लाख ७४ हजार ९ सय २५ रुपैयाँ लाग्नेछ ।

■ कहाँ-कहाँ राखिँदै छ सडकबत्ती ?

महानगर र प्राधिकरणबीच भएको सम्झौताअनुसार लैनचौर-महाराजगन्ज, माइतीघर मण्डला-बागबजार, बागबजार-शीतलनिवास, सिनामंगल-अन्तर्राष्ट्रिय विमानस्थल, गौशाला-कमलपोखरीसम्म, चाबहिल-जोरपाटीसम्म महानगरको लगानीमा बत्ती जडान हुनेछ । यस्तै, सिनामंगल विमानस्थल-तीनकुने, बानेश्वर, माइतीघर मण्डला, त्रिपुरेश्वर, टेकु, कालीमाटी हुँदै कलंकीसम्म, त्रिपुरेश्वर-लैनचौरसम्म र टुँडिखेलबरिपरि प्राधिकरणको लगानीमा बत्ती जडान हुनेछ ।

■ सञ्चालन र व्यवस्थापनको जिम्मेवारी महानगरलाई

बत्ती जडानपछि यसको सञ्चालन र व्यवस्थापनका लागि महानगरलाई हस्तान्तरण गरिनेछ । २५ मंसिर ०७७ मा पनि काठमाडौं महानगरपालिका, सडक विभाग र विद्युत् प्राधिकरणबीच सडकबत्ती राख्ने सम्झौता भएको थियो । त्यसवेला तत्कालीन मेयर विद्यासुन्दर शाक्यले सम्झौता गरेका थिए । तर, काम भने भएका थिए । महानगरले राख्ने स्मार्ट सडकबत्ती बाल्न र निभाउन मानिसको आवश्यकता पर्दैन । सडकको चहलपहलअनुसार बत्ती बल्ने-निभ्ने हुन्छ । सडकबत्तीलाई केन्द्रबाट कन्ट्रोलसमेत गर्न सकिनेछ । स्मार्ट बत्तीले सवारीसाधनको इम्बोस्ड नम्बर पनि सफा देखिन्छ । सडकबत्ती जडानपछि महानगर क्षेमा हुने सवारी दुर्घटनामा कमी आउने महानगरको अपेक्षा छ । यसअघि, ललितपुरले पनि यस्तै स्मार्ट सडकबत्ती जडान सुरु गरेको थियो । पहिलो चरणमा ६ सय र दोस्रो चरणअर्न्तगत १४ सय स्मार्ट सडकबत्ती जडान गर्ने काम अन्तिम चरणमा पुगिसकेको छ ।

बुधबार उपत्यकामा

सूर्यविनायक : सूर्यविनायक नपा- १ सिरुटार बिरुवा बसपार्कस्थित पार्किङमा राखेको बा.प्र-०१-००६ ख १५१८ नम्बरको बसमा जुवातास खेलिरहेको अवस्थामा सिन्धुपाल्चोक मेलम्ची नगरपालिका- ३ बस्ने २३ वर्षीय जीवन अर्यालसहित नौजनालाई प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाका आधारमा प्रहरी प्रभाग सिरुटारबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ७२ हजार पाँच सय ४५ रुपैयाँ र दुई बुक तासहित फेला पारेको हो ।

जडीबुटी : जडीबुटीमा बा.५ख ३४३७ नम्बरको ट्रिपरले बागमती प्रदेश-०२-०२६ प २१२१ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलमा सवार दोलखा शैलुङ गाउँपालिका- २ घर भई काठमाडौं कोटेश्वर बस्ने ३० वर्षीय झनक थापामगरको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको राष्ट्रिय ट्रमा सेन्टरमा उपचारको क्रममा मृत्यु भएको हो । साथै, दुर्घटनामा घाइते भएका मोटरसाइकलचालकको सिभिल अस्पताल नयाँबानेश्वरमा उपचार भइरहेको छ । ट्रिपरचालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

गौशाला : आठ वर्षअघि गएको महाभूकम्पबाट क्षति भएका विश्वसम्पदा क्षेत्रमा सूचीकृत पशुपति क्षेत्रका ७१ वटा सम्पदा पुनर्निर्माण भएका छन् । यस्तै, चालू आर्थिक वर्षमा तीनवटा सम्पदा निर्माण भइरहेको पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक डा. घनश्याम खतिवडाले जानकारी दिए । १६ वटा सम्पदा अझै पुनर्निर्माण हुन सकेका छैनन् । भूकम्पले क्षति भएका पशुपति क्षेत्रका जयबागेश्वरी, महास्नानघर, कुलानन्द झा सत्तल, गुह्येश्वरस्थित सेतो सत्तल, शंकराचार्य मठस्थित शंकराचार्य मन्दिर, लालगणेश मन्दिर, श्राद्ध पाटी, चौतरिया शिवालय, पन्धशिवालय, अमरकान्तेश्वर मन्दिर, सुरेशकान्तेश्वर मन्दिरलगायत सम्पदा पुनर्निर्माण गरिएको हो । भूकम्पले पशुपति क्षेत्रका ९० वटा सम्पदामा क्षति पुगेको थियो ।

पाटन : राष्ट्रिय भूमि आयोग जिल्ला समिति ललितपुरले ९४ जना भूमिहीन सुकुमबासीहरूलाई जग्गाको निस्सा वितरण गरेको छ । आयोग जिल्ला समिति ललितपुरका संयोजक श्रीगोविन्द महर्जनका अनुसार ललितपुरमा पहिलोपटक बागमती गाउँपालिकाका सुकुमबासीलाई निस्सा वितरण गरेको हो । निस्सा वितरण भएपछि पुर्जा वितरणका लागि आधा काम सम्पन्न भएको मानिन्छ । संयोजक महर्जनले भने, 'अहिलेसम्म चारवटा पालिकामा लागत संकलन सम्पन्न भएको छ । हाल तथ्यांक प्रविष्ट जारी छ । ललितपुर महानगरपालिका र महालक्ष्मी नगरपालिकाले भने सम्झौतामा नै आनाकानी गरिरहेका छन् ।' राष्ट्रिय भूमि आयोग ललितपुरका सदस

■ भुटानी शरणार्थीका नाममा ठगी मुद्दा

थुनछेक बहस नै ११ दिनभन्दा धेरै

शिल्पा कर्ण/नयाँ पत्रिका

नक्कली भुटानी शरणार्थी बनाई नेपाली नागरिकलाई अमेरिका पठाई ठगी गरेको अभियोगमा काठमाडौं जिल्ला अदालतमा चलिरहेको थुनछेक बहस ११औँ दिनसम्म निरन्तर चलेको छ। सामान्यतया एक-दुई दिनमा थुनछेक बहस टुंगिने गर्छ। तर, २१ जेठबाट सुरु भएको बहस बुधबारसम्म निरन्तर छ। प्रतिवादीलाई थुनामा राखेर कि बाहिर राखेर मुद्दा चलाउने भन्ने विषयमा थुनछेक बहस हुनेछ गर्छ। तर शरणार्थी प्रकरणमा मूल मुद्दामै कानुन व्यवसायीले समय धेरै लिएका छन्।

ठगी, किर्ते, संगठित अपराध तथा राज्यविरुद्धको कसुरका मुद्दामा ३० जनालाई प्रतिवादी कायम गरी जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंले दायर गरेको मुद्दामा प्रतिवादीहरूले बढी संख्यामा कानुन व्यवसायी राख्दा तथा उनीहरूले बहस लामो गर्दा हालसम्म पनि थुनछेक आदेश आएको छैन। १० जेठमा सरकारी पक्षले उपस्थित भएका १६ जना तथा १४ जनालाई फरार अभियुक्त बनाउँदै मुद्दा दर्ता गराएको थियो। झन्डै २८ करोड रुपैयाँ बिगो माग दाबी गर्दै दायर भएको मुद्दामा बिहीबार पनि प्रतिवादीका कानुन व्यवसायीले आफ्नो पक्षलाई थुनाबाहिरै राखेर पुर्पक्ष गर्नुपर्ने भन्दै बहस गर्दै छन्।

काठमाडौं जिल्ला अदालतका न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलासमा सुनुवाइ भइरहेको छ। सुरुका तीन दिन सरकारी वकिलले प्रतिवादीहरूलाई थुनामा राख्नुपर्ने भन्दै बहस गरेका थिए। प्रतिवादीहरू पहुँचवाला तथा शक्तिशाली भएकाले यो मुद्दाका प्रमाण नष्ट गर्न सक्ने र जाहेरवालाका साथै मुद्दा प्रभावित बनाउन सक्ने भन्दै सबै प्रतिवादीलाई थुनामा राखेर मुद्दाको पुर्पक्ष गर्नुपर्ने उनीहरूको माग थियो। २१ देखि २३ जेठसम्म नै जाहेरवालाका तर्फबाट पनि कानुन व्यवसायीले पनि बहस सकाएका थिए।

तर, प्रतिवादीले २४ जेठबाट बहस सुरु गरेकोमा सातौं दिनसम्म पनि बहस निरन्तर छ। न्यायाधीश न्यौपानेले ३१ गतेसम्मको समय प्रतिवादीका कानुन व्यवसायीलाई दिए पनि सो अवधिभित्र उनीहरूको बहस सकिएको छैन। विशेषगरी पूर्वगृहमन्त्री तथा काँग्रेसका केन्द्रीय सदस्य बालकृष्ण खाणका तर्फबाट झन्डै तीन दर्जन कानुन व्यवसायीले वकालतनामा हालेकोमा एक दर्जनले त इजलासमा बहस नै गरे। उनका कानुन व्यवसायीको बहस नै एक दिनमा सकिएन।

पूर्वसांसद आडटावा शेर्पा, तत्कालीन गृहसचिव टेकनारायण पाण्डे, हज समितिका अध्यक्ष शमशेर मियाँसहितका प्रतिवादीको कानुन व्यवसायी पनि तीनजनाभन्दा बढी थिए। अझै पनि भुटानी



शरणार्थीका नेता टेकनाथ रिजाल तथा हरिभक्त र लक्ष्मी महर्जनका कानुन व्यवसायीको बहस बाँकी नै छ। कानुन व्यवसायीहरूले उस्तै-उस्तै कुरा दोहोऱ्याउँदा र इजलासले पनि समय व्यवस्थापन गर्न नसक्दा यस मुद्दाको बहस एघारौं दिनसम्म लम्बिएको हो।

बुधबार खाण र शेर्पाका तर्फबाट कानुन व्यवसायीले बहस सकेका छन्। खाणका तर्फबाट वरिष्ठ अधिवक्ताहरू सुरेन्द्र महतो, रमण श्रेष्ठ र गोपालकृष्ण घिमिरेले बहस गरेका थिए। पूवमहान्यायाधिवक्ता खम्मबहादुर खातीले समेत

साना तथा मझौला व्यापार सम्वृद्धिको आधार, सोच अनुसार रोजे बैंक सपना हुन्छ साकार।
EVEREST SME LOAN
एभरेष्ट बैंक

खाणलाई थुनाबाहिर राखेर मुद्दाको पुर्पक्ष गर्नुपर्ने भन्दै बहस गरेका थिए।

नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले खाणलाई साधारण तारेखमा रिहा गर्नुपर्ने माग गर्दै इजलाससामु भने, 'मेरो पक्षको सार्वजनिक जीवन समाप्त पार्ने उद्देश्यले मुद्दा लगाउनु गलत हो श्रीमान्। उहाँको पोलिटिकल डिफर्मेसनको क्षतिपूर्ति कसले दिने ? उहाँ महत्त्वपूर्ण दलको सभापति बन्ने व्यक्ति हो। उहाँको बदनामी भएको छ।' प्रमाण संकलन नगरी हचुवाका भरमा अभियोजन गरिएको दाबी उनले गरेका थिए।

अधिवक्ता ललित बस्नेतले ठगीको जाहेरी लिइएकोमा मुद्दा कसरी परिवर्तन भयो भनी प्रश्न गरेका थिए। साथै, लिखित बयान र मोबाइलमा भिडियो तथा अडियोसमेत रेकर्ड गरिएकोप्रति उनले आपत्ति जनाए। 'सरकारी वकिलको मात्र लिखित बयान हुनुपर्ने हो। यो मुद्दामा मोबाइलले बयान रेकर्ड गर्न अनुमति त लिनुपर्ने होला नि ! यो दूषित अभियोजन हो,' उनले भने। खाण गृहमन्त्री हुँदा भुटानी शरणार्थीका नाममा ठगी भइरहेको भनी सूचना निकालिएको भन्दै अधिवक्ता बस्नेतले देशकै प्रतिष्ठित तथा जनताको सेवा गर्ने मान्छेलाई यस प्रकरणमा अनावश्यक रूपमा मुछिएको दाबी गरे।

पूर्वमहान्यायाधिवक्ता खातीले सञ्चारमाध्यमले सरकारी वकिलभन्दा अगाडि नै दोषी देखाइदिने प्रवृत्तिले आफ्नो पक्षलाई अन्यायमा पारेको बताएका थिए। शरणार्थीसम्बन्धी कार्यदल गठन नीतिगत निर्णय भएको भन्दै उक्त निर्णयउपर कुनै अदालतमा प्रश्न उठाउन नमिल्ने व्यवस्था रहेको दाबी गरे। सरकारी वकिलले अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा प्रतिवादीउपर अनुसन्धानका लागि लेखी पठाउने निर्णय गरेकोप्रति पनि प्रश्न गरे। जसरी पनि आफ्नो पक्षलाई थुनामा राख्ने नियतले अभियोगपत्र तयार भएको र विभिन्न निकायमा पत्राचार गरिएको उनको भनाइ थियो।

'अदालतमा मुद्दा छ, संसद्मा कराएका-कराये छन्। फलानोलाई कारबाही गर्नुपर्छ, फलानोलाई धन्यवाद छ, बधाई छ भनेर भन्छन् हाम्रा पार्लियामेन्टरियन,' खातीले भने, 'मेरो पक्षले प्रमाण नष्ट गर्न सक्ने हैसियत राख्दैन। भागेर जाने होइन। प्रतिष्ठित व्यक्ति हो। देश र जनताको लागि थुप्रै काम गरेको हो श्रीमान्।' उनले टोपबहादुर रायमाझीले राम्रो मतले जितेको तथा शरणार्थी नेता रिजाल पनि असल व्यक्ति रहेको भन्दै यस प्रकरणमा उनीहरूको संलग्नता हुन नसक्ने दाबी गरे।

खाजा समयपछि इजलासमा हज कमिटीका अध्यक्ष शमशेर मियाँका तर्फबाट बहस भएको थियो। अधिवक्ता ऋषिराम घिमिरेले भने, 'ठगी

■ गोपालकृष्ण घिमिरे, अध्यक्ष, नेपाल बार एसोसिएसन



मेरो पक्षको सार्वजनिक जीवन समाप्त पार्ने उद्देश्यले मुद्दा लगाउनु गलत हो श्रीमान्। उहाँको पोलिटिकल डिफर्मेसनको क्षतिपूर्ति कसले दिने ? उहाँ महत्त्वपूर्ण दलको सभापति बन्ने व्यक्ति हो। उहाँको बदनामी भएको छ।

■ खम्मबहादुर खाती, पूर्वमहान्यायाधिवक्ता



अदालतमा मुद्दा छ, संसद्मा कराएका-कराये छन्। फलानोलाई कारबाही गर्नुपर्छ, फलानोलाई धन्यवाद छ, बधाई छ भनेर भन्छन् हाम्रा पार्लियामेन्टरियन। मेरो पक्षले प्रमाण नष्ट गर्न सक्ने हैसियत राख्दैन। भागेर जाने होइन। प्रतिष्ठित व्यक्ति हो। देश र जनताको लागि थुप्रै काम गरेको हो श्रीमान्।

मुद्दामा गाडी प्रयोग भयो भन्ने अभियोजन हेर्दा त्यो गाडी प्रयोग गरेबापत मेरो पक्षले कति रकम लियो, कस्तो लाभ लियो ? त्यो कुरा पुष्टि नभईकन प्रतिवादी कायम गर्न मिल्छ ?' अधिवक्ता अनिता अधिकारीले कोरोनाका कारण लकडाउन भएको र मियाँले मानवीय नाताले गाडी दिएको दाबी गरिन्। घरमा श्रीमती बिरामी रहेको भन्दै गाडी माग्न आएपछि मियाँले गाडी दिएको र उनलाई आपराधिक कार्यका लागि गाडीको प्रयोग हुँदै छ भन्ने जानकारी नरहेकाले यस प्रकरणमा उनलाई मुछ्न नमिल्ने र साधारण तारेखमा रिहा गर्नुपर्ने माग उनले इजलाससामु गरिन्।

'यदि अपराधका लागि प्रयोग हुँदै छ भन्ने थाहा भएको भए उहाँ आफैंले चलाउनुहुन्थ्यो होला। ड्राइभर किन पठाउनुहुन्थ्यो ? ड्राइभरले बाहिर भन्देला भन्ने डर हुन्थ्यो होला। उहाँले न्यूनतम मानवीय संवेदनाका हिसाबले गाडी दिनुभयो। त्यो अपराधको लागि प्रयोग हुनेछ भन्ने उहाँलाई जानकारीसमेत थिएन,' उनले भनिन्। अभियोजन पक्षले कुन मितिमा गाडी प्रयोग भएको सोसमेत यकिन भन्न नसकेको अवस्थामा आफ्नो पक्षलाई प्रतिवादी बनाइएको उनको भनाइ थियो।

अधिवक्ता रवीन्द्र भट्टराईले समेत मियाँको पक्ष लिँदै उनलाई साधारण तारेखमा रिहा गर्न माग गरे। 'अभियोजन पक्षले गाडी दिनु कुन कानुनअनुसार गलत हो, त्यो पनि पुष्टि गर्न सकेको छैन। गृहले मेरो पक्षलाई उपलब्ध गराएको त्यो गाडी आफैं विद्युत प्राधिकरणको हो। त्यसरी दिन नपाउने हो भने गृहले प्राधिकरणको गाडी कसरी कुन अख्तियारीले मेरो पक्षलाई दियो ?' उनले प्रश्न गरे।

गृहमन्त्री श्रेष्ठ भन्छन्–

थप अनुसन्धान हुँदा आफू पनि पर्ने भयले केही तर्सिएका छन्



काठमाडौं/ उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले नक्कली भुटानी शरणार्थी प्रकरणमा थप अनुसन्धान अघि बढेको बताएका छन्। राष्ट्रिय सभाअन्तर्गतको राष्ट्रिय सरोकार समितिमा बुधबार सांसदहरूका प्रश्नको जवाफ दिने क्रममा उनले थप अनुसन्धानबाट दोषीहरूमा आफू पनि समातिने त्रास बढेको, तर सरकारले कसैलाई नछाड्ने बताए।

प्रहरीले स्वतन्त्र, निष्पक्ष छानबिन र अनुसन्धानको प्रक्रिया अगाडि बढाएर त्यससम्बन्धी अनुसन्धानका क्रममा दोषी देखिएकालाई अभियोजनको प्रक्रियामा अदालतमा पुऱ्याएको उल्लेख गर्दै उनले थप अनुसन्धान गर्ने क्रम पनि जारी रहेको बताए। 'थप अनुसन्धानका क्रममा तथ्य-प्रमाण देखा परे सरकारले छोड्दैन। थप अनुसन्धान हुँदै गर्दा केही तर्सिएका पनि छन्। आफू पनि पर्ने हो कि भनेर संशकित भएको सुन्छु। संलग्न अपराधीहरू तर्सिनु सुखद हो। जो-जो दोषी छन्, अपराध कर्ममा संलग्न छन्, तिनीहरूमा अब सरकारले छोड्दैन भन्ने परेको छ भने ठीक हो। तर, निर्दोष कोही आतंकित हुनुपर्दैन, कोही निर्दोष फस्ने छैन। तर, दोषी कसैलाई नछोड्ने मान्यतामा अहिले काम भइराखेको छ। अहिलेसम्म प्रहरीको अनुसन्धान पनि निर्धारित कार्यपद्धतिभन्दा बाहिर गएको छैन,' उनले भने।

सांसदहरूले गृहमन्त्री श्रेष्ठसँग राष्ट्रिय सुरक्षा नीति, २०७५ सार्वजनिकको विषयमा पनि प्रश्न गरेका थिए। 'परराष्ट्र नीति र राष्ट्रिय सुरक्षा नीतिमा एकरूपता हुनुपर्छ। यसमा हामीले बारम्बार जोड दिइरहेका छौं। पार्टीगत स्वार्थ र हितका आधारमा बोल्नु, आलोचना गर्नु वा व्यवहार गर्नु उपयुक्त छैन। यसले राष्ट्रिय सामूहिकता, हित र सुरक्षालाई कमजोर पार्छ। स्वतन्त्र परराष्ट्र नीति अवलम्बन, छिमेकी राष्ट्रसँग असल सम्बन्ध, राष्ट्रिय सुरक्षा प्रवर्द्धन यसका लागि देशभित्र राष्ट्रिय सहमति र एकता सरकारले केन्द्रमा राखेको छ र प्रतिबद्ध छ,' उनले भने।

सुरक्षा निकायको सुविधा थप्न अर्थ मन्त्रालयबाट थप बजेट प्राप्त भएको र सरकारको ध्यान रहेको उनले बताए। मन्त्री श्रेष्ठले सुरक्षा प्रणालीमा चेन अफ कमान्ड कमजोर पारेर सुरक्षा निकाय परिचालन हुन नसक्ने बताए। 'अहिले चेन अफ कमान्डलाई सुस्पष्ट रूपमा सुदृढ बनाइएको छ। सुरक्षाकर्मी परिचालन र जिम्मेवारी प्रदानका सन्दर्भमा थुप्रै कमी-कमजोरी रहेका छन्। तर, अहिले प्रणालीमा लाने र चेनअफ कमान्डमा चलाउने कुरामा जोड दिइरहेका छौं,' उनले भने।

गृहमन्त्री श्रेष्ठले सरकारले छिटोभन्दा छिटो संविधानले दिएको हकअनुसार कानुन बनाएर नागरिकता दिनुपर्नेमा अदालतले भनेको मान्नुपर्ने अवस्था आएको बताए। अदालतले यो अप्ठेरो बुझिदिनुपर्ने उनको भनाइ थियो। नागरिकले धेरै पीडा पाएकाले अदालतले छिट्टै आवश्यक निर्णय गर्ने आशा उनले व्यक्त गरे।

समितिले जिल्ला निर्वाचन कार्यालय खारेज गरी प्रशासनमातहत ल्याउने प्रस्ताव पुनरावलोकन गर्न निर्देशन दिएको छ। समिति सभापति दिलकुमारी रावलले संविधानको भावनाबमोजिम आवधिक निर्वाचन स्वतन्त्र, स्वच्छ, निष्पक्ष, विश्वसनीय तवरले सम्पन्न गराउने निर्वाचन आयोगसँग परामर्श गरी उक्त प्रस्ताव पुनरावलोकन गर्न सरकारलाई निर्देशन दिएकी हुन्। 'संविधानबमोजिम आयोगले आफ्नो काम पूरा गर्न आवश्यक कर्मचारी र अन्य सरसहयोग सरकारको दायित्व रहेकोमा आयोगलाई निर्वाचन स्वतन्त्र, निष्पक्ष, मर्यादित रूपमा सम्पन्न गराउन सरकारले आवश्यक सहयोग गर्नुपर्नेसमेत निर्देशन गर्दछु,' उनले भनिन्।

शल्यक्रिया गर्दा चिकित्सकले पेटमै कपास राखेर सिलाइदिए

३१ सेन्टिमिटर आन्द्रा काट्नुपरेपछि हिँड्डुल गर्न नसक्ने अवस्थामा रिंकुकुमारी

सिराहामा सुरेन्द्रकुमार कामती

महोत्तरीको गौशाला नगरपालिका- १० बटौवा टोलका अजयकुमार महतोले श्रीमतीको उपचारमा गम्भीर लापरबाही गर्ने चिकित्सकविरुद्ध कारबाही गर्न माग गर्दै प्रहरी प्रशासन गुहारेका छन्। तर, प्रहरी प्रशासनले जाहेरी दर्ता नगरिदिँदा उनी चिन्तामा परेका छन्।

अजयले श्रीमती रिंकुकुमारी सिंहको शल्यक्रिया गर्ने प्रादेशिक अस्पताल सिराहाका चिकित्सक डा. तेजशंकर यादवमाथि कारबाहीको माग गर्दै २५ जेठमा जिल्ला प्रहरी कार्यालय सिराहामा किटानी जाहेरी दिएका छन्। रिंकुको शल्यक्रिया गर्ने क्रममा डा. यादवले गम्भीर लापरबाही गरेका रहेछन्। सर्जरी गर्ने क्रममा गज पिसको रगतले लत्पतिएको कपासको डल्ला बाहिर ननिकाल्दै सिलाइएको रहेछ। रगत लागेको कपास पेटभित्रै हुँदा कुहिएर उनको आन्द्रामा असर गऱ्यो। जसकारण फेरि शल्यक्रिया गरी उनको ३१ सेन्टिमिटर आन्द्रा काटेर फालिएको छ। जसकारण अहिले रिंकु हिँड्डुल गर्ने अवस्थामा छैनन्। शल्यक्रियाका क्रममा चिकित्सकले गरेको लापरबाहीले आफ्नी श्रीमतीलाई जीवनभर मानसिक तनाव हुन सक्ने भन्दै कारबाही र क्षतिपूर्तिको माग गरेको अजयले बताए।

तर, एक साता पुग्न लाग्दा पनि प्रहरीले जाहेरी दर्ता गरेको छैन। जिल्ला प्रहरी कार्यालय सिराहाका अपराध अनुसन्धान शाखाका इन्चार्ज रामचन्द्र साहले चिकित्सा क्षेत्रको विषय भएकाले जाहेरी दर्ता नगरे पनि आवश्यक अनुसन्धान गरिरहेको दाबी गरे। प्रादेशिक अस्पतालबाट बुझ्ने र शल्यक्रिया गर्ने चिकित्सकलाई बोलाएर सोधपुछको काम



भइरहेको भन्दै उनले घटना सम्बन्धमा थप प्रस्ट भएपछि जाहेरी दर्ता गरिने जानकारी दिए।

शल्यक्रिया गर्ने डा. तेजशंकर प्रादेशिक अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. नागेन्द्रप्रसाद यादवका भतिजा हुन्। उनी अहिले भतिजा जोगाउन अर्कै डाक्टरलाई फसाउन लागिपरेका छन्। प्रहरीले प्रादेशिक अस्पताल सिराहालाई पत्र पठाउँदै बिरामीको शल्यक्रिया गर्ने चिकित्सकको नाम मागेको थियो। प्रादेशिक अस्पताल सिराहाले २८ जेठमा जिल्ला प्रहरी कार्यालय (अपराध अनुसन्धान शाखा) लाई च.नं. ३२६ मार्फत पठाएको पत्रमा सर्जरी डा. राकेश सिंहले गरेको उल्लेख छ। डा. सिंहलाई प्रहरीले सोधपुछ गरेको छ। उनले आफूले रिंकुकुमारीको सर्जरी नगरेको प्रहरीलाई जानकारी गराएको नयाँ पत्रिकालाई बताए। 'जिल्ला प्रशासन कार्यालयमा पनि निवेदन दिएको छु,' डा. सिंहले भने, 'मैले रिंकुको सर्जरी गरेको छैन। यसमा मलाई मुछ्न खोजिएको हो। प्रहरीले

■ **अजयकुमार महतो**, रिंकुकुमारीका श्रीमान्



सात महिनाको बच्चा र श्रीमतीको हेरचाहको जिम्मेवारी ममाथि छ। एकातिर न्यायको लडाइँमा छु। अर्कोतिर श्रीमती र बच्चाको केयर गर्नुपर्छ। प्रहरीले जाहेरी दर्ता नगर्दा अन्याय महसुस भइरहेको छ।

बोलाएपछि आश्चर्य लाग्यो। मेरो नाम सर्जनमा राखेर फसाउन खोजेको छ। छानबिन हुनुपर्छ।'

रिंकुकुमारी सिंहको सर्जरी डा. तेजशंकर यादवले गरेको अस्पतालको कागजातबाट पुष्टि हुन्छ। 'गाइने/ओब्स' रजिस्ट्रमा ७८ नम्बरमा रिंकुको नाम र सर्जरी गरेको चिकित्सक, असिस्ट गरेको अर्को चिकित्सक र अप्रेसनमा सहभागी स्वास्थ्यकर्मीको नाम उल्लेख छ। जसअनुसार रिंकुको सर्जरी डा. तेजशंकर यादव (रजिस्ट्रमा छोटोमा अंग्रेजीमा टिएसवाई) लेखिएको छ। असिस्ट गर्ने चिकित्सकमा डा. आरकेएस, सरोज, लालपरी र ममताको नाम उल्लेख छ। डा. तेजशंकर स्त्रीरोग विशेषज्ञ हुन्। मातृ तथा नवजात शिशु सेवा रजिस्ट्रमा पनि सुत्केरी गराउने स्वास्थ्यकर्मीको नाउँमा डा. तेजशंकर यादव लेखिएको छ।

प्रादेशिक अस्पताल सिराहाका सूचना अधिकारी अशोककुमार सिंहले रिंकुको शल्यक्रिया प्रादेशिक अस्पतालमै भए पनि कुन चिकित्सकले गरेको हो भन्ने आफूलाई जानकारी नभएको बताएका छन्। यस विषयमा मेसु डा. नागेन्द्रप्रसाद यादवलाई जानकारी हुन सक्ने भन्दै उनी पन्छिए। मेसु डा. यादवसँग कुराकानी गर्न खोज्दा उनी सम्पर्कमा आउन चाहेनन्।

सादा पोसाकमा गएका इन्स्पेक्टरले ड्युटीमा रहेका पाँच सहकर्मी कुटे

गोरु तस्करी गर्न सघाएको र ड्युटी राम्रो नगरेको आरोप

झापामा चिरञ्जीवी घिमिरे

सशस्त्र प्रहरी बलका एक प्रहरी निरीक्षकले ड्युटीमा खटिएका प्रहरीमाथि कुटपिट गरेका छन्। सशस्त्र प्रहरी निरीक्षक नवलप्रभात राईले ड्युटीमा खटिएका तल्लो दर्जाका प्रहरीमाथि तस्करी गरेको आरोपमा कुटपिट गरेका हुन्। सशस्त्र प्रहरी बल नम्बर १ बराह बाहिनीबाट अनुगमनमा आएको बहाना बनाउँदै सादा पोसाकमा खटिएका सशस्त्र प्रहरी निरीक्षक राईसहितको टोलीले झापाको मेचीनगरस्थित नेपाल-भारत सीमा नकलबन्दामा ड्युटीमा खटिएका सशस्त्र प्रहरीमाथि मंगलबार राति कुटपिट गरेका हुन्।

कुटपिटबाट नकलबन्दा बिओपीबाट खटिएका सशस्त्र प्रहरी वरिष्ठ हवल्दार पासाङ तामाङ, सशस्त्र प्रहरी हवल्दार रामबहादुर कार्की, गणेश तामाङ र सहायक हवल्दार शान्तबहादुर राई तथा जवान उमेश राजवंशी घाइते भएका हुन्। उनीहरूको शरीरका विभिन्न भागमा नीलडाम देखिएको छ। स्रोतका अनुसार प्रहरी निरीक्षक राईसहित सशस्त्र प्रहरी बल नम्बर १ बराह बाहिनीबाट आएको टोलीले उनीहरूलाई मेची नदीको पानीमा चोबल्दै भाटाले हानेका थिए। उनीहरूलाई मंगलबार राति ८ बजे सीमाबाट गोरु छाडेको भन्दै कुटपिट गरेका थिए।



सशस्त्र प्रहरी स्रोतका अनुसार झापाबाट तस्करी हुने गरेको सूचना आएपछि सशस्त्र प्रहरी बल नम्बर १ बराह बाहिनीका प्रमुख प्रहरी नायब महानिरीक्षक अञ्जनीकुमार पोखरेलले राईसहितको टोलीलाई छड्के अनुगमनका लागि पठाएका थिए। अनुगमनमा आएका उनीहरूले ड्युटीमा पोसाकमै रहेका प्रहरीलाई कुटपिट गरेपछि स्थानीय आक्रोशित भएका थिए। राति केही समय नकलबन्दा तनावग्रस्त भएको थियो। ड्युटीमा बसेका प्रहरीलाई कुटपिट गरेपछि आक्रोशित स्थानीयले नाराबाजी गर्दै नकलबन्दा बिओपीको गाडीसमेत तोडफोड गरेका थिए। त्यसपछि सशस्त्र प्रहरी बल २ नम्बर गणका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक देवराज अर्याल पुगेर ड्युटीमा रहेका प्रहरीलाई कुट्नेमाथि कारबाही गर्ने प्रतिबद्धता जनाएपछि स्थानीय शान्त भएका थिए। कुटपिटमा संलग्न प्रहरी निरीक्षक राईसहितको टोलीलाई सशस्त्र प्रहरी बल २ नम्बर गण भद्रपुरमा ल्याइएको थियो। उनीहरूलाई बुधबार नै बाहिनीमा बुझाइएको छ।

सशस्त्र प्रहरी स्रोतका अनुसार घटनाको छानबिन गर्ने सशस्त्र प्रहरी बल नम्बर १ बराह बाहिनीका सशस्त्र प्रहरी उपरीक्षक विक्रम हुमागाईंको संयोजकत्वमा छानबिन समिति बनेको छ। समितिले झापा आएर काम सुरु गरिसकेको छ। सशस्त्र प्रहरी बलका केन्द्रीय प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्र खड्काले छानबिन समितिले अनुसन्धान गरिरहेको जानकारी दिए। 'छानबिन टोलीले स्थलगत रूपमा गएर अध्ययन-अनुसन्धान गर्छ। त्यही अध्ययनले के प्रतिवेदन निकाल्छ त्यसपछि मात्र घटनाबारे भन्न सकिन्छ। प्रतिवेदनपछि मात्र यथार्थ भन्न सकिन्छ,' उनले भने, 'यसरी कुटपिट गर्न पाइँदैन। कुटनु दण्डनीय हुन्छ।' अध्ययनपछि दोषी भेटिएमा सशस्त्र प्रहरी नियमावली, २०७२ अनुसार कारबाही गर्ने उनले बताए।

महिलाको पेटबाट निकालियो नौ केजीको ट्युमर

झापा/ दमक अस्पतालले एक महिलाको पेटबाट नौ केजीको ट्युमर र एक केजीको ऐँजेरु निकालेको छ। अस्पतालले बुधबार शल्यक्रियामार्फत पाँचथर कुम्मायक- ३ की ४८ वर्षीया कमला तामाङको पेटबाट ट्युमर र ऐँजेरु निकालेको हो। उनको डिम्बासयमा नौ केजीको ट्युमर र पाठेघरबाट एक केजीको ऐँजेरु निकालिएको अस्पतालले जनाएको छ। पहिलोपटक यति ठूलो ट्युमरको शल्यक्रिया गरेको अस्पतालकी सूचना अधिकारी देवी दंगालले जानकारी दिइन्।

अस्पतालकी स्त्रीरोग विशेषज्ञ डा. दीप्ति कुँवर, फिजिसियन डा. योगेश चेम्जोङ, एनेस्थेसियोलोजिस्ट डा. उद्धव अधिकारीलगायतको टोलीले दुई घन्टा लगाएर ट्युमरको सफल शल्यक्रिया गरेको दंगालले जानकारी दिइन्। उनका अनुसार कमला ६ महिनाअघि दमक अस्पताल आएकी थिइन्। उनी ६ महिनाअघि नौ महिनाको गर्भवतीजस्तो देखिने पेट लिएर आएकी थिइन्। '६ महिनाअघि डाक्टरलाई देखाएर जानुभयो। डाक्टरले अप्रेसन गर्नुपर्छ भनेपछि उहाँ जानुभएको थियो। उहाँलाई अप्रेसनका लागि १ चैतको समय पनि दिइएको थियो। कसले हो एक लाख लाग्छ भनेर हल्ला गरेछ। उहाँ पैसाको जोहो गर्न जानुभएको रहेछ,' उनले भनिन्, 'तर, सरकारी अस्पतालमा न्यूनतम खर्चमै अप्रेसन हुन्छ। विपन्नलाई निःशुल्क पनि हुन्छ। उहाँको सबै गर्दा १५ हजार खर्च भयो। फिर्ता गरौं भनेर सोधेका थियौं। तर, यति तिर्न सक्छौं भन्नुभयो।'

शल्यक्रियामा संलग्न डा. दीप्ति कुँवरका अनुसार अहिले ती महिला खतरामुक्त छिन्। कमलाको पेटबाट दश केजी मासु निकालिएको उनले बताइन्। उनी ६ महिनाअघि पेट सुन्निएको भन्दै आफूकहाँ आएको कुँवरले बताइन्। 'सुरुमा लडेर पेट सुनिएको भन्दै आउनुभयो। मलाई अस्वाभाविक लाग्यो र सिटिस्क्यान गराएँ। त्यसक्रममा ट्युमर र ऐँजेरु देखियो,' उनले भनिन्, 'उहाँको यो ट्युमर बढ्न करिब ६-७ वर्ष लागेको हुनुपर्छ। एकैपटकमा हुँदैन।' शल्यक्रियाबाट ट्युमर निकालिएकी महिला अविवाहित हुन्। अविवाहितमा यस्तो समस्या देखिने कुँवर बताउँछिन्। 'बच्चा नजन्माएका महिलाको पाठेघरमा ऐँजेरु पलाउने र ट्युमर देखिने सम्भावना रहन्छ। उहाँको उमेर पनि ४८ वर्ष छ। यो समस्या वंशाणुगत पनि हुन्छ। महिनावारी समयमा नहुने महिलामा हर्मोन गडबड हुँदा पनि यो समस्या देखिन्छ,' उनले भनिन्, 'यस्तै, धेरै गर्भनिरोधक औषधि प्रयोग गर्ने र जाँडरक्सी सेवन गर्नेमा पनि यस्तो समस्या देखिन्छ।'

नेपाल टेलिकमको
अत्यन्त जरूरी सूचना !
हाल केही दिन यता "नेपाल टेलिकमका विभिन्न शाखाहरुमा काम गर्न Vacancy खोलिएको" भनेर कम्पनीका पदाधिकारीका नाम समेत जोडी विभिन्न फेसबुक ग्रुप र म्यासेन्जर तथा ह्वाट्सएप लगायतका सामाजिक सञ्जालमार्फत गलत सूचना प्रवाह भएको सम्बन्धमा यस कम्पनीको गम्भीर ध्यानाकर्षण भएको छ।
कम्पनिको कर्मचारी आवश्यकता सम्बन्धी सूचना गोरखापत्र राष्ट्रिय दैनिक, लोक सेवा आयोग र कम्पनीको वेबसाइटमा सार्वजनिक गर्ने गरिएकोले आधिकारिक माध्यमबाट सम्प्रेषित सूचनालाई मात्र ग्रहण गरिदिनुहुन हार्दिक अनुरोध गरिन्छ।
राष्ट्रको सञ्चार
नेपाल टेलिकम

सवारी साधन बिक्रीको लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक २०८० जेठ ३२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित)

यस फाइनान्सको स्वामित्वमा रहेको देहाय बमोजिमको पुरानो सवारी साधन (जिप) जे जस्तो अवस्थामा छ सोही अवस्थामा बिक्री गर्नुपर्ने भएको हुदाँ यो सूचना प्रकाशित भएको मितिले २१ **दिन भित्र** इच्छुक व्यक्ति/फर्म/कम्पनीहरुबाट शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिएको छ ।

बिक्री हुने सवारी साधनको विवरण :

Registered no.	Model	CC	Year Made	Engine No.	Chasis No.
Ba 16 Cha 7464	Renault Duster	1461	2016	E015381	MEEHSRCFKGA003945

शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्र पेश गर्न चाहने इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात तथा फर्म/कम्पनीले दर्ता प्रमाणपत्र (नविकरण गरिएको स्थायी लेखा नम्बर लिएको वा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र) का साथमा खरिद गर्ने आधिकारिक निर्णय माइन्युटको प्रमाणित प्रतिलिपि यस संस्थाको प्रधान कार्यालयमा पेश गर्नु पर्नेछ ।
३. गोप्य शिलबन्दी बोलपत्र कार्यालय समय भित्र पेश गर्नु पर्नेछ ।
४. बोलपत्र साथ आफुले लिन चाहेको रकमको कम्तिमा १०% धरौटी रकम यस संस्थाको खाता नं. ९१७१०५०१००७० मा जम्मा गरी सोको सक्कल भौचर वा गुड फर पेमेन्टको चेक पेश गर्नु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र बाँकी रकम जम्मा गरी सवारी साधनको नामसारी गरी लिई सक्नुपर्नेछ । अन्यथा धरौटी रकम जफत गरिने छ ।
६. बोलपत्रको फारम यस संस्थाको प्रधान कार्यालयको, समान्य सेवा विभाग वा सम्बन्धित शाखाबाट प्रति फारम रु.१,०००/-(एक हजार मात्र) (फिर्ता नहुने) भुक्तानी गरि खरिद गर्न सकिनेछ ।
७. बिक्री हुने सवारी साधन हेर्न, बुझ्न चाहनेले कार्यालय समय भित्रमा यस कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ ।
८. प्राप्त बोलपत्र स्वीकृत गर्ने, अस्वीकृत गर्ने वा खारेज गर्न सक्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित हुनेछ ।
९. थप जानकारीको लागि यस संस्थाको सामान्य सेवा विभागमा सम्पर्क गर्नुहुन अनुरोध छ ।
१०. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २२ औं दिन संस्थाको प्रधान कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । तर, बोलपत्रदाताहरुको उपस्थिति अनिवार्य हुने छैन । यदि बोलपत्र खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलीपल्ट कार्यालय खुलेको दिन शिलबन्दी बोलपत्र खोलिने छ ।

शिलवन्दी बोलपत्र खोलिने मिति : २०८०/०३/२१ गते बिहीबार
स्थान : प्रधान कार्यालय, कमलादी, काठमाण्डौं, समय : दिउँसो ३:०० बजे

BFC BEST FINANCE COMPANY LTD. बेष्ट फाइनान्स कम्पनी लि.
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था

केन्द्रीय कार्यालय : बेष्ट भवन, कमलादी, काठमाण्डौं
फोन : ०१-४५४२४६१/६२/६३

■ कोसी सरकारले ल्यायो नीति तथा कार्यक्रम

संसद् अधिवेशन अन्त्य, अध्यादेशबाट बजेट ल्याउने तयारी

विराटनगरमा **गणेश लम्साल**

माओवादीले समर्थन फिर्ता लिएपछि अल्पमतमा परेको कोसी प्रदेश सरकारले नीति तथा कार्यक्रम ल्याएसँगै बजेट अधिवेशन अन्त्य भएको छ । अध्यादेशबाट बजेट ल्याउने तयारीस्वरूप सरकारले बजेट अधिवेशन अन्त्य गराएको हो । सरकारले असंवैधानिक काम गरेको भन्दै प्रतिपक्षी दलहरूले चर्को विरोध जनाएका छन् भने सत्तापक्षीय दल एमाले र राप्रपाले बाध्यात्मक अवस्थामा मुख्यमन्त्रीले आफ्नो अधिकार प्रयोग गरेको भन्दै बचाउ गरेका छन् ।

बुधबारको प्रदेश सभा बैठकमा प्रदेश प्रमुख परशुराम खापुङले आगामी आर्थिक वर्षका लागि तयार पारिएको नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए । लगत्तै सरकारको सिफारिसमा प्रदेश प्रमुखबाट अधिवेशन अन्त्यको घोषणा भएको छ । मुख्यमन्त्री हिक्मतकुमार कार्की नेतृत्वको सरकारले २४ जेठमै नीति तथा कार्यक्रम ल्याउने तयारी गरेको थियो । तर, गठबन्धनमा रहेको माओवादी समर्थन फिर्ता लिँदै सरकारबाट बाहिरिएपछि अल्पमतमा परेको सरकारले एक सातापछि नीति कार्यक्रम ल्याएको हो ।

नीति कार्यक्रममा संविधानका साझा अधिकार लिन प्रयत्न गर्ने, दिगो विकासका लक्ष्य हासिल गर्न पहल गर्ने, दलहरूको घोषणा कार्यान्वयनमा जोड दिने, प्रदेश गुरुयोजना कार्यायोजना लागू गराउनेजस्ता कार्यक्रम उल्लेख छन् । यसैगरी, आवधिक योजना पूरा गराउन पहल गर्ने, संघीयता दिगो रूपले कार्यान्वयन गराउन पहल गर्ने, प्रदेश सभाले निर्माण गरेका कानुन कार्यान्वयन गराउन विशेष चासो दिनेलगायत कार्यक्रम ल्याएको छ ।

■ विपक्षी दलहरूको चर्को विरोध

अल्पमतको सरकारले नीति कार्यक्रम ल्याएको भन्दै विपक्षी दलहरूले चर्को आलोचना गरेका छन् । प्रमुख प्रतिपक्षी दल कांग्रेसका सांसद केदार कार्कीले अल्पमतको सरकारले झारा टार्ने तरिकाले नीति कार्यक्रम प्रस्तुत गराएर बजेट अधिवेशन अन्त्य गराई अध्यादेशबाट बजेट ल्याउन लागेको भन्दै आलोचना गरे । संसद्मा विश्वासको मत नलिई नीति कार्यक्रम ल्याएर तथा अध्यादेशबाट बजेटको तयारी गरेर सरकारले प्रदेशका जनताको अपमान गरेको आरोप लगाए ।

एकीकृत समाजवादीका नेता तथा पूर्वमुख्यमन्त्री राजेन्द्रकुमार राईले नीति कार्यक्रममा छलफल नै नगराई संसद् अन्त्य गरेर अध्यादेशमार्फत बजेट ल्याउने गलत दिशातिर सरकार अघि बढेको बताए । 'हामी चाहन्छौं, सरकारले असंवैधानिक काम नगरोस् । पहिले विश्वासको मत लियोस्,' उनले भने । माओवादी सांसद गणेश उप्रेतीले संविधानको धारालाई बेवास्ता गरेर अध्यादेशमार्फत बजेट ल्याउन खोज्नु संविधानको उल्लंघन हुने प्रतिक्रिया जनाए । 'नियमित चलिरहेको अधिवेशन अन्त्य गराएर अध्यादेशमार्फत बजेट ल्याउने तयारी गर्नु असंवैधानिक कदम हो,' सांसद उप्रेतीले भने, 'यस्तो अभ्यासले संघीयता बदनाम हुन्छ ।'

सत्तापक्षका सांसदहरूले भने नीति कार्यक्रम र बजेट सरकारको बाध्यता रहेको बताएका छन् । एमालेका प्रमुख सचेतक रेवतीरमण भण्डारीले अल्पमतमा परे पनि नीति कार्यक्रम र बजेट ल्याउनु बाध्यात्मक रहेको तथा यो मुख्यमन्त्रीको अधिकार पनि भएको बताए । उनले सरकारले कुनै पनि संवैधानिक प्रक्रिया नमिचेको तर्क गरे । राप्रपा सांसद अम्मरबहादुर विष्टले सरकारले प्रस्तुत गरेको नीति कार्यक्रमले सबै क्षेत्रलाई समेटेको र संवैधानिक प्रक्रियाअनुसार नै ल्याइएको दाबी गरे ।

एन आई सी एशिया बैंक लिमिटेड

NIC ASIA
एन आई सी एशिया बैंक लि.

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-०७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
७)	१) नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, (फर्म दर्ता तथा अभिलेख व्यवस्थापन शाखा) प्रा.फ.र.नं. १३३६०५/०७३/७४, समूद्रपार आयात अन्तर्गत मिति २०७३/११/२० मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४, बमोजिम दर्ता भएको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १६ स्थित **जाल्पा ट्रेड कन्सर्न** **प्रोप्राईटर तथा जमानीकर्ता: प्रमोद खनाल** स्थायी ठेगाना: नूवाकोट जिल्ला, खड्गभञ्ज्याङ गा.वि.स. वडा नं.६ हालको ठेगाना : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १६ बाबु : शिवे दर्जी बाजे : कृष्ण दर्जी	१) कृष्ण दर्जीको नाती, शिवे दर्जीको छोरा, नुवाकोट जिल्ला, खड्गभञ्ज्याङ गा.वि.स. वडा नं. ६ स्थाई ठेगाना भई हाल काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १६ बस्ने प्रमोद खनालको नाममा मालपोत कार्यालय मनमैजु, काठमाडौंको लगतमा दर्ता कायम रहेको, काठमाण्डौ जिल्ला, गोलढुङ्गा गा.वि.स. वडा नं. १२ख (हाल तारकेश्वर न.पा. वडा नं. ४) स्थित कित्ता नं. १३८९ को क्षेत्रफल ०-३-३-० (रोपनी) को घरजग्गा र सो घरजग्गाले चर्चे को र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापात समेत । २) जाल्पा ट्रेड कन्सर्नको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण	
	१) विकास दर्जी स्थायी ठेगाना: नूवाकोट जिल्ला, खड्गभञ्ज्याङ गा.वि.स. वडा नं. ६ हालको ठेगाना: काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १६ बाबु : शिव दर्जी बाजे : कृष्ण दर्जी	**२) शालिना (खरेल) दर्जी** ठेगाना : नूवाकोट जिल्ला, खड्गभञ्ज्याङ गा.वि.स. वडा नं. ६ बाबु : राज कुमार खरेल पति : प्रमोद दर्जी ससुरा : शिवे दर्जी
	ऋणीको विवरण	
२)	१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, बुटवल शाखामा दर्ता नं. २५२२६६/०७७/०७८ अन्तर्गत मिति २०७७/०९/२२ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको नवलपरासी जिल्ला, सरावल गा.पा. वडा नं. ४, स्थित **पबित्रा एग्रोमेट प्रोडक्सन प्रा.लि.** **अध्यक्ष तथा जमानीकर्ता: गंगा थारु**	
	धितोको विवरण	
	१) चिनक दंगोरियाकी छोरी, गोली थारुकी बुहारी, दुल्ले थारुकी पत्नी, रुपन्देही जिल्ला, साडी गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, पाल्ही नन्दन गा.पा. वडा नं. २ बस्ने रिम कुमारी देवी थारुको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, साडी गा.वि.स. वडा नं. १ ख (हाल जैडहवा गा.पा. वडा नं. १) स्थित कित्ता नं. ६१३ को क्षेत्रफल २-५-१०$^{१/२}$ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, बुटवल शाखामा दर्ता नं. २५२२६६/०७७/०७८ अन्तर्गत मिति २०७७/०९/२२ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको नवलपरासी जिल्ला, सरावल गा.पा. वडा नं. ४, स्थित पबित्रा एग्रोमेट प्रोडक्सन प्रा.लिको नाममा भुमिसुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (ब.सु.प.) को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, बडहरादुबोलिया गा.वि.स. वडा नं. १ ख (हाल सरावल गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ११८ को क्षेत्रफल ०-३-१३-१ (विगाहा) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) गोली थारुकी नाती, दुल्ले थारुको छोरा, रुपन्देही जिल्ला, साडी गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, पाल्ही नन्दन गा.पा. वडा नं. २ बस्ने शेर बहादुर थारुको नाममा भुमिसुधार तथा मालपोत कार्यालय, परासी, नवलपरासी (ब.सु.प.) को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, रमपुर्वा गा.वि.स. वडा नं. ६ (हाल पाल्ही नन्दन गा.पा. वडा नं. १) स्थित कित्ता नं. ४४० को क्षेत्रफल ०-०-१०-०(विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ४) भिम बहादुर थापा मगरकी छोरी, दुल्ले थारुकी बुहारी, शेर बहादुर थारुकी पत्नी रुपन्देही जिल्ला, साडी गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, पाल्ही नन्दन गा.पा. वडा नं. २ बस्ने गंगा थारुको नाममा भुमिसुधार तथा मालपोत कार्यालय, परासी, नवलपरासी (ब.सु.प.)को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, मनरी गा.वि.स. वडा नं. १/क (हाल सरावल गा.पा. वडा नं. २) स्थित कित्ता नं. ४६३ को क्षेत्रफल ०-५-८-०(विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। ५) पबित्रा एग्रोमेट प्रोडक्सन प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	
	ऋणीको विवरण	
	२) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा प्रा.फ.र.नं. २४५/२२३५/२०६७/०६८ अन्तर्गत मिति २०६७/०८/१९ प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको नवलपरासी जिल्ला, रमपुरवा गा.वि.स. वडा नं. ७ स्थित **गंगा कोल्ड स्टोर्स** **प्रोप्राईटर तथा जमानीकर्ता : शेर बहादुर थारु**	**३) शेर बहादुर थारु** स्थायी ठेगाना: रुपन्देही जिल्ला, साडी गा.वि.स. वडा नं. १ हालको ठेगाना: नवलपरासी जिल्ला, पाल्ही नन्दन गा.पा. वडा नं. २ बाबु: दुल्ले थारु बाजे: गोली थारु
	धितोको विवरण	
	१) चिनक दंगोरियाकी छोरी, गोली थारुकी बुहारी, दुल्ले थारुकी पत्नी, रुपन्देही जिल्ला, साडी गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, पाल्ही नन्दन गा.पा. वडा नं. २ बस्ने रिम कुमारी देवी थारुको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, साडी गा.वि.स. वडा नं. १ ख (हाल जैडहवा गा.पा. वडा नं. १) स्थित कित्ता नं. ६१३ को क्षेत्रफल २-५-१०$^{१/२}$ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) गंगा कोल्ड स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	
	जमानीकर्ताहरुको विवरण	
	१) जीत बहादुर चौधरी थारु स्थायी ठेगाना : रुपन्देही जिल्ला, साडी गा.वि.स. वडा नं. १ हालको ठेगाना : नवलपरासी जिल्ला, पाल्ही नन्दन गा.पा. वडा नं. २ बाबु : दुल्ले थारु बाजे : गोली थारु	**२) प्रेम बहादुर चौधरी** स्थायी ठेगाना : रुपन्देही जिल्ला, साडी गा.वि.स. वडा नं. १ हालको ठेगाना : नवलपरासी जिल्ला, पाल्ही नन्दन गा.पा. वडा नं. २ बाबु : दुल्ले थारु बाजे : गोली थारु
	३) गंगा थारु स्थायी ठेगाना : रुपन्देही जिल्ला, साडी गा.वि.स. वडा नं. १ हालको ठेगाना : नवलपरासी जिल्ला, पाल्ही नन्दन गा.पा. वडा नं. २ बाबु : भिम बहादुर थापा मगर ससुरा : दुल्ले थारु पति : शेर बहादुर थारु	
	४) रिम कुमारी देवी थारु स्थायी ठेगाना : रुपन्देही जिल्ला, साडी गा.वि.स. वडा नं. १ हालको ठेगाना : नवलपरासी जिल्ला, पाल्ही नन्दन गा.पा. वडा नं. २ बाबु : चिनक दंगोरिया ससुरा : गोली थारु पति : दुल्ले थारु	**५) शेर बहादुर थारु** स्थायी ठेगाना : रुपन्देही जिल्ला, साडी गा.वि.स. वडा नं. १ हालको ठेगाना : नवलपरासी जिल्ला, पाल्ही नन्दन गा.पा. वडा नं. २ बाबु : दुल्ले थारु बाजे : गोली थारु

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय भिमाद, तनहुँको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०२/३२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय भिमाद, तनहुँबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत बैंकलाई धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न यो १५ दिने लिलाम सुचना प्रकाशित गरीएको छ । यो सुचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० असार १५ गते शुक्रबार**का दिन शाखा कार्यालय भिमाद, तनहुँमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुने छ ।

तपसिल

ऋणीको विवरण:
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता नं. १५९५०७/०७३/०७४ मा दर्ता कायम भई, तनहुँ जिल्ला, साबिक भिमाद गा.वि.स. वडा नं.०१ रजिष्टार्ड कार्यालय रहेको **विश्वास कन्स्ट्रक्सन कम्पनी प्रा.लि**.का सञ्चालक टेक बहादुर श्रेष्ठ/पेमा कुमारी श्रेष्ठको नाति, तुलराज श्रेष्ठ/काली श्रेष्ठको छोरा, माया देवी श्रेष्ठको श्रीमान्, तनहुँ जिल्ला, साबिक गजरको गा.वि.स वडा नं.०८ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं.०६ बस्ने **शिव कुमार श्रेष्ठ** (ना.प्र.नं. ६३१६४, जारी मिति २०६०/०१/०८, जिल्ला प्रशासन कार्यालय, तनहुँ ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. टेक बहादुर श्रेष्ठ/पेमा कुमारी श्रेष्ठको नाति, तुलराज श्रेष्ठ/काली श्रेष्ठको छोरा, माया देवी श्रेष्ठको पति, तनहुँ जिल्ला, साबिक गजरको गा.वि.स वडा नं.०८ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला भिमाद न.पा. वडा नं.०६ बस्ने **शिव कुमार श्रेष्ठ** (ना.प्र.नं. ६३१६४, जारी मिति २०६०/०१/०८, जिल्ला प्रशासन कार्यालय, तनहुँ।
२. गणेश प्रसाद श्रेष्ठको नातिनी, सोम प्रसाद श्रेष्ठ/सन माया श्रेष्ठको छोरी, तुलराज श्रेष्ठ/काली श्रेष्ठको बुहारी, शिव कुमार श्रेष्ठको पत्नी, तनहुँ जिल्ला, साबिक छाङ गा.बि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं.०६ बस्ने **माया देवी श्रेष्ठ** (ना.प्र.नं. ६५५०६, जारी मिति २०६०/०५/०१, जिल्ला प्रशासन कार्यालय, तनहुँ) ।

लिलाम हुने सम्पतीको विवरण:
१. **शिव कुमार श्रेष्ठ**को नाममा मालपोत कार्यालय, कावासोती, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, साबिक कोलुवा गा.वि.स./न.पा. वडा नं. ८/ख स्थित कित्ता नं. ९२१ को क्षे.फ. ०-३-०-० (विघा) घरजग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु:
१. शिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० असार १४ गते** भित्र बैंकको शाखा कार्यालय भिमाद, तनहुँमा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय भिमाद, तनहुँबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिने छ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सुचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० असार १५ गते १२:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय भिमाद, तनहुँमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्नेछैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदातालाे सोको सुचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय भिमाद, तनहुँमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० साल असार १५ गते शुक्रबार मध्यान्ह १२:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय भिमाद, तनहुँ फोन नं. ०६५-५७२४८०

संक्षेप

करेन्ट लागेर दुईको मृत्यु

मकवानपुर/ मकवानपुरको बकैयामा बुधबार करेन्ट लागेर दुईजनाको ज्यान गएको छ । मृत्यु हुनेमा बकैया गाउँपालिका-८ गोठडाँडाका ६० वर्षीय खर्कबहादुर थिङ र ५० वर्षीय पूर्णबहादुर लो छन् । जिल्ला प्रहरी प्रवक्ता डिएसपी टेकबहादुर कार्कीका अनुसार स्थानीय जितबहादुर बम्जनको मकैबारीमा लत्रिएको बिजुलीको नांगो तार उठाउन फलामको खन्तीले खाडल खन्दा थिङ र लोलाई करेन्ट लागेको थियो । दुवैजनाको घटनास्थलमै ज्यान गएको प्रवक्ता कार्कीले बताए ।

घुससहित वडाध्यक्ष र सचिव पक्राउ

काठमाडौं/ सडकको निर्माण कार्य सम्पन्न भएको सिफारिस गरिदिएबापत ७० हजार रुपैयाँ घुस लिने वडाध्यक्ष र सचिवलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेहात पक्राउ गरेको छ । धनुषाको नगराइन नगरपालिका- २ का वडाध्यक्ष बुलन यादव र सचिव अमृतनारायण मिश्रलाई अख्तियारको टोलीले घुस रकमसहित पक्राउ गरेको हो । वडाध्यक्ष यादव र सचिव मिश्रले सडक निर्माण कार्य सम्पन्न भएको सिफारिसबापत घुस मागेका थिए । दुवैलाई अख्तियारको बर्दिबास कार्यालय टोलीले बुधबार नगराइन चोकबाट नियन्त्रणमा लिएको हो ।

न्वारन भोज खाएका २९ बिरामी

झापा/ न्वारन भोज खाएका झापाको मेचीनगर- ९ का २९ जना बिरामी परेका छन् । मंगलबार मेचीनगर- ९ का गोविन्द श्रेष

कान्तारा- २ को सुटिङ अगस्टमा



'कान्तारा- २' को सुटिङ अगस्टमा सुरु हुने भएको छ। ऋषभ सेट्टीको लेखन तथा निर्देशनमा बन्ने यस फिल्ममा ऋषभसँगै सप्तामी गौडा र अच्युत कुमार मुख्य भूमिकामा छन्। यसअघि गत वर्ष प्रदर्शनमा आएको 'कान्तारा'ले दर्शकबाट राम्रो प्रतिक्रिया पाएको थियो।

उलझमा गुलसन



अभिनेता गुलसन देवैया यतिबेला स्पाई थ्रिलर फिल्म 'उलझ'को सुटिङमा व्यस्त छन्। सुधांशु सरियाले निर्देशन गरेको यस फिल्ममा जान्ह्वी कपुर र रोशन म्याथ्युसँगै गुलसनको मुख्य भूमिका छ। जान्ह्वीले यस फिल्ममा एक आइएफएस अफिसरको भूमिका निर्वाह गरेकी छिन्।

'साइलेन्ट किलर' बन्दै ध्वनि प्रदूषण

बढ्दो ध्वनि प्रदूषणले हाइपरटेन्सन, स्ट्रोक, हृदयाघातलगायत जटिल स्वास्थ्य समस्याको जोखिम बढाएर मानिसको आयु कम गर्ने पछिल्लो अध्ययनले देखाएको छ। न्युयोर्क टाइम्सले यस अध्ययनका दौरान मिस्सिसिपी राज्यका ग्रामीण क्षेत्र, न्युयोर्क सहर, क्यालिफोर्निया तथा न्यु जर्सी राज्यका आवासीय क्षेत्रका मानिसहरूसँग ध्वनि प्रदूषणले पारेको असरबारे अन्तर्वार्ता गरेको थियो। त्यस्तै, प्रोफेसनल साउन्ड मिटरमार्फत शान्त कोठा, व्यस्त सडक, यातायातका विभिन्न साधन र घरमा प्रयोग हुने विभिन्न उपकरणको ध्वनि मापन गरिएको थियो। विभिन्न विश्लेषणात्मक सामग्रीहरूको अध्ययन र वैज्ञानिक तथा स्वास्थ्यविज्ञहरूसँग छलफल गरिएको थियो।

यातायतको चाप तथा कोलाहलका कारण सहरी इलाकामा बस्नेहरू ध्वनि प्रदूषणको उच्च मारमा रहेको अध्ययनले जनाएको छ। तर, तुलनात्मक रूपमा शान्त मानिने ग्रामीण वा आवासीय क्षेत्रमा बस्ने समुदाय पनि जोखिममुक्त नरहेको अध्ययनको ठहर छ।

दीर्घकालीन विकासका लागि बढ्दो वातावरणीय जोखिमविरुद्ध कार्यरत संस्था अर्थ फाइभ आरले गत जनवरीमा भारतका १५ सहरमा गरेको अध्ययनले पनि बढ्दो ध्वनि प्रदूषणलाई 'साइलेन्ट किलर'का रूपमा चित्रण गरेको थियो। ध्वनि प्रदूषणले निम्त्याउन सक्ने चुनौतीहरूबारे पछिल्ला वर्षहरूमा विभिन्न देशमा अध्ययन भएका छन्। विश्व स्वास्थ्य संगठनको पछिल्लो रिपोर्टले ध्वनि प्रदूषणले टिनाइटस अर्थात् कानमा कुनै आवाज आइरहने अवस्था, निद्रामा गडबडी, इस्केमिक मुटुरोग, मोटोपना, मधुमेह, समयअगाडि बच्चा जन्मिने अवस्था, बच्चामा संज्ञानात्मक कमजोरीलगायत समस्या बढाइरहेको उल्लेख छ। सवारीको चर्को आवाजका कारण पश्चिमी युरोपमा बर्सेनि झन्डै १० लाखभन्दा बढी व्यक्तिमा विभिन्न रोगको जोखिम बढिरहेको पनि उक्त अध्ययनमा उल्लेख थियो।

ध्वनि प्रदूषणको असरबारे लन्डनस्थित क्विन मेरी युनिभर्सिटीले पनि लामो समयदेखि अध्ययन गरिरहेको छ। युनिभर्सिटीकी प्रोफेसर मनोचिकित्सक स्टेफन स्टुयानफल्डले ध्वनि प्रदूषण पछिल्लो समय मुख्य स्वास्थ्य समस्या निम्त्याउने कारक बनिरहेको बताएका छन्। 'होहल्लाले रातको समयमा मात्र नभई दिनमा पनि शरीरमा तनाव बढाइरहेको छ। सामान्यतया हल्ला सुन्नेबित्तिकै हाम्रो मस्तिष्कले प्रतिक्रिया जनाउँछ। मस्तिष्कले हल्लामाथि जति धेरै प्रतिक्रिया जनाउँछ, त्यति नै रक्तचाप बढ्छ। जसकारण हृदयाघातलगायत विभिन्न रोगको जोखिम बढ्छ।'

इम्पेरियल कलेज लन्डनले गरेको अध्ययनले नियमित ध्वनि प्रदूषणबाट उत्पन्न हुने तनावले रक्तचापसँगै शरीरका विभिन्न भाग सुन्निने, निद्रामा गडबडी निम्त्याउनेलगायत समस्यासमेत बढाउने निष्कर्ष निकालेको छ। मुड परिवर्तन हुने र शरीरमा समेत नकारात्मक असर देखिने उक्त अध्ययनले जनाएको छ।

डब्लुएचओका अनुसार २४ घन्टा अवधिमा ध्वनिको स्तर ७० डेसिबलभन्दा कम हुनुपर्छ। यसभन्दा माथि पुग्दा हाम्रो श्रवण शक्तिमा ह्रास आउन थाल्छ। भवन निर्माण तथा अन्य निर्माण कार्य, सवारीबाट निस्कने ध्वनिसँगै संगीतबाट निस्कने ध्वनिसमेत नियन्त्रणमा राख्न विज्ञहरूले सुझाउँदै आएका छन्। बढ्दो ध्वनि प्रदूषण र यसले निम्त्याइरहेको स्वास्थ्य समस्या निवारणका लागि विभिन्न देशले रातको समयमा 'क्वाइट आवर' नीति लिइरहेका छन्। आवासीय क्षेत्रहरूमा मानिसले राम्रोसँग बाँच्न, सुत्न र पढ्न पाउने वातावरण बनाउन यस्तो नीति अघि सारिएको हो।



डब्लुएचओका अनुसार २४ घन्टा अवधिमा ध्वनिको स्तर ७० डेसिबलभन्दा कम हुनुपर्छ। यसभन्दा माथि पुग्दा हाम्रो श्रवण शक्तिमा ह्रास आउन थाल्छ।

सानो गर्नुस् संगीतको आवाज

चर्को आवाजको तुलनामा कम आवाजलाई लामो समयसम्म सुन्न सकिने विभिन्न अध्ययनले जनाएका छन्। ती अध्ययनले हेडफोन वा संगीतको साउन्ड कम गर्न पनि सुझाव दिएका छन्। हेडफोनलगायत उपकरणका कारण विश्वका एक अर्बभन्दा धेरै युवा श्रवण शक्ति ह्रासको जोखिममा रहेको डब्लुएचओको पछिल्लो प्रतिवेदनले औंल्याएको छ।

(एजेन्सीको सहयोगमा मन्जु टेलर)

व्यक्तित्वमा निखार ल्याउन के गर्ने ?



तपाईंको व्यक्तित्वमा निखार ल्याउनका लागि तपाईंले जीवनभर मिहिनेत गर्नुपर्ने हुन्छ। त्यसैले धैर्य र शान्त रहनुस्। आफू र अरूप्रति दयावान् हुनुस् र सकारात्मक सोच्नुस्।

आफैंलाई बुझ्नका लागि पर्याप्त समय खर्चनुस्। आफ्नो बलियो पक्ष, कमजोर पक्ष, मूल्य-मान्यताका विषयमा तपाईं सचेत हुनुपर्छ। त्यसपछि मात्र आफ्ना कमजोरी सुधार्न सकिन्छ।

अरूका कुरा सुन्नुहोस्। आफूलाई राम्ररी अभिव्यक्त गर्न सक्ने कला सिक्नुस्। अरूका दृष्टिकोणलाई सम्मान गर्न सिक्नुस्। आफ्ना सोचहरू साझा गर्न नहिच्किचाउनुस्।

सिकाइको प्रक्रिया जीवनभर चलिरहन्छ। त्यसैले सधैं नयाँ कुरा सिक्नेबारे सोच्नुस्। तपाईंको ज्ञान, क्षमता र अनुभवलाई बढावा दिने गतिविधिमा सक्रिय रहनुस्। नयाँ योजनाहरूप्रति सधैं खुला र सकारात्मक रहनुस्। परिवर्तनलाई स्विकार्ने इच्छाशक्ति राख्नुस्।

आफ्ना भावना बुझेर त्यसलाई व्यवस्थापन गर्नुस् र भावनात्मक बौद्धिकताको विकास गर्नुस्। अरूका भावनालाई पनि ख्याल र सम्मान गर्नुस्।

मानिसहरूसँग नम्र भएर प्रस्तुत हुनुस्। सामाजिक रूपमा घुलमिल हुन सक्ने कला विकास गर्नुस्।

व्यक्तित्व विकासका लक्ष्यहरू तय गर्नुस्। त्यसपछि ती लक्ष्य पहिल्याउनुस्। शारीरिक र मानसिक विकासका लागि समय खर्चनुस्। व्यायाम, घुमघाम र प्रिय व्यक्तिहरूसँग समय बिताउनुस्।

यसरी बनाउनुस् आकर्षक बगैंचा



प्रदीप सिम्खडा
निर्देशक
एसएस एग्रिकल्चर फार्म

बिरुवालाई आवश्यक पर्ने फोस्फरस र नाइट्रोजन मनसुनमा पर्याप्त पाइन्छ। पानी पर्याप्त हुने भएकाले यो समय बिरुवा हुर्काउन सजिलो हुन्छ। त्यसैले घरमा बगैंचा निर्माणका लागि यो निकै राम्रो समय हो।

अहिलेको समय सुन्तला, मुन्तला, कागती, भोगटे, चेरी, स्याउ, आरुबखडालगायत विभिन्न प्रजातिका बिरुवा रोप्न सकिन्छ। ग्राफ्टिड टेक्नोलोजीमार्फत नेपालमा पनि एउटै रुखमा धेरै थरीका फलफूल फलाउन सकिन्छ। आफ्नो रुचिअनुसारका फूलहरू पनि सार्न सकिन्छ।

बिरुवा रोपिसकेपछि यसको उचित स्याहार गर्न जरुरी हुन्छ। हुर्कनका लागि आवश्यक मल तथा समय-समयमा औषधि हाल्नुपर्छ।



बगैंचालाई सधैं सफा र चिटिक्क राख्नुपर्छ। पुराना भएका पात हटाउने, सतहमा भएका फोहोर सफा गर्नेलगायत गर्नुपर्छ।

बजारमा विभिन्न खाले गमला पाइन्छन्। तपाईंले पुराना भएका भाँडाहरूमा पनि बिरुवा रोप्न सक्नुहुन्छ। तर, माटो र मल गुणस्तरीय हुनुपर्छ। मौसमी फूलले बगैंचाको सुन्दरतामा रौनक थप्ने मात्र होइन, मानिसलाई मौसम परिवर्तनको महसुस पनि गराउँछ। प्रकृतिसँग समय व्यतीत गर्दा तपाईंको तनाव घट्छ। बिरुवाको स्याहारमा लाग्दा शारीरिक कसरत पनि हुन्छ। त्यस्तै, हुर्किरहेका बिरुवाहरू हेरेर मन प्रफुल्लित हुन्छ। बिरुवाले थोरै क्षेत्रफल भएको जग्गालाई पनि आकर्षक देखाउन सहयोग गर्छ। प्रदूषण कम गर्ने, अक्सिजनको मात्रा बढाउन पनि सहयोग पुग्छ।

बढैयाताल गाउँपालिका
Badhaiyatal Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मैनापोखर, बर्दिया

खरीद सम्झौता अन्त्य गरि कारवाही प्रक्रिया अघि बढाउने बारे अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८०/०२/३२ गते)

यस गाउँपालिका अन्तर्गत संचालित तपसिल बमोजिमका खरीद सम्झौता बमोजिमका निर्माणका कार्यहरु सम्पन्न हुन नसक्दा यस कार्यालयबाट उक्त निर्माण कार्य समयमै सम्पन्न गर्न मौखिक तथा लिखित जानकारी गराउँदा समेत वेवास्ता गरि निर्माण कार्य सम्पन्न गर्ने/गराउने सम्बन्धमा कुनै तदारुकता नदेखिएको हुँदा अन्तिम पटक सम्झौता बमोजिमको निर्माण कार्य यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र सम्पन्न गर्न गराउनु हुन सुचित गरिन्छ अन्यथा सार्वजनिक खरीद ऐन २०६३, सार्वजनिक खरीद नियमावली २०६४ बमोजिम खरीद सम्झौता अन्त्य गरि कालो सुचिमा राख्ने लगाएत कारवाहीका सबै प्रक्रिया अगाडी बढाइने व्यहोरा यसै सुचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

सि.नं.	आयोजनाको नाम	निर्माण व्यवसायीको नाम	ठेक्का नाम/नम्बर	कैफियत
१.	बहुउद्देश्यीय सभाहल निर्माण Construction of Rural Municipality Conference Hall Building	जय बागेश्वरी निर्माण सेवा गुलरिया-०४, बर्दिया	(BTRM/NCB/WORKS/ 01/077/078)	-
२.	स्याउली बजार देखि मयुरबस्ती जाने अस्फाल्ट कालोपत्रे बाटो निर्माण Construction of Asphalt Road Between Saulibazar to Mayurbasti, Ward No 08	महिमा कन्स्ट्रक्सन गुलरिया-०५, बर्दिया	(BTRM/NCB/WORKS/ 02/077/078)	-
३.	आधारभूत स्वास्थ्य चौकी भवन निर्माण, वडा नं-०५ Construction of Basic Health Service Building, Ward no–05	उदय दिप सयुक्त निर्माण सेवा प्रा. लि., गेरुवा-०५, बर्दिया	(BTRM/NCB/WORKS/C/ 14/075/076)	-

प्रमुख प्रशासकीय अधिकृत

कुमारी बैंक लिमिटेड शाखा कार्यालय सुकेधारा, काठमाण्डौको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सुचना

(प्रकाशित मिति २०८०/०२/३२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय सुकेधारा, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० असार ०७ गते बिहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय सुकेधारा, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरणः

अकवर के.सी.को नाति, हिरा बहादुर क्षेत्रीको छोरा, काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ९, (साबिक काठमाण्डौ जिल्ला, महांकाल गा.वि.स. वडा नं. ९) बस्ने **बिरेन्द्र बहादुर के.सी** (ना.प्र.नं. १३९३/८९३५/१६६७०, जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरणः

१. हिरा बहादुर क्षेत्रीको बुहारी, विरेन्द्र बहादुर के.सी.को पत्नी, काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ९ (साबिक काठमाण्डौ जिल्ला, महांकाल गा.वि.स. वडा नं. ९) बस्ने **शोभा के.सी**. (ना.प्र.नं. ३६१०/२९७१८), जारी मिति २०५६/०५/२२, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ)।
२. हिरा बहादुर क्षेत्रीको नाति, विरेन्द्र बहादुर के.सी.को छोरा, काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ९ बस्ने **विजेन के.सी**. (ना.प्र.नं. २७-०१-७५-१०९१५, जारी मिति २०७५/०८/१६, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ)।

लिलाम हुने सम्पत्तिको विवरणः

१. **शोभा के.सी**.को नाममा मालपोत कार्यालय, चावहिलमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, साबिक महांकाल न.पा./गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. १०६ को क्षेत्रफल २१० (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरुः

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितीले ७ औं दिन अर्थात मिति २०८० असार ०६ गते** भित्र बैंकको शाखा कार्यालय सुकेधारा, काठमाण्डौ स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय सुकेधारा, काठमाण्डौबाट रु.५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० असार ०७ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय सुकेधारा, काठमाण्डौ स्थित कर्जा विभागमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय सुकेधारा, काठमाण्डौ स्थित कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० असार ०७ गते बिहीबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय सुकेधारा, काठमाण्डौ फोन नं. ०१-४३७२८०८/१६

‘साउथ ब्लक–सिंहदरबार’ एक अजिब ‘प्रेम’ कहानी !

नेपालको नयाँ संविधान जारी भएयता दिल्ली-काठमाडौं सम्बन्धमा न्यानोपन नभएको मात्रै होइन, दिल्लीले काठमाडौंलाई हेर्ने ‘कूटनीतिक चस्माको लेन्स’ खराब देखिन्छ



● सुरेश प्राञ्जली

अग्रलेख

नेपालमा सरकारको पयो फेरिनेबित्तिकै यहाँका प्रधानमन्त्रीले भारत जान खुट्टा उचालिहाल्छन् । यस्तो लाग्छ, एक ‘प्रेम दिवाना आसिक’ समुन्द्रपारकी ‘मेहबुबा’ भेट्न बेहिसाब लालायित छ ! त्यस्तो ‘आसिक’ आफ्नी ‘मेहबुबा’ नभेटी चयनको निद निदाउन सक्दैन । नेपालका प्रधानमन्त्रीले यसपालि भारत जान यस्तै बेहद बेचैनी देखाए । भारत गएर दक्षिणी छिमेकीको ‘रसोई’मा पाकेको ‘बिर्यानी’ नखाई अन्यत्र कतैको ‘नैवेद्य’ पनि मुखमा नलैजाने अड्डी कसेका उनले उत्तरी छिमेकी चीनले माननमनितो गरेर निम्त्याएको ‘बोआओ फोरम’लाई ‘बाल’ दिएनन् ! यसलाई यसरी बुझौं, उनले ‘पेकिङ डक’ खाने उस्तो रुचि देखाएनन् !

प्रधानमन्त्रीको चारदिने भारत ‘भ्रमण’को पर्दा झरिसकेको छ । हुन त, यसपटक नेपालका प्रधानमन्त्रीको भारत भ्रमणमा दिल्लीको खासै दिलचस्पी थिएन । त्यही भएरै उसले पटक-पटक भाका सारिरह्यो । हुन त, दिल्लीले भ्रमण मिति तय नहुँदै नेपाललाई दङ्ग्याउन थालिसकेको थियो । भ्रमणको सिलसिलामा नेपालका प्रधानमन्त्री जब दिल्ली पुगे उनको ‘स्वागत’बाट त भारतले आफ्नो ‘बडेभैया’ रबैया छताछुल्ल पाऱ्यो । न ‘लाल’ कार्पेट, न कुनै तोपको सलामी ! ‘ओइलाउन थालेको’ बुके बोकेर ‘थकितप्रायः मुडमा’ ‘स्वागत’ स्थल पुगेकी थिइन् विदेश राज्यमन्त्री । एउटा सार्वभौमसत्ता सम्पन्न मुलुकको जननिर्वाचित प्रधानमन्त्रीको ‘स्वागत’ विदेश राज्यमन्त्रीबाट गर्दैगर्दा यता मुलुकको स्वाभिमानकै थाप्लामा भने ‘घन बजार्रिदै’ थियो । स्वागत त भइहाल्यो, बिदाइ भेटलाई पनि दिल्लीले उल्कै रोमाञ्चक बनाइदियो, मुर्रा राँगाको सन्दर्भ त्यसैको भेटी टक्र्याएजसरी चर्चाको सतहमा ल्याइदियो ! कतिले त दिल्लीले नेपालको सार्वभौमसत्ताको मूल्य तिनै मुर्रा राँगा’को मूल्यबराबर तोकिदिएको टिप्पणी गरे । संसद्मा एमाले अध्यक्ष केपी शर्मा ओलीले त व्यंग्य नै कसे, ‘प्रधानमन्त्री भ्रमणको उपलब्धि १५ वटा राँगा !’ हुन पनि सतहमा त्यस्तै देखियो । न प्रबुद्ध समूहको (इपिजी) प्रतिवेदनको सवाल उप्काइयो, न त गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका निम्ति हवाई प्रवेश मार्गमा भारतले नेपालको कुरै सुन्यो । समाचार संकलनमा गएका ‘मै हुँ’ भन्ने यताका पत्रकारलाई त उताका खाकी बर्दीवालाले ‘डन्डै लगाएर’ लघारे ! एउटा सार्वभौमिक मुलुकलाई गर्ने अनादरको हद योभन्दा बढ्ता कति पो होला र ?

नेपाल-भारत भ्रमण आदान-प्रदानको इतिहास हेर्ने हो भने यताबाट सरकार प्रमुख फेरिनेबित्तिकै उता धाएरै गए । उनीहरू केका निम्ति उता गए वा जान्छन्, त्यो त भनिरहनुपरेन ! किनभने, हर्पेमा घ्यू नै राख्ने हो भनेर सबैले बुझेकै हो ! तर, मोदीपूर्वका कुनै पनि भारतीय प्रधानमन्त्रीले १७ वर्षसम्म नेपाल टेकेनन् । हुन पनि भारत संस्थापनका निम्ति नेपाल टेक्नु ‘कूटनीतिक भू-सहअस्तित्व’को आवश्यकता देखिएन, बरु नेपालसितको द्विदेशीय ‘सम्बन्ध’लाई उचाइ दिइराख्नुपर्ने आवश्यकताभन्दा दिल्ली धेरै पर पुगिसकेको देखिन्छ । त्यसैले पनि होला, पछिल्ला चार दशकयता नेपाल-भारत सम्बन्ध सरकारी वा राजनीतिक तहमा रहन सकेन । इन्दिरा गान्धीको दोस्रो प्रधानमन्त्रीत्वकालपश्चात् सन् १९८० को जनवरीदेखि १९८४ को अक्टोबरमा उनको हत्या नहुन्जेल नेपालसितको दिल्ली सम्बन्ध राजनीतिक तहबाट कर्मचारी तहमा ओलिसकेको थियो । त्यसपछि क्रमशः द्विदेशीय सम्बन्ध व्यवस्थापनको जिम्मा भारतीय खुफिया एजेन्सी ‘रअ’को पोल्टामा पुग्यो । आजको नेपाल-भारत सम्बन्धको राजनीतिक ‘भान्सा’मा भारतीय खुफिया एजेन्सीले नै ‘नुनतेल अड्कल्दै’ आएको जगजाहेर छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीकै कुरा गर्ने हो भने उनले गरेका कुनै पनि नेपाल भ्रमण कूटनीतिक मूल्यका थिएनन्, सबै राजनीतिक थिए । उनी आफ्नो नेपाल भ्रमण सतहमा कूटनीतिक महत्त्वले गाँसियोस् भन्ने चाहँदैनन् । बरु, हरेक भ्रमणलाई उनी धार्मिक वा सांस्कृतिक आवरणले ढाक्न रुचाउँछन् । नेपालले चुच्चे नक्सा जारी गरेपछि एकाएक ‘जमेर हिउँ नै बनेको’ भनिएको द्विदेशीय सम्बन्धको ‘बरफ’ नेपालका यसअघिका प्रधानमन्त्री शेरबहादुर देउवाको २०७८ चैतमा भएको भारत भ्रमणले ‘पगालेको’ ठानिन्छ ! तर, यो तथ्य बिर्सिनुहुँदैन कि नेपालको नयाँ संविधान जारी भएयता दिल्ली-काठमाडौं सम्बन्धमा न्यानोपन नभएको मात्रै होइन, दिल्लीले काठमाडौंलाई हेर्ने ‘कूटनीतिक चस्माको लेन्स’को खराबी कहिल्यै निदान हुनेछैन । सँगै, पाँच-पाँचवटा भारतीय राज्यसित १८५० किलोमिटरभन्दा बढी साँधको सँधियार रहेका यी दुई मुलुकबीचको सम्बन्ध परिभाषित गर्न आजसम्म प्रयोग गरिँदै आएको कुनै ‘न्यारेटिभ’ले पनि नेपाल-भारत सम्बन्धलाई अर्थ्याउनेवाला छैन । नेपालले ‘चुच्चे नक्सा’ जारी गरेपछि दिल्लीले नेपाललाई ‘छोटे भैया’को हैसियतबाट पनि अलग गरिसकेको छ ! यहाँनेर बडो अर्थपूर्ण चासो त के हो भने भारतीय राज्य असम, मेघालय, त्रिपुरा, मिजोरम र पश्चिम बंगालसितको बंगलादेशी सीमा विवाद सल्टाउने सम्झौता पत्रमा (२०१५ जुन ६ मा) हस्ताक्षर गर्न राजी हुने मोदी उत्तिकै (अझ बढी) महत्त्वको अर्को छिमेकीसितको सीमा विवाद समेटिएको द्विदेशीय प्रबुद्ध समूहले तयार पारेको प्रतिवेदन छुन त के त्यसको गातामा ‘छड्के नजर लगाउने’ दिलचस्पीसम्म देखाइरहेका छैनन् । खासमा, नेपाल मामिलामा भारत संस्थापनको ‘प्रथम



दृष्टि’को चासो- नेपालजस्तो उसको ‘उत्तरी सुरक्षा किल्ला’ चिढियो वा उसले आफ्नो पकड गुमायो भने आफूमाथिको सुरक्षा खतराको ‘ग्राउन्ड’मा फैलावट आउँछ भन्ने नै हो । फलतः मुलुकी सुरक्षा खतरा स्वतः उकासिने भइहाल्यो । त्यसैले, पनि उसलाई नेपालउपर ‘रणनीतिक पकड’ कायम राखिराख्नु परेको हो ! यस सबालमा भारतीय संसद्मा पनि वेलावेला छलफल हुने गरेकै हो । केही दशकपहिलाको रेकर्ड स्मरण गर्यौं भने २०१६ मंसिर १२ मा तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूले भारतीय संसद्मै बोलेका (विभिन्न किताबलगायत माध्यममा लिपिबद्ध भएमुताबिक) पनि थिए, ‘नेपाल र भुटानमाथिको हस्तक्षेपलाई भारतले आफैंमाथिको हस्तक्षेपका रूपमा बुझ्नेछ ।’ त्यसो त, तत्कालीन नेपाल सरकारको ‘क्याबिनेट’सम्म पनि भारतीय राजदूतको सहज पहुँच र यहाँको आन्तरिक मामिलाका सबैजसो मुद्दाको खटनपटन दिल्लीबाटै हुने गर्थ्यो ! यसको अवशेष आज पनि नदेखिने त होइन । यतिवेला पनि विकसित हुँदै गरेको नेपाल-चीन सम्बन्धमा फराकिलो फासला निर्माण गर्ने र त्यसैमा खेल्ने अनुकूल उपक्रम सिर्जनाका निम्ति दिल्लीले ‘तन्दुरी सेकिरहेको’ छनक उसका हरेकजसो क्रियाकलापमा पाइन्छ । वेलावेला सन् १९५० को सन्धिको पुनरावलोकनमा भारत नरम रहेको सन्देश प्रवाह गर्नुमा चिढिँदै गरेको नेपाल र यहाँ बढ्दै गरेको भारतविरोधी ‘सेन्टिमेन्ट’ न्यूनीकरण गर्ने ‘राजनीतिक बल्छी फाल्नु’ उसको मक्सद हो ! भारतको बुझाइमा दक्षिण एसियाका सबैजसो मुलुक चीनतिर ढल्किएका छन् । जसका कारण उसले विश्लेषण गर्दै आएको उसको ‘सुरक्षा इन्भेलप’मा दखल पुगेको ठहरसहित दिल्लीलाई नेपालमाथि कुनै ‘सफ्ट’ औजारमार्फत नियन्त्रण कायम राख्नुपर्ने उसको रणनीतिक अपरिहार्यता खड्किरहेको थियो ! यतिखेर उसले चाहेको भरपर्दो र रणनीतिक ‘सफ्ट पावर इन्स्ट्रुमेन्ट’ प्राप्त गरेको छ । त्यो हो- नेपालको जलऊर्जामा लगानी ।

> तत्कालीन राणा प्रधानमन्त्री मोहनशमशेरदेखि चल्दै आएको एक अजिब ‘प्रेम कहानी’कै सहारामा दिल्लीलाई हामीले ‘पराधीन मानसिकता’ बोकेर यसरी नै रिझाइरहने कि सार्वभौमिक समानताका आधारमा सह-अस्तित्वपूर्ण सम्बन्धको विकास गर्दै द्विदेशीय सम्बन्धलाई ‘जरैदेखि मजबुतीकरण’ गर्नपट्टि लाग्ने ?

हामी जानकार नै छौं, सन् १९५० देखि नै दिल्ली नेपालको अति सूक्ष्म राजनीतिक व्यवस्थापनमा समेत हर्ताकर्ता बन्दै आएको हो । तत्कालीन प्रधानमन्त्री मोहनशमशेरको सत्ता टिकाइदिने आश्वासनको रापमा सेकाएर नेपालको सार्वभौमिक अधिकारलाई ‘कुँजो तुल्याई’ गरिएका दुई पुराना सन्धि आजको बदलिँदो कूटनीतिक सन्दर्भमा पनि नेपाल-भारत सम्बन्धमा तितोपन प्रवर्द्धन गरिरहने खास समस्याका खास कारक-स्रोत हुन् । किनभने, ती सन्धिमा भारतको एकपक्षीय हित प्राथमिकीकरण गरिएको छ, जुन आजको राजनीतिक रूपले बदलिएको नेपाललाई ग्राह्य हुनै सक्दैन । हुन त सन् १९५५ सम्म चीनसँग नेपालको कूटनीतिक तहको औपचारिक सम्बन्ध कायम नभइसकेकाले पनि नेपाल र भारतबीच एकखाले ‘विशेष’ जस्तै देखिने ‘कूटनीतिक प्रेमपूर्ण सम्बन्ध’ रहेको बुझ्न सकिन्छ ! किनभने, तत्कालीन नेपालले उत्तरतिर सम्बन्ध बढाउने त के हेर्ने आँट पनि गरेको थिएन । फलतः दिल्लीले नेपाल मामिलालाई लिएर आजझैं ‘टाउको दुखाउनु’ परेको थिएन ।

सन् १९५५ सम्म नेपालको राजनीतिक व्यवस्थापन भारतको खटनादेश शिरोधार्यमै केन्द्रित देखिन्छ । यसैको दृष्टान्त हो, सन् १९५१ मा नेपाल चीन सिमानामा भारतीय चेकपोस्ट राखिनु । सन् १९५२ देखि काठमाडौंमा भारतीय सैनिक मिसनको जरा गड्यो । कहिले डा. केआई सिंहको विद्रोह दबाउन त कहिले भीमदत्त पन्तको विद्रोह निस्तेज तुल्याउन भारतीय सेना नेपाल पसेको इतिहास छ । तत्कालीन मन्त्रिपरिषद्को बैठकमै भारतीय राजदूतको अह्रनखटन हुने गरेको इतिहास खासै पुरानिएको छैन । सन् १९५३ मा नेपाल र भारतबीच सुपुर्दगी सन्धि र १९५४ मा कोसी सम्झौतामा हस्ताक्षर भए । यी तमाम क्रियाकलाप भारतकै हित थाप्लामा राखेर गरिए, नेपालले आफ्नो कुनै पनि सहअस्तित्वपूर्ण हैसियत खोजेन । सन् १९५९ को नेपालमा आमचुनाव भइरहँदा भारत तथा चीनबीच सीमा विवाद चर्किइसकेको थियो । सन् १९६० को जनवरीमा बिपी कोइरालाले प्रधानमन्त्रीको हैसियतमा भारतको भ्रमण गर्दै गर्दा उनले आफ्ना दक्षिणी समकक्षीसँग ‘भारतलाई असल लागेको कुरा नेपाललाई असल र भारतलाई खराब लागेको कुरा नेपाललाई पनि खराब लाग्ने’ बडो ‘प्रेमिल तर्क’ गरेका थिए । यसको क्रियात्मक सारमा के देखिन्छ भने नेपालले ‘चाकडी-कूटनीति’ गरिरहयो, भारतले चाहिँ नेपाललाई एउटा ‘ट्रिब्युटरी स्टेट’को हैसियतभन्दा माथिको व्यवहार गरेन, गर्न पनि चाहँदैन । यदि, नेपालले त्योभन्दा माथि उठ्न खोज्यो भने दिल्लीका ‘त्रिनेत्र’ रौंकिन्छन् ।

यो रस्साकस्सीको पयो एकैछिन पन्छाउने हो भने नेपाल-भारत सम्बन्धजत्तिको प्रेमिल अरू कुन मुलुकको सम्बन्ध पो होला र ? मोदी त नेपालको ‘पानी’लाई ‘जवानी’को सापेक्षतामा राखेर बेहद प्रेम गर्छन् । जसलाई जोख्ने तुलो पक्कै पनि छैन ! नेपाल पनि भारतलाई ‘यति चोखो, यति मिठो’ प्रेम गर्छ कि उसले दिएको ‘जहरै पनि आँखा चिम्लिएर’ खाइदिन्छ ! उदाहरणमा, हामीले देखेभोगेकै घटना काफी छन् । अरू त छोडौं, भारतले निकासी गरेका (मानव स्वास्थ्यमा सोझै आघात पुऱ्याउने) जहरिला तिउन पनि जाँचै गर्दैन, नेपालले । बेरोकटोक पैठारी गरिएका ती जरहयुक्त तिउन र अन्य खाद्य सर्जामसमेत सोझै नेपालीका भान्सामा जान्छन् । हुन त, द्विदेशीय ‘सागरभन्दा गहिरो प्रेमका’ अधिल्तिर आफ्ना नागरिकको ज्यान जानु कुन ठूलो कुरा भयो र ? भारतीय सशस्त्र सीमा सुरक्षा बलले ‘तुइन काटिदिएर’ पनि नेपाली मारेकै छन् । नेपाली भूमिभित्रै पसेर नेपालीको छातिमा तातो गोली दागेर पनि त मारेकै छन् । दुई-चार नेपालीको ज्यान जाँदैमा राजनीतिक दललाई के नै घाटा भएको छ र ! मुलुकको स्वाभिमान गिरे पनि राजनीतिक दललाई त आखिर के नै घाटा हुने हो र ! बस् यत्ति हो कि ‘दिल्ली-प्रभु’ बेखुस हुनु भएन । यसरी तत्कालीन राणा प्रधानमन्त्री मोहनशमशेरदेखि चल्दै आएको एक अजिब ‘प्रेम कहानी’कै सहारामा दिल्लीलाई हामीले ‘पराधीन मानसिकता’ बोकेर यसरी नै रिझाइरहने कि सार्वभौमिक समानताका आधारमा सहअस्तित्वपूर्ण सम्बन्ध विकास गर्दै द्विदेशीय सम्बन्धलाई ‘जरैदेखि मजबुतीकरण’ गर्नपट्टि लाग्ने ?

३ प्रश्न

राजनीतिक विश्लेषक **चन्द्रकिशोर**लाई



राष्ट्रिय स्वतन्त्र पार्टीले प्रदेश खारेजीको प्रस्ताव गरेको छ, यसको राजनीतिक अर्थ के छ ?

अँध्यारो गुफामा बसेर राजनीतिक तुरुप फाल्नेहरूको खेल हो यो । उहाँहरू न कुनै आन्दोलनबाट आउनुभयो, न त कुनै राजनीतिक धरातल नै छ उहाँहरूको । अमूक स्वार्थका लागि उहाँहरूले यस्तो प्रस्ताव गर्नुभएकोमा शंका छैन । संघीयता हिमाल, पहाड र मधेसको आवश्यकता भएर आएको हो । प्रदेश मुलुकलाई दीर्घकालीन द्वन्द्वबाट मुक्त गराउने अभिप्रायले ल्याइएको हो । तर, यो सब नबुझी उहाँहरूले अमूक राजनीतिक स्वार्थमा देशलाई हिंसातर्फ धकेल्ने तुरुप फाल्न चाहनुभएको छ ।

किन प्रदेशलाई नै केन्द्र बनाइएको होला ? यसको असर कस्तो हुन सक्छ ?

विशेषगरी यसको मधेसमा तीव्र प्रतिक्रिया आउने निश्चित छ । यो आमजनमानसको टिप्पणी हो । संविधान कार्यान्वयनमा निःस्वार्थ रूपमा सहयोग गरेको मधेसलाई करदाता र मतदाता मात्र सोचियो भने त्यसले राजनीतिक ध्रुवीकरण र साम्प्रदायिक वितण्डा मच्चिने अवस्था आउँछ । जिम्मेवार राजनीतिक दलले समयमै यसबारे सोच्न सक्नुपर्छ ।


प्रदेश संरचना खारेज गर्ने र प्रदेश गभर्नरको व्यवस्था गर्ने भन्ने प्रस्ताव आपसमा बाझिएन र ?

धरातल भएको र जनआन्दोलनको मर्म बुझेको शक्तिले यस्तो प्रस्ताव गर्न सक्दैन । मुलुकको हित चाहने शक्तिले राजामहाराजाको हैकम चल्ने केन्द्रीकृत मानसिकता राख्नै सक्दैन । मुलुकलाई दीर्घकालीन द्वन्द्वबाट बचाउन र विकास गर्न भएकै संवैधानिक व्यवस्थालाई सुधार गरेर जाने सोच राख्छ । मुलुकलाई पछाडि फर्काउने उहाँहरूको मिसन स्पष्टै देखिन्छ ।

प्रेरक प्रसंग

अटोग्राफ लिने होइन, दिने बन

जर्ज बर्नार्ड सा अंग्रेजी कविता तथा नाटकका क्षेत्रमा अलग्गै परिचय स्थापित गर्न सक्षम व्यक्तित्व हुन् । उनीसित भेटघाट गरी संवाद गर्न, उनलाई घरमा बोलाएर भोजन गराउन तथा उनको सन्देशसहितको अटोग्राफ आफ्ना नोटबुकमा सुरक्षित राख्न चाहने मानिस निकै थिए ।



लन्डनका एक युवक पनि जर्ज बर्नार्ड साका निकै ठूला प्रशंसक थिए । उनी जसरी भए पनि सालाई भेटेर उनको सन्देशसहितको अटोग्राफ लिन चाहन्थे । यसका लागि उनी साका हरेक कार्यक्रमबारे जानकारी राखिरहेका हुन्थे । एकपटक ती युवकको गाउँनजिकै आयोजना गरिने एक साहित्यिक कार्यक्रममा सा पनि सहभागी हुने उनले जानकारी पाए । कार्यक्रमबारे थाहा पाएदेखि नै उनी सो दिनको व्यग्र प्रतीक्षामा रहे । अन्ततः कार्यक्रमको दिन पनि आइपुग्यो । उनी निर्धारित समयभन्दा दुई घन्टाअघि नै गएर कार्यक्रम आयोजना हुने हलमा पुगेर दर्शकदीर्घाको अघिल्लो पंक्तिमा बसे । तोकिएकै समयमा बर्नार्ड सा पनि कार्यक्रम स्थलमा पुगे । मौका पाउनासाथ ती युवकले आफ्नो डायरी बर्नार्ड साको हातमा दिँदै भने- मेरा प्रिय कविज्यू, कृपया यस डायरीमा संसारभरका युवाका लागि विशेष सन्देश लेखेर आफ्नो अमूल्य हस्ताक्षर गरिदिनुभएमा म कृतकृत्य हुने थिएँ ।

मुसुक्क हाँस्दै बर्नार्डले युवकको हातबाट डायरी लिए र आफ्नो सुन्दर लिपिमा लेखे- हे संसारभरका नवयुवकहरू हो, यसरी अर्काको बेकारका अटोग्राफ एकत्रित गर्ने कार्यमा आफ्नो अमूल्य समय बर्बाद नगर । बरु आफैं यति योग्य बन कि तिम्रो अटोग्राफ लिन अन्य मानिसले तँछाडमछाड गरून् ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

फारम भर्ने समय सकिएपछि नतिजा ?

०७८-७९ मा त्रिभुवन विश्वविद्यालयले स्नातक तहको दोस्रो वर्षको मौका तथा अन्य परीक्षाको फारम भर्ने समय यही असार ८ गतेसम्म तोकेको भए पनि त्रिविले स्नातक तह दोस्रो वर्षको परीक्षाको नतिजा अझै प्रकाशित गरेको छैन । जसका कारण परीक्षार्थी अलमलमा परेका छन् । फारम भर्ने समय सकिन लागिसक्यो, फेरि परीक्षा दिनुपर्ने हो भने विद्यार्थीलाई समयाभाव हुने भएकाले सम्बन्धित विद्यार्थी तनावमा छन् । यसरी परीक्षाको नतिजा प्रकाशन गर्न ढिला हुनुमा त्रिविको गैरजिम्मेवारी नै मुख्य कारण रहेकोमा दुईमत छैन । फारम भर्ने समय छँदै त्रिविले नतिजा प्रकाशन गर्नेछ भनी सम्बन्धित विद्यार्थीले आशा गरेका छन् ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

प्रधानमन्त्रीको सकारात्मक पहल

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड भारत भ्रमण गएका वेला महाकालेश्वर मन्दिरमा पूजा गर्दा नेपालमा चौतर्फी आलोचना भयो । प्रचण्डले लोकप्रिय बन्न धर्मिक कार्यमा सक्रिय भएको भन्नु दुःखद हो । शान्ति सम्झौतापश्चात् उनमा यो परिवर्तन देखिनु सौभाग्य हो । पछिल्लो समय राजावादी र केही कम्युनिस्टहरूले हिन्दूराज्यको माग गरिरहेका छन् । जनयुद्धको बलबाट धर्मनिरपेक्ष राष्ट्र स्थापित भएको हो र धर्मनिरपेक्ष राज्यसत्तालाई धार्मिक वर्चस्वबाट मुक्त गर्न प्रधानमन्त्री धार्मिक कार्यमा सक्रिय देखिनु सकारात्मक पक्ष हो ।

● **निरञ्जन मैनाली**
बारा, कोल्हबी

सांसदलाई पैसा नबाँड

संघीय सरकारका अर्थमन्त्रीले मरिसकेको निर्वाचन क्षेत्र कार्यक्रमलाई बिउँताएर आलोचना खेपिरहेका छन् । संघमै विवादित बनेको निर्वाचन क्षेत्र कार्यक्रमलाई अब प्रदेश सरकारले पनि निरन्तरता दिने सुनमा आइरहेको छ । यसरी सांसदलाई पैसा बाँड्न कहाँबाट आउँछ बजेट ? सरकारसित गरिब जनताको उपचारमा दिइँदै आएको सहुलियत दिन बजेट छैन, तर सांसदका कार्यकर्ता पोस्न भने जति पनि बजेट छ । के यस्तो पारामा देश बन्ला ? के यो बजेट एकीकृत विकासमा खर्चिन मिल्दैन हो ?

● **सुजना कार्की**
सानेपा, ललितपुर

पार्टी सदस्यता लिन हजार ?

म देश बनाउँछु, जनताको आवाज नेताले सुनेनन्, म सुन्छु र संसद्मा जनताको प्रतिनिधि भएर बस्छु भन्ने अनि तिनै जनतासँग पार्टी सदस्यताका लागि एक हजार रुपैयाँ लिने ? यो सरासर गलत हो । निर्वाचन जित्नु र जितेपछि काम गर्नु फरक कुरा हो । निर्वाचन जितेर जनताका लागि के काम गऱ्यो त राष्ट्रिय स्वतन्त्र पार्टीले ? सरकारमा जान गठबन्धनभित्र मोलमोलाइ नमिलेपछि दिएको समर्थन पनि फिर्ता लियो । अहिले संसद्मा बसेको छ, तलबभत्ता खाएको छ । अझ तलबभत्ता कम भयो भन्दै छन्, उसका सांसदले । के यसैका लागि जनताले जिताएका हुन् रास्वपालाई । ठुल्ठूला भाषण गरेर जनतालाई कहिलेसम्म गुमराहमा राख्ने ?

६ महिनाअघि खुलेको पार्टीमा हजार रुपैयाँ तिरेर सदस्यता लिइरहेका छन् नेपाली जनताले । त्यो हजार रुपैयाँ कहाँ जान्छ भनेर कसैले प्रश्न गरेका छैनन् । यस विषयमा मिडियाले समेत मौनता साधेका छन् । प्रतिव्यक्ति एक हजार लिनु सरासर अन्याय हो । प्रतिव्यक्ति एक हजार लिँदा एक लाख व्यक्तिले सदस्यता लिए भने कति रकम होला ? पार्टीलाई धनी बनाउने कि पार्टी अध्यक्षलाई । यो प्रश्नको उत्तर चाहियो ।

अनलाइनमार्फत पार्टी सदस्यता लिन पाइने व्यवस्था पनि ठिक लागेन । अनलाइनबाट पार्टी सदस्यता दिँदा को व्यक्ति सही र को गलत, कसरी छुट्याउने ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

देश / विदेश

नेपालमा चिनियाँ लगानी निरुत्साहित गर्ने भारतीय रणनीति

भारतको विद्युत् खरिदसम्बन्धी नीति परिवर्तनका कारण नेपालले ६ परियोजनाबाट चिनियाँ निर्मातालाई हटाएर तीमध्ये चार परियोजना भारतीय कम्पनीलाई सुम्पिएको छ

नेपालका प्रधानमन्त्री पुष्पकमल दहालको हालैको भारत भ्रमण र दुई पक्षबीच व्यापार र ऊर्जा क्षेत्रमा भएको सम्झौताले नेपालको ऊर्जा क्षेत्रमा भारतको प्रभाव थप बढेको देखिन्छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी १० वर्षभित्रमा नेपालबाट १० हजार मेगावाट विद्युत् आयात गर्ने घोषणा गरेका छन् । ऊर्जा क्षेत्रमा भारतको महत्त्वाकांक्षालाई नेपालको अर्थव्यवस्थाको मूल आधारमा नियन्त्रण र नेपालमा ठूलो लगानी गर्ने चीनसँगको प्रतिस्पर्धाका रूपमा लिइएको छ । केही विज्ञका अनुसार भारतले दक्षिण एसियामा क्षेत्रीय वर्चस्व कायम गर्न विभिन्न हत्कण्डा अपनाइरहेको छ, जसमा नेपालको विद्युत्लाई पनि एक अस्त्रका रूपमा प्रयोग गरिँदै छ । यद्यपि चीनलाई नेपालको विकासको अग्रमोर्चाबाट पछि हटाउने प्रयासले चीन-नेपालको सहकार्यमा अवरोध पुऱ्याउन सक्दैन । चीनले इमानदारीसाथ नेपालको अर्थतन्त्र एवं पूर्वाधार विकासमा सहयोग गरिरहेको छ । उसले नेपालका स्रोतलाई रणनीतिक गोटीका रूपमा प्रयोग गरिरहेको छैन ।

आजभन्दा करिब १० वर्षअगाडि नेपालमा एकदमै सीमित ऊर्जा आपूर्ति थियो । हालका दिनमा नेपालको ऊर्जा उत्पादन एवं आपूर्ति उल्लेखनीय ढंगले बढेको छ र नेपालले सन् २०२४ भित्र सबै जनतामाझ बिजुली पुऱ्याउने लक्ष्य राखेको छ । यो १० वर्षे प्रगतिमा चिनियाँ कम्पनीको अभूतपूर्व योगदान छ । उदाहरणका लागि नेपालको राजधानी काठमाडौं र पर्यटकीय नगरी पोखरालाई स्थिर ढंगले विद्युत् उपलब्ध गराउने माथिल्लो मर्स्याङ्दी ‘ए’ चीनले बनाएको पहिलो परियोजना हो । गत नोभेम्बरमा यस परियोजनाले विशेष योगदान पुरस्कार पायो । त्यसैगरी, मार्चमा सञ्चालनमा आएको र कुल क्षमता चार सय ५६ मेगावाट पुग्ने तथा नेपालको कुल गार्हस्थ उत्पादनमा एक प्रतिशतको योगदान पुऱ्याउने भनिएको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको निर्माण पनि चिनियाँ कम्पनीले नै गरेको थियो ।

नेपालले सुक्खायाममा पर्याप्त ऊर्जा आपूर्तिका लागि जलविद्युत् आयोजना निर्माण गर्छ भने नेपालले निश्चय नै वर्षायाममा अधिक विद्युत् उत्पादन गर्नेछ । विदेशी खरिदकर्ता भएन भने अधिक विद्युत् खेर जानेछ र यसले जलविद्युत् योजनामा विदेशी लगानीलाई निरुत्साहित गर्नेछ । दक्षिण एसियामा नेपालको अहिलेको मुख्य विदेशी विद्युत् बजार भारत र बंगलादेश हुन् । हाल भारतले नेपाललाई १० विभिन्न जलविद्युत् आयोजनाबाट उत्पादन हुने चार सय ५२.६ मेगावाट बिक्री गर्न अनुमति दिएको छ । नेपाल र बंगलादेशबीचको विद्युत् व्यापारमा भारतको रबैयाले महत्त्वपूर्ण भूमिका खेल्नेछ ।

भारतले सन् २०१४ देखि नेपालबाट विद्युत् खरिद गर्दै आएको छ, तर सन् २०१८ मा भारतले आफ्नै नीति परिवर्तन गऱ्यो । भारतले ‘ऊर्जा क्षेत्र साझेदारीमा बहुपक्षीय सम्झौता’ नगरेका मुलुकबाट उत्पादित विद्युत् खरिद नगर्ने निर्णय गऱ्यो अर्थात् भारतले चिनियाँ लगानी वा चीनले निर्माण गरेका परियोजनाबाट विद्युत् खरिद नगर्ने भयो । कैयौं विज्ञका अनुसार भारतको यस निर्णयले नेपाललाई दिल्लीसामु झुक्नुको विकल्प राखेन ।

भारतको विद्युत् खरिदसम्बन्धी नीति परिवर्तनका कारण नेपालले ६ परियोजनाबाट चिनियाँ निर्मातालाई हटाएर तीमध्ये चार परियोजना भारतीय कम्पनीलाई सुम्पियो । चिनियाँ लगानीमा बनेका विद्युत् परियोजनाले भारतीय बजारमा पहुँच पाउन नसक्दा नेपालले विद्युत् बिक्री गरेर कमाइ गर्नौंला भन्ने आशामाथि तुसारापात गरेको छ र चिनियाँ लगानी निरुत्साहित हुँदै छ । ग्लोबल टाइम्सलाई एक ठूला चिनियाँ निर्माताले नाम नखुलाउने सर्तमा भारतले विभिन्न तिकडम अपनाएर चिनियाँ लगानीमा भाँजो हाल्न नेपाल सरकारलाई दबाब दिइरहेको बताए । र, ५ र ६ वैशाखमा काठमाडौंमा भएको ऊर्जा सम्मेलनमा चिनियाँ कम्पनी र तिनका प्रतिनिधिले सहभागिता नजनाएको सम्मेलनका उपाध्यक्ष गणेश कार्कीले बताए । तर,



तस्बिरः पावर चाइना

नेपालमा रहेका केही चिनियाँ कम्पनीका प्रतिनिधिले भने आफूहरूलाई निम्तो नै नआएको बताएका छन् । ‘चाइनिज एकेडेमी अफ सोसल साइन्सेसको नेसनल इन्स्टिच्युट अफ इन्टरनेसनल स्ट्राटेजी’का सहायक अनुसन्धानकर्ता सुन छिउका अनुसार भारतको ऊर्जा खरिद ‘नीति परिवर्तनले चीन-भारत सम्बन्धलाई पनि दर्साउँछ । सन् २०१७ मा चीन र भारतबीच डोक्लाममा भएको टकरावका कारण दुई मुलुकबीचको सम्बन्ध चिसिएको थियो । यसैको नतिजा भारत चिनियाँ प्रभावलाई नेपालमा निस्तेज गर्न चाहन्छ । जलस्रोत मन्त्रालयका पूर्वसचिव द्वारिकानाथ ढुंगेलले पनि ३० मे का दिन बिबिसीमा भारतले नेपालमा चिनियाँ लगानी रोक्ने प्रयास गर्दै छ भनेका थिए । त्यसैगरी भारतको अब्जर्भर रिसर्च फाउन्डेसनका एक अध्येताले ‘भारतले नेपालमा चीनलाई ब्याकफुट (पछाडि) धकेल्दै’ छ भन्दै लेख लेखेका थिए ।

यो परिस्थितिको सामना गर्न चीन र नेपालबीच अन्तर-सीमा पावर ग्रिडको विकासबारे छलफल गर्न ढिलाइ गर्न नहुने सुन बताउँछन् । ‘यसो गर्दा सुक्खायाममा नेपालले चीनबाट विद्युत् आयात गर्न सक्छ भने बर्खामा बढी भएको विद्युत् चीनमा निर्यात गर्न सक्छ । र, यसले नेपालको भारतप्रतिको निर्भरता पनि घटाउँछ,’ सुन थप्छन् । यस्तो पावर ग्रिडको सम्भावनामा प्रगति भने भइरहेको छ, गत १२ फागुनमा अन-साइट इलेक्ट्रिकल टेस्टिङसमेत भएको थियो । पावर ग्रिडको ७० किलोमिटर लामो परियोजनाले चीन र नेपालबीच पाँच हजार मेगावाट बिजुलीको प्रसार हुनेछ ।

यही फेब्रुअरीमा चीनस्थित नेपाली दूतावासमा भएको एक समारोहमा चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्र

अमेरिकी विदेशमन्त्रीको चीन भ्रमणको मिति घोषणा

बेइजिङ / फेब्रुअरीमा हुने भनिएको अमेरिकी विदेशमन्त्रीको भ्रमण आगामी आइतबार हुने भएको छ । फेब्रुअरीमा अमेरिकी आकाशमा चिनियाँ जासुसी बेलुन देखिएपछि अन्तिम समयमा विदेशमन्त्रीको पूर्वनिर्धारित भ्रमण अचानक रद्द भएको थियो । विश्वका दुई ठूला अर्थतन्त्रबीच तनाव बढिरहेका वेला अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनको बेइजिङ भ्रमणलाई सकारात्मक रुपमा हेरिएको छ । भ्रमणअघि बुधबार ब्लिन्केन र चिनियाँ विदेशमन्त्री छिन कङबीच टेलिफोन वार्ता भएको थियो । यस टेलिफोन वार्तालें दुई मुलुकबीचको कूटनीतिक गतिरोधलाई मत्थर बनाएको दुवै पक्षले दाबी गरेका छन् । अमेरिका र चीनबीच ताइवान, साउथ चाइना सी, व्यापारलगायत विषयमा विवाद छ । बेइजिङले आवश्यक परे ताइवानलाई बल प्रयोग गरेर कब्जा गर्न सक्ने चेतावनी दिँदै आएको छ । अमेरिकाले त्यस्तो कदमविरुद्ध कारबाही गर्ने बताउने गरेको छ । यो वर्षको प्रारम्भदेखि नै चीन र अमेरिकाबीचको सम्बन्ध नयाँ कठिनाइ र चुनौतीबाट गुज्रिरहेको सन्दर्भमा भ्रमणलाई विश्वले महत्त्वका साथ हेरेका छन् ।

इतिहासमा आज



सन् १९५४ : युरोपेली फुटबल संघ (युइएफए) को स्थ ापना । युइएफए युरोपमा एसोसिएसन फुटबलको छाता संगठन हो । संघमा युरोप र एसियाका ५४ देश छन् ।

सन् १९७७ : स्पेनमा पहिलो स्वतन्त्र निर्वाचन सम्पन्न । तत्कालीन दक्षिणपन्थी तानासाह फ्रान्सिस्को फ्रान्कोको अधिनायकवादी शासनपछि फिलिपिन्स प्रजातन्त्रमा 'टूान्जिसन' गरेको थियो । एडोल्फो सुवारेज प्रजातान्त्रिक स्पेनका पहिलो प्रधानमन्त्री हुन् ।

सन् १९९१ : फिलिपिन्सको माउन्ट पिनाटुबो विस्फोट हुँदा करिब आठ सयजनाको मृत्यु । विस्फोटले विश्वव्यापी असर गरेको थियो । विस्फोटपछि विश्वव्यापी तापमानमा ०.५ डिग्री सेल्सियसले गिरावट आएको थियो ।

कुमारी बैक लिमिटेड, शाखा कार्यालय नयाँ पर्सा, चितवनको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०२/३२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय नयाँ पर्सा, चितवनबाट तपसिलमा उल्लेखत ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत बैंकलाई धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न यो १५ दिने लिलाम सुचना प्रकाशित गरीएको छ । यो सुचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० असार १५ गते शुक्रबार**का दिन शाखा कार्यालय नयाँ पर्सा, चितवनमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुने छ ।

तपसिल

क. ऋणीहरुको विवरण:

१. महेन्द्र विक्रम ठकुरी/भगवती ठकुरीको छोरी, मान बहादुर कार्की/उमा माया कार्कीको बुहारी, लेख बहादुर कार्कीको पत्नी, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०३ (साबिक राप्ती न.पा. वडा नं.०२) बस्ने **सुनीता ठकुरी** (ना.प्र.नं. ३५-०१-७४-०६६७८, जारी मिति २०७४/०५/०४, जिल्ला प्रशासन कार्यालय चितवन) ।
२. तुल बहादुर कार्की/तुला माया कार्कीको नाति, मान बहादुर कार्की/उमा माया कार्कीको छोरा, रमिना गुरुङको पति, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०३ (साबिक चौनपुर गा.वि.स. वडा नं.०६) बस्ने **शेर बहादुर कार्की** (ना.प्र.नं. ३५३०१५/८७४, जारी मिति २०६३/१०/२६, जिल्ला प्रशासन कार्यालय चितवन) ।
३. तुल बहादुर कार्की/तुला माया कार्कीको नाति, मान बहादुर कार्की/उमा माया कार्कीको छोरा, सुनीता ठकुरीको पति, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०३ (साबिक चैतपुर गा.वि.स. वडा नं. ०६) बस्ने **लेख बहादुर कार्की** (ना.प्र.नं. ३५१०१५/११७७, जारी मिति २०६८/१०/१५, जिल्ला प्रशासन कार्यालय चितवन) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. तुल बहादुर कार्की/तुला माया कार्कीको नाति, मान बहादुर कार्की/उमा माया कार्कीको छोरा, सुनीता ठकुरीको पति, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०३ (साबिक चैतपुर गा.वि.स. वडा नं. ०६) बस्ने **लेख बहादुर कार्की** (ना.प्र.नं. ३५१०१५/११७७, जारी मिति २०६८/१०/१५, जिल्ला प्रशासन कार्यालय चितवन) ।
२. मान बहादुर गुरुङ/स्याममाया गुरुङको नातिनी, धन बहादुर गुरुङ/सितामाया गुरुङको छोरी, मान बहादुर कार्की/उमा माया कार्कीको बुहारी, शेर बहादुर कार्कीको पत्नी, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०३ (साबिक चैतपुर गा.वि.स. वडा नं. ०६) बस्ने **समिना गुरुङ** (ना.प्र.नं.०३४१५०, जारी मिति २०६३/११/०१, जिल्ला प्रशासन कार्यालय चितवन) ।
३. तुल बहादुर कार्की/तुला माया कार्कीको नाति, मान बहादुर कार्की/उमा माया कार्कीको छोरा, रमिना गुरुङको पति, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०३ (साबिक चौनपुर गा.वि.स. वडा नं.०६) बस्ने **शेर बहादुर कार्की** (ना.प्र.नं. ३५३०१५/८७४, जारी मिति २०६३/१०/२६, जिल्ला प्रशासन कार्यालय चितवन) ।

लिलाम हुने सम्पतीको विवरण

१. **शेर बहादुर कार्की** र **लेख बहादुर कार्की** को नाममा संयुक्त रुपमा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, चैनपुर गा.वि.स./न.पा. वडा नं. ५ स्थित कित्ता नं. ११६९ को क्षेत्रफल. ०-४-१८-० (विगाहा) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

ख. ऋणीको विवरण

खड्क बहादुर मगरको नाति, हस्त बहादुर मगरको छोरा, तिल माया मगरको पति, चितवन जिल्ला, चैनपुर गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा. वडा न. ०३ बस्ने **सन्त बहादुर मगर** (ना.प्र.नं. ११८१, जारी मिति २०४५/०८/१४, जिल्ला प्रशासन कार्यालय चितवन) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. फुलमान घिसिङको नातिनी, गंगा बहादुर घिसिङ/गोमा कुमारी घिसिङको छोरी, सन्त बहादुर मगर/तिल माया मगरको बुहारी, नगेन्द्र बहादुर मगरको पत्नी, चितवन जिल्ला, चैनपुर गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ३ बस्ने **वर्षा कुमारी घिसिङ** (ना.प्र.नं. ३५१०१५/२५०६, जारी मिति २०७०/०२/२७, जिल्ला प्रशासन कार्यालय चितवन) ।
२. हस्त बहादुर मगरको नाति, सन्त बहादुर मगर/तिल माया मगरको छोरा, वर्षा कुमारी घिसिङको पति, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ३ बस्ने **नगेन्द्र बहादुर मगर** (ना.प्र.नं. ३५-०१-७१-०२५२९, जारी मिति २०७१/०३/०२, जिल्ला प्रशासन कार्यालय चितवन) ।

लिलाम हुने सम्पतीको विवरण

१. **सन्त बहादुर मगर**को नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, चैनपुर गा.वि.स./न.पा. वडा नं. ५ स्थित कित्ता नं. २१५ को क्षे.फ. जम्मा २७७६.७६ (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

ग. ऋणीको विवरण

मनिराम पाण्डेको नाती, नरहरि पाण्डे/गंगादेवी पाण्डेका छोरा, जानकी देवी पाण्डेको पति रुपन्देही जिल्ला, सियारी गांउपालिका वडा नं.०४. स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०४, बस्ने **डिलाराम पाण्डे** (ना.प्र.प.नं.४/२८१९, जारी मिति २०५३/०१/२६, जिल्ला प्रशासन कार्यालय रुपन्देही) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. नरहरि पाण्डे/गंगादेवी पाण्डेको बुहारी, डिलाराम पाण्डेको पत्नी रुपन्देही जिल्ला, सियारी गांउपालिका वडा नं.०४ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०४, बस्ने **जानकी देवी पाण्डे** (ना.प्र.प.नं. १८५४३, जारी मिति २०६२/०१/०९, जिल्ला प्रशासन कार्यालय रुपन्देही) ।

लिलाम हुने सम्पतीको विवरण

१. **डिलाराम पाण्डे**को नाममा मालपोत कार्यालय भैरहवामा दर्ता कायम रहेको रुपन्देही जिल्ला, दयानगर गा.वि.स. वडा नं. ०७ स्थित कित्ता नं. ५१० को क्षेत्रफल ०-९-० (बि-क-धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

घ. ऋणीको विवरण

प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम, नेपाल सरकार, प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय बागमति प्रदेश, भरतपुर, चितवनमा मिति २०७८/०४/२५ मा प्रा.फ.द.नं. १७२/०७८/०७९ कायम भई दर्ता रहेको चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ०३ स्थित रजिष्टर्ड कार्यालय रहेको **एडि एस चितवन पशुपालन फर्म** (प्रोप्राईटर सेतु मगरको नाति, डिल बहादुर मगर/बि माया मगरको छोरा, तारा कुमारी एक्चैंको पति, चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ०३ (साबिक चैनपुर गा.वि.स. वडा.नं ०६) बस्ने **अक्कल बहादुर मगर** (ना.प्र.नं. ८०६९/०६२, जारी मिति २०६२/०१/०६, जिल्ला प्रशासन कार्यालय चितवन) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. खड्क बहादुर एक्चैंको नातिनी, राम बहादुर एक्चैं/सानु मगरको छोरी, डिल बहादुर मगर/बि माया मगरको बुहारी, अक्कल बहादुर मगरको पत्नी, सिन्धुली जिल्ला, वालाजोर गा.वि.स., वडा नं. ०१ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०३ बस्ने **तारा कुमारी एक्चैं** (ना.प्र.नं. २०१०३९/३२/२८५७, जारी मिति २०६४/०९/११, जिल्ला प्रशासन कार्यालय सिन्धुली)।

लिलाम हुने सम्पतीको विवरण

१. **अक्कल बहादुर मगर**को नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, चैनपुर गा.वि.स./न.पा. वडा नं. ५ स्थित कित्ता नं. ६०५ र ५४२ को क्षेत्रफल क्रमश १६९७.११ र ५१२.८७ (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० असार १४ गते** भित्र बैंकको शाखा कार्यालय नयाँ पर्सा, चितवनमा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय नयाँ पर्सा, चितवनबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिने छ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सुचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० असार १५ गते १२:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय नयाँ पर्सा, चितवनमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदातासे सोको सुचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय नयाँ पर्सा, चितवनमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० साल असार १५ गते शुक्रबार मध्यान्ह १२:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय नयाँ पर्सा, चितवन फोन नं. ०५६-५८३३२६/२७

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०२/३२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासंग सम्बन्धित तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिकी गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा जमानीकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ । साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

खैरेनी शाखा, रुपन्देही

ऋणीको विवरण

देवदह नगरपालिका ७ नं. वडा कार्यालय, देवदह, रुपन्देही, लुम्बिनी प्रदेशमा दर्ता नं. ३४३ अन्तर्गत मिति २०७८/०१/०५ मा दर्ता कायम भएको **जे.के. सप्लायर्स**
फर्म दर्ता ठेगाना : देवदह न.पा. ७, रुपन्देही
स्थायी लेखा नं. ६१५८५७८३९ मिति २०७८/०१/०७
प्रोप्राइटर : धनमाया सापकोटा
कर्जा शिर्षक : आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

धनमाया सापकोटा ना.प्र.नं. १/२४३४ जारी मिति : २०६२/०९/१८, जि.प्र.का. रुपन्देही बाबुको नाम : मोहदत्त सापकोटा पतिको नाम : मेघराज ढकाल ससुराको नाम : सदाखर ढकाल स्थायी ठेगाना : देवदह - ३, रुपन्देही हालको ठेगाना : देवदह न.पा. - ७, रुपन्देही	**मेघराज ढकाल** ना.प्र.नं. ३१६२ जारी मिति : २०५१/०१/२९, जि.प्र.का. चितवन बाबुको नाम : सदाखर ढकाल बाजेको नाम : तिलकराम ढकाल स्थायी ठेगाना : बघौडा - ४, चितवन हालको ठेगाना : देवदह न.पा. - ७, रुपन्देही

टिकापुर शाखा, कैलाली

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य आपुर्ति तथा अपभोक्ता संरक्षण विभाग, वाणिज्य कार्यालय, धनगढी, कैलालीमा प्रा.फ.र.नं. २५९२७/०७५/७६ अन्तर्गत मिति २०७५/०५/१४ मा दर्ता कायम भएका **जनमुखि ट्रेडर्स एण्ड सप्लायर्स** फर्म दर्ता ठेगाना : टिकापुर न.पा - ०४, कैलाली स्थायी लेखा नं. ६०८३५५६८३, मिति २०७५/०५/१४ **प्रोप्राईटर तथा जमानतकर्ता : जनक सिंह ठकुरी** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**जनक सिंह ठकुरी** ना.प्र.नं. ६७-०२-७४-११८४४ जारी मिति २०७४/१२/१९, जि.प्र.का. कैलाली बाबुको नाम : बद्धि सिंह ठकुरी बाजेको नाम : दयाल सिंह ठकुरी स्थायी ठेगाना : टिकापुर न.पा - ०४, कैलाली

व्यक्तिगत जमानत दिनेको विवरण

सुमित्रा सिं ठकुरी ना.प्र.नं. ६७२०४०/१४८८९ जारी मिति : २०६८/०४/०९, जि.प्र.का. कैलाली बाबुको नाम : धन बहादुर शाही पतिको नाम : बुद्धि सिं ठकुरी ससुराको नाम : दयाल सिंह ठकुरी स्थायी ठेगाना : टिकापुर - ०१, कैलाली	**बुद्धि सिं ठकुरी** ना.प्र.नं. १४२८ जारी मिति २०४५/०१/११, जि.प्र.का. कैलाली बाबुको नाम : दयाल सिं ठकुरी बाजेको नाम : कल्चु सिं ठकुरी स्थायी ठेगाना : टिकापुर - ०१, कैलाली

ज्ञानेश्वर शाखा, काठमाडौं

ऋणीको विवरण

१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता. नं. २३३३७३/०७६/०७७ अन्तर्गत मिति २०७६/१०/१५ मा दर्ता कायम भएको **लप्सिफेंदी देउराली रिसोर्ट प्रा.ली.**
फर्म दर्ता ठेगाना : शङ्खरापुर न.पा. - २, लप्सिफेंदी, काठमाडौं
स्थायी लेखा नं. ६०९७११९९२, मिति २०७६/११/०४
संचालकहरु : श्रीमद खड्का र भागवत खड्का
कर्जा शिर्षक : आवधिक तथा ओभरड्राफ्ट कर्जा

२. श्रीमद खड्का
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

भागवत खड्का ना.प्र.नं. १२२३ /४४६५७ जारी मिति २०६०/०४/२०, जि.प्र.का. काठमाडौं बाबुको नाम : श्याम बहादुर खड्का बाजेको नाम : कुल ध्वज खड्का स्थायी ठेगाना : डाँछी - ०१, काठमाडौं	**श्रीमद खड्का** ना.प्र.नं. ६२४४ जारी मिति २०५५/०९/०६, जि.प्र.का. काठमाडौं बाबुको नाम : श्याम बहादुर खड्का बाजेको नाम : कुल ध्वज खड्का स्थायी ठेगाना : डाँछी - ०१, काठमाडौं हालको ठेगाना : कागेश्वरी मनहरा - ०४, काठमाडौं
श्याम बहादुर खड्का ना.प्र.नं. ३९२/०४६ जारी मिति २०४६/०९/१०, जि.प्र.का. काठमाडौं बाबुको नाम : कुल ध्वज खड्का बाजेको नाम : कुल बहादुर खड्का स्थायी ठेगाना : डाँछी - ०१, काठमाडौं	**श्रीमती मोहन कुमारी खड्का** ना.प्र.नं.२७५० जारी मिति २०४५/०१/०५, जि.प्र.का. काठमाडौं बाबुको नाम : प्रेमबहादुर थापा पतिको नाम : श्याम बहादुर खड्का ससुराको नाम : कुल ध्वज खड्का स्थायी ठेगाना : डाँछी - ०१, काठमाडौं

कालिकानगर शाखा, रुपन्देही

ऋणीको विवरण

१. तिलोत्तमा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रुपन्देही, लुम्बिनी प्रदेशमा दर्ता नं. ३/१२२ अन्तर्गत मिति २०७७/११/०४ मा दर्ता कायम भएको **माता देउराली कलेक्शन**
फर्म दर्ता ठेगाना : तिलोत्तमा न.पा. - ०३, रुपन्देही
स्थायी लेखा नं. ६१५१८४२१४, मिति २०७७/११/०४
प्रोप्राईटर : उर्मिला थापा
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

उर्मिला थापा ना.प्र.नं. ३७४/०४४ जारी मिति २०५९/०२/२१, जि.प्र.का. चितवन बाबुको नाम : दल बहादुर थापा पतिको नाम : युव राज उपाध्याय ससुराको नाम : दयाराम उपाध्याय स्थायी ठेगाना : शिवनगर - ५, चितवन	**युव राज उपाध्याय** ना.प्र.नं. १४०२२ जारी मिति २०५६/०९/१७, जि.प्र.का. कपिलबस्तु बाबुको नाम : दयाराम उपाध्याय बाजेको नाम : टिकाराम उपाध्याय स्थायी ठेगाना : कोपवा - ०७, कपिलबस्तु

ऋणीको विवरण

२. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देहीमा प्रा.फ.र.नं. ४५३६७/०७६/७७ अन्तर्गत मिति २०७६/०६/०९ मा दर्ता कायम भएको **मेडिसिटी ड्रग सप्लायर्स**
फर्म दर्ता ठेगाना : बुटवल उ.म.न.पा - वडा नं. ६, रुपन्देही
स्थायी लेखा नं. ६०२३१९१२२, मिति २०७१/०४/२९
प्रोप्राईटर : मनिष वस्नेत
ना.प्र.नं. २५४८१ जारी मिति २०५०/०४/०५, जि.प्र.का. मकवानपुर
बाबुको नाम : टिकाराम वस्नेत
बाजेको नाम : कटक बहादुर वस्नेत
स्थायी ठेगाना : हजरिया -१, सर्लाही
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

रेश्मा भण्डारी ना.प्र.नं. ३८/२६०३७ जारी मिति २०६२/०५/१२, जि.प्र.का. मकवानपुर बाबुको नाम : कान्छा भण्डारी क्षेत्री पतिको नाम : मनिष वस्नेत ससुराको नाम : टिकाराम वस्नेत स्थायी ठेगाना : हटौडा - ०४, मकवानपुर	**शारदा पोखरेल** ना.प्र.नं. १२००/०३०/३१ जारी मिति २०३१/०३/१७, जि.प्र.का. मोरङ्ग बाबुको नाम : मेघनाथ उपाध्याय पोखरेल पतिको नाम : टिकाराम वस्नेत ससुराको नाम : कटक बहादुर वस्नेत स्थायी ठेगाना : विराटनगर - ६, मोरङ्ग

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

सहकारी क्षेत्रका लागि निराशाजनक बजेट

सहकारी भनेको न्यून आय भएका सामुदायमा आधारित संस्था हो, यस्तो संस्थाप्रतिको कर वृद्धि आफैंमा लज्जास्पद विषय हो



अर्थ संवाद

● केबी उप्रेती
अध्यक्ष
राष्ट्रिय सहकारी बैंक

सरकारले जेठ १५ गते आगामी आर्थिक वर्ष ०८०/८१ का लागि १७ खर्ब ५१ अर्ब ३१ करोड रुपैयाँबराबरको बजेट सार्वजनिक गऱ्यो। अर्थमन्त्री डा. प्रकाशशरण महतले संसद्मा प्रस्तुत गरेको बजेटमा आय-व्ययको अनुमान विवरणअनुसार कुल विनियोजनमध्ये चालूतर्फ ११ खर्ब ४१ अर्ब ७८ करोड रुपैयाँ अर्थात् ६५.२० प्रतिशत, पुँजीगततर्फ तीन खर्ब दुई अर्ब सात करोड रुपैयाँ अर्थात् १७.२५ प्रतिशत र वित्तीय व्यवस्थापनतर्फ तीन खर्ब सात अर्ब ४५ करोड रुपैयाँ अर्थात् १७.५५ प्रतिशत रहेको उल्लेख गर्नुभयो।

सरकारले आगामी आवका लागि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई ७ अर्ब २४ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ। समग्रमा बजेट सकारात्मक भए पनि कार्यान्वयनमा भने चुनौती रहेको छ। अर्कोतर्फ, सहकारी, बैंक तथा वित्तीय क्षेत्रमा देखिएको तरलता अभावलगायतका समस्याको सम्बोधन गर्नेतर्फ बजेट केन्द्रित देखिएको छैन। सहकारीलाई नै चिढ्याउने गरी बजेट ल्याइएको छ। यसतर्फ हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। अर्थमन्त्री महतले आर्थिक वर्षको बजेटमा सहकारी क्षेत्रले उठाएका विषयहरूलाई बेवास्ता गर्दै उल्टै बचत तथा ऋण सहकारीहरूलाई लाग्ने आयकर वृद्धि गरेर समग्र सहकारी क्षेत्रमा नै निराशा पैदा गराएको छ। बजेटमार्फत नगरपालिका क्षेत्रभित्र सञ्चालित बचत तथा ऋण कारोबार गर्ने सहकारीलाई १० प्रतिशत, उप-महानगरपालिकामा १५ प्रतिशत र महानगरपालिकामा २० प्रतिशत आयकर लाग्ने व्यवस्था गरिएको छ। गाउँपालिकामा सञ्चालित सबै किसिमका सहकारीलाई आयकरमा छुट दिइएको छ।

सहकारी ऐन २०७४ मा नगरपालिका क्षेत्रभित्र सञ्चालित सहकारीलाई ५ प्रतिशत, उप-महानगरपालिमा ७ प्रतिशत र महानगरपालिकामा १० प्रतिशत आयकर लाग्ने प्रावधान राखिएको छ। सोहीअनुसार आर्थिक वर्ष ०७७/७८ को बजेटमार्फत तत्कालीन अर्थमन्त्री डा. युवराज खतिवडाले आयकरको विषय समायोजन गर्नुभएको थियो। त्यसभन्दा अघिसम्म सहकारीलाई २० प्रतिशत आयकर लाग्ने व्यवस्था थियो।

त्यसपछि आर्थिक वर्ष ०७९/८० को बजेटमा तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले आयकर वृद्धि गरी नगरपालिका क्षेत्रमा सञ्चालित सहकारीलाई ७ दशमलव ५ प्रतिशत, उपमहानगरपालिकाका सहकारीलाई १० प्रतिशत र महानगरपालिकामा सञ्चालित सहकारीलाई १५ प्रतिशत आयकर लाग्ने व्यवस्था गरेका थिए। तर, सहकारी अभियन्ताले यस विषयमा विरोध गरे। चौतर्फी विरोध भएपछि सरकारले बजेटमा राखेको व्यवस्था हटाएको थियो।

सहकारीमा राखिएको करमा आपत्ति : आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै अर्थमन्त्री प्रकाशशरण महतले पुनः सहकारीको कर बढाउनुभएको छ। आर्थिक विधेयकमार्फत सहकारी ऐन २०७४ मा नै व्यवस्था भएको विषयलाई समेत परिवर्तन गरेर विवादास्पद दर कायम गरिएको छ। जसले न्यून र मध्यम आय भएका नागरिकलाई मारमा पार्नेछ। सहकारी भनेको न्यून आय भएका सामुदायमा आधारित संस्था हो। यस्तो संस्थाप्रतिको करमा वृद्धि आफैंमा लज्जास्पद विषय हो। त्यसैले हामी सहकारी अभियानकर्मीले यसको विरोध गरेका छौं। समाजवादउन्मुख अर्थतन्त्र निर्माणका लागि राज्यको एक महत्त्वपूर्ण आधारशिलाका रूपमा सहकारी संघ/संस्था रहेका छन्। यस्ता संस्थाको आयकर दर वृद्धि गर्नु न्यायोचित नभएकाले नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकामा पूर्ववत् रूपमा लिँदै आएको आयकरको दर नै राख्नुपर्छ। यसअघिको व्यवस्थाअनुसार क्रमशः पाँच, सात र दश प्रतिशत आयकरलाई नै यथावत् राख्न हामीले नेपाल सरकार, संघीय संसद् एवं सम्बद्ध पक्षको नाममा प्रेस विज्ञप्ति जारी गरेका छौं। सरकारले गरेको यो व्यवस्था फिर्ता गर्न माग गरेका छौं।

सहकारी अभियन्ताको माग सम्बोधन हुँदैन : बजेट निर्माण गर्दा सम्बन्धित पक्षसँगको राय पनि उत्तिकै जरुरी छ। हामी सहकारी अभियानकर्मीले वर्षौंपिच्छे सहकारी क्षेत्रको विकासका लागि सरकारलाई विभिन्न सुझाव दिँदै आएका छौं। यो वर्ष पनि हामीले अर्थ मन्त्रालयलाई सहकारी क्षेत्रको बचतलाई उद्यम विकास र रोजगारी सिर्जना हुने क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने रणनीति बनाउन सरकारलाई सुझाव दिएका थियौं। त्यस्तै, बचत तथा ऋण सहकारी संस्थाको कार्यक्षेत्र निश्चित भौगोलिक क्षेत्रमा केन्द्रित गरेर सेवा प्रवाहलाई व्यवस्थित गर्न पनि आग्रह गरेका थियौं। यसअघिका बजेटमा पनि पटक-पटक सहकारीको अनुगमन प्रभावकारी बनाउन राष्ट्र बैंकलाई जिम्मेवारी दिनुपर्ने घोषणा गरिएको थियो। तर, कार्यान्वयन भने भएन। साथै, सहकारी प्राधिकरणको निर्माण गर्नुपर्ने, सेकेन्ड टायर इन्स्टिच्युसन बनाउनेलगायतका विषयहरू बजेटमा घोषणा भए, तर कार्यान्वयन भने अहिलेसम्म भएका छैनन्।

यद्यपि, सरकारले बजेटमार्फत कृषि, उत्पादन र उपभोक्ता क्षेत्रका सहकारीहरूलाई भने प्रोत्साहन गरेको छ। कृषि उपजको संकलन, भण्डारण र बजारसम्म पहुँच विस्तारका लागि कृषि सहकारीलाई प्रवर्द्धन गरिने र यसका लागि सहकारीलाई ढुवानी साधन खरिदमा राजस्व छुट दिनुका साथै संकलन केन्द्र निर्माणमा सहयोग उपलब्ध गराइने भनिएको छ। सहकारी उपभोक्ता पसलको विषय पुनः बजेटमा ल्याइएको छ। यसले उपभोक्ता सहकारीको प्रवर्द्धनमा सहयोग पुग्ने देखिन्छ।



अर्थमन्त्री डा. प्रकाशशरण महतले आगामी आवको बजेटमा सहकारी क्षेत्रले उठाएका विषयलाई बेवास्ता गर्दै उल्टै बचत तथा ऋण सहकारीलाई लाग्ने आयकर वृद्धि गर्दा समग्र सहकारी क्षेत्रमा नै निराशा पैदा गराएको छ

यसका अतिरिक्त बजेटमा देशभर उपलब्ध अत्यावश्यक खाद्य पदार्थ उत्पादन, मौज्दात तथा आपूर्तिको अद्यावधिक सूचना प्राप्त हुने प्रणाली विकास गरिने व्यवस्था गरिएको छ। सहुलियत मूल्यमा खाद्यवस्तु बिक्री वितरण गर्ने पसल सञ्चालन गर्न सहकारी संस्थालाई प्रोत्साहित गरिने विषय बजेटमा समावेश गरिएको छ। सरकारी, सामुदायिक र सहकारी अस्पतालबाट स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गर्ने बजेटमा व्यवस्था गरिएका छन्। यस्ता विषय बजेटमा समेटनु सकारात्मक छन्। तर, कार्यान्वयनको प्रभावकारिता भने हेर्न बाँकी नै छ।

स्थायी लेखा नम्बरलाई राष्ट्रिय परिचयपत्रसँग आबद्ध गरी बैंक, वित्तीय संस्था तथा सहकारी संस्थामा खाता सञ्चालन गर्दा स्थायी लेखा नम्बरलाई अनिवार्य गर्दै लगिने घोषणा गरिएको छ। यो कुरा सहकारी क्षेत्रमा सबैलाई सम्भव नहोला। किनकि, सहकारी क्षेत्रमा त धेरैजसो ग्रामीण भेगको दूरदराजमा रहेका नागरिक आबद्ध छन्। त्यस्ता नागरिकको लेखा नम्बर अनिवार्य गरिनु भने व्यावहारिक नहुने देखिन्छ। हामीले विगतदेखि नै सहकारी क्षेत्रको प्रवर्द्धन र विकासका लागि कम्तीमा ५ प्रतिशत बजेट विनियोजन गर्न माग गरेका थियौं। तर, त्यसलाई बजेटमार्फत सम्बोधन भएन।

संविधानको मर्म, स्थानीय तहको प्रभावकारिताका लागि सहकारीको भूमिका बढाउन आवश्यक छ।

सहकारी क्षेत्रमा रहेको पुँजी, प्रविधि र मानव स्रोतलाई परिचालन गरी स्थानीय स्रोतको पहिचान, उत्पादन र प्रशोधनमा स्थानीय तह र सहकारी क्षेत्रबीच सहकार्य हुने गरी बजेटको व्यवस्थापन भएको छैन।

सरकारले विपन्न वर्गका लागि सञ्चालन गर्ने न्यून लागतका ऋण तथा अनुदान राष्ट्रिय सहकारी बैंक लिमिटेडमार्फत परिचालन गर्न हामी तयार छौं। सरकारले लिएको लक्ष्य प्राप्तिका लागि बैंकले न्यून लागतमा सरकारको बजेट परिचालन गरी बढीभन्दा बढी प्रतिफल दिन हामी तत्पर छौं। तर, यहाँ सरकारले नै उपेक्षा गरेको छ। त्यसैगरी, सहकारी डिजिटलाइजेनसनमा जान बजेटमा सम्बोधन नभए पनि नियामक निकायबाट समन्वय गरेर अघि बढ्नुपर्ने अवस्था छ।

सहुलियत दरमा १० अर्ब रकम उपलब्ध गराउनुपर्ने : अहिले सहकारी क्षेत्रमा देखिएको समस्या समाधानका लागि हामीले सरकारसँग १० अर्ब रुपैयाँ सहुलियत दरमा कर्जा उपलब्ध गराउन अनुरोध गरेका थियौं। तर, सरकारले हाम्रो सुझावलाई भने बेवास्ता गर्दै आएको छ। कोभिडपछाडि विश्वमा देखिएको आर्थिक मन्दीलगायतका कारण सहकारी संस्थाहरू पनि प्रभावित बनेका छन्। केही ठूला सहकारीले बाटो बिराउँदा अन्य सहकारी पनि जोखिममा परेका छन्। त्यसैले सहकारी क्षेत्रको सेफ ल्यान्डिङका लागि सरकारले सहकारीलाई सहुलियत कर्जा प्रदान गर्न आग्रह गरेका थियौं।

राष्ट्रिय सहकारी महासंघको नेतृत्वमा मेरो संयोजकत्वमा हामीले सहकारी समस्या समाधान सुझाव समिति गठन गरेका थियौं। हामीले सरकारलाई १८ वटा सुझाव दिएका थियौं। समितिले सहकारीभित्र सकारात्मक धारणा नहुनु, सदस्यकेन्द्रित नहुनु, शिक्षा र तालिमको कमी, सुशासनको अभाव, अनुगमनको कमी, तरलता व्यवस्थापनमा कमजोर, लगानी व्यवस्थापनमा कमजोरलगायतका समस्या रहेको पहिचान गरी सरकारलाई समस्या समाधानका लागि सुझाव दिएका थियौं। तर, सरकारले त्यसको बेवास्ता गरेको छ।

अहिले सहकारीकर्मी जोखिममा छन्। जिउधनको जोखिम छ। त्यसैले यस्ता गतिविधिलाई नियन्त्रण गर्न भन्दै हामीले अर्थमन्त्री, राजनीतिक दलका नेताहरूलाई समेत ज्ञापनपत्र बुझाएका छौं। तर, यसमा कुनै पनि सम्बोधन भएको छैन।

ज्ञापनपत्रमा सहकारी अभियानप्रति लक्षित भएका भ्रामक गतिविधि र कार्यहरूविरुद्ध आवश्यक कारबाही गर्दै जनस्तरमा सकारात्मक सन्देश प्रवाह हुने कार्यक्रम गर्न आग्रह गरेका छौं। त्यस्तै, व्यक्तिगत बचतको सीमा २५ लाख तोक्ने गरी सहकारी ऐन संशोधन गर्न बनेको विधेयकको दफा तत्काल खारेज गर्नुपर्ने, बजारअनुसार सन्दर्भ ब्याजदर निर्धारण हुने स्वचालित प्रणालीको व्यवस्था गर्नुपर्ने उल्लेख छ।

त्यसैगरी, तरलता समस्या समाधानका लागि राष्ट्रिय सहकारी बैंकमार्फत परिचालन हुने गरी सहुलियत ब्याजदरमा १० अर्ब रकम उपलब्ध गराउनुपर्ने, कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायाधिकरण, बचत तथा कर्जा सुरक्षण कोष स्थापना गर्नुपर्ने, ऋणीहरूको एकाघर सगोल परिवारको चल-अचल सम्पत्ति रोक्का राख्न पाउने व्यवस्था कार्यान्वयन गर्नुपर्ने, करचुक्ता लिने म्याद थप गर्नुपर्ने, सहकारीलाई २ वर्षको कुलिङ पिरियड दिनुपर्नेलगायतका माग राखेका छौं। सरकारले यो विषयलाई मनन गर्न नसकेमा सहकारी क्षेत्रलाई बचाउन मुस्किल छ।

धितोमा रहेको सम्पत्ति शिलबन्दी बोलपत्र आह्वानद्वारा बिक्री गरिनेबारे सार्वजनिक सूचना

(सूचना प्रकाशन मिति : २०८०।२।३२ गते)

यस बैंकका देहायका शाखा कार्यालयबाट निम्नबमोजिम कर्जा तथा सुविधा लिने ग्राहकहरूले म्यादभित्र कर्जा चुक्ता नगरी लिखित तथा मौखिक तर ताकेता र पत्रिकामा विभिन्न मितिमा धितो लिलाम बिक्री गरिनेबारेको सार्वजनिक सूचना गर्दा समेत कर्जा चुक्ता नभएकाले यो सूचना प्रकाशित गरिएको छ। तसर्थ, यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकमा आई आफूले उपभोग गरेको साँवा तथा कर्जा चुक्ता गर्ने अधिल्लो दिनसम्मको ब्याज र अन्य लेना रकम समेत चुक्ता गरी धितो सम्पत्ति फुकुवा गराई लिनुहुन सम्बन्धित ग्राहक र धितो मन्जुरी दिनुहुने महानुभावहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै, यस सूचनाबमोजिम लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकको अनुकूल समयमा बैंक आफैंले सकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइएको छ। यो सूचनाबमोजिम ३५ (पैंतीस) दिनभित्र चुक्ता नभएमा तपशिलमा उल्लेखित चल, अचल सम्पत्ति जे, जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा प्रचलित कानुनको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्रमार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ/संस्थाले यो सूचना प्रकाशित भएको ३५औं दिन वा सो भन्दा अगाडि नै शाखा कार्यालय भैरहवा, लुम्बिनीरोडमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरूको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। बोलपत्र सूचना प्रकाशन भएको ३६औं दिन वा सो दिन सार्वजनिक बिदा परेको भएमा बिदापश्चात् लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र फारममा उल्लेखित शर्तहरूको अधिनमा रही रीतपूर्वक दर्ता हुन आएका बोलपत्र फारमहरू दिनको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताका अनुपस्थितले बोलपत्र खोल्न बाधा पुग्ने छैन। साथै, कर्जा ग्राहक, धितो सुरक्षण मञ्जुरी दिने, जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई यसै सूचनाको आधारमा कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपशिल

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८० साल साउन ३ गते
धितो लिलाम बिक्री हुने मिति : २०८० साल साउन महिना ४ गते
सम्बन्धित कार्यालय : शाखा मझगांवा
लिलाम हुने स्थान : शाखा कार्यालय भैरहवा, लुम्बिनीरोड

ग्राहकको विवरण

ग्राहकको नाम : पाठक पशुपालन फर्म (प्रो. निरन्जन पाठक) **जारी भएको जिल्ला : जिल्ला प्रशासन कार्यालय, रुपन्देही**
बाबुको नाम : गंगेश्वर पाठक बाजे/ससुराको नाम : कृपानाथ पाठक दर्ता भएको कार्यालय : जिल्ला पशु सेवा कार्यालय, रुपन्देही
फर्म/कम्पनीको दर्ता नं. १६३/०६९/०७० **दर्ता मिति : २०६९/१२/०७** **पान नं. ३०४२८६४१४**

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक/ग्राहक नं.	जग्गाधनीको नाम	जिल्ला	गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल
पशुपालन ९६५६७७	बैजनाथ पाठक	रुपन्देही	रोइनिहवा	४ख	१ र १३	०-१-१९ र ०-१-१३ घर समेत
र जिल्ला रुपन्देही रोहनिहवा गा.पा. वडा नं.४ (ख)ज.ध.नेमादेबी पाठक किनं. ३६८, ३६९, ३७२, ३७५, ३७६, ३७७, ३७८, ३८१, क्षे.फ.०-०-१०, ०-०-५.५, ०-०-६.५, ०-०-७.५, ०-०-७.५, ०-०-१५, ०-१२-१६, वडा नं.४ (क) कि.नं.५८३, क्षे.फ.०-१-१७.२५ वडा नं.५ (क) कि.नं. ८१४, ८४१, ९२३, ९२५, ९१०, ९११, ९१४, ९१५, ९१७, ९१९, ९२२, ९२७, ९३२, वडा नं.४ (क)६१९, ६२१ क्षे.फ.०-१३-१५, ०-१६-२.५,०-२-१.२५,०-२-६.२५,०-३-१८.२५,०-१-१९.२५,०-२-११.२५,०-२-१२,०-१-१७,०-१-१४.७५,०-४-१०.५,०-१-१०.७५,०-४-४.२५,०-०-१५,०-०-१५						

प्रोप्राइटरको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
निरन्जन पाठक	रोइनिहवा	३४१५	२०५८/१०/०४, जि.प्र.का. रुपन्देही,	गंगेश्वर पाठक	कृपानाथ पाठक

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
बैजनाथ पाठक	रोइनिहवा-३	११४९	२०५६/०२/२१, जि.प्र.का. रुपन्देही	गंगेश्वर पाठक	कृपानाथ पाठक
नेमादेवी पाठक	रोइनिहवा-३	३०३/१४४५	२०४६/१०/१०, जि.प्र.का., रुपन्देही	गंगेश्वर पाठक	कृपानाथ पाठक

शर्तहरू

१. शिलबन्दी बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट रु १,०००। (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ। फोटोकपी गरिएको फारम मान्य हुने छैन।
२. लिलामी सूचनामा उल्लेखित कर्जा शीर्षक र नम्बर बोलपत्र फारममा अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ। साथै, बोलपत्रको खाम बाहिर कर्जा शीर्षक र नम्बर समेत उल्लेख गरेको हुनु पर्नेछ।
३. रित नपुगेको, न्यूनतम मूल्य भन्दा कम उल्लेख भएको, तोकिएको मिति र समयमा आई नपुगेको टेण्डरउपर कुनै कारबाही गरिने छैन।
४. कुनै कारण जनाई वा नजनाई टेण्डर स्वीकृत गर्ने वा नगर्ने अधिकार यस बैंकमा सुरक्षित रहने छ।
५. टेण्डर मिति २०८०/०४।०४ का दिन दिनको ११:०० **बजे कृषि विकास बैंक शाखा कार्यालय, भैरहवा, लुम्बिनीरोड**मा टेण्डर दिने व्यक्ति वा निजको प्रतिनिधिहरूको रोहवरमा वा निजको उपस्थिति नभएमा पनि उपस्थित भएसम्मका व्यक्तिहरूको रोहवरमा खोलिने छ।
६. टेण्डरसाथ आफूले दिन चाहेको मोलको न्यूनतम १०% रकम भुक्तानी दिनु पर्ने हिसाब वा धरौटीबापत शाखा कार्यालयको जम्मा गर्नु पर्नेछ र सोको सक्कल बैंक भौचर/रसिद टेण्डरसाथ राखेको हुनुपर्नेछ।
७. टेण्डर स्वीकृत भएपछि बाँकी रकम ७ (सात) दिनभित्र रकम दाखिला गरी नामसारी गरी सक्नु पर्नेछ अन्यथा धरौटी जफत भई उक्त सम्पत्ति पुनः बिक्री गर्न सकिनेछ।
८. आफूले सम्पत्ति लिन दिएको मोल अङ्क र अक्षरमा प्रष्टसँग लेखिएको हुनु पर्नेछ। साथै, उल्लेखित सम्पूर्ण सम्पत्ति वा अलग अलग कित्ता लिने हो सो समेत खुलाई पेश गर्न सकिनेछ।
९. शिलबन्दी टेण्डर खाममा लाहाछाप लगाएको हुनु पर्ने छ।
१०. शिलबन्दी टेण्डर दिने व्यक्तिले नागरिकताको प्रमाणित प्रतिलिपी र संगठित संस्था भए संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न हुनुपर्नेछ। साथै संस्थाको हकमा कम्पनीको छाप, अख्तियारनामा र निजको अख्तियारवाला कर्मचारीको दस्तखत हुनुपर्नेछ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरू रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ।
१२. लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाइने छैन।
१३. लिलाम सदर भएपश्चात् दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुरलगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदातालेनै व्यहोर्नु पर्नेछ।
१४. अन्य जानकारीका लागि सम्बन्धित कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

कृषि विकास बैंक लिमिटेड
कानुन तथा कर्जा असुली विभाग
मुख्य कार्यालय, रामशाहपथ, काठमाडौं

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय :कमलपोखरी, काठमाण्डौ, फोन: ०१-४४२३२५४/१५

को

केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौको तपशिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०२/३२ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरू समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरू पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०७९/०८/०१ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक तथा धितोमा रहेको सम्पत्तिको लिलाम विक्रि हुने सम्बन्धि १५ (पन्ध्र) दिने सार्वजनिक सूचना मिति २०७९/०९/१३ गतेको अन्नपूर्ण पोस्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण

प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, मन्थली, रामेछापमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम मिति : २०७०/०८/२५ मा प्रा.फ.र.नं. १५९६/०७०/०७१ कायम भई दर्ता भएको रामेछाप जिल्ला, दोरम्बा गा.पा. वडा नं. ९, स्थित लाल सुख मेन्द्रो निर्माण सेवा **प्रोप्राइटर : बद्री कुमार खड्का**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. ठेक बहादुर खड्काको नाति, भक्त बहादुर खड्काको छोरा, रामेछाप जिल्ला, नाउदह गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थाई ठेगाना भएको **वद्री कुमार खड्का (ना.प्र.प.नं. १२४७७, रामेछाप)**
२. भक्त बहादुर खड्काको बुहारी, वद्री कुमार खड्काको पत्नी, रामेछाप जिल्ला, कठजोर गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थाई ठेगाना भएको **मिनुका खड्का (ना.प्र.प.नं. ६६२८२, रामेछाप)**
३. भक्त बहादुर खड्काको नाति, वद्री कुमार खड्काको छोरा, रामेछाप जिल्ला, मन्थली गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थाई ठेगाना भएको **अनिल खड्का (ना.प्र.प.नं. २१-०१-७३-०३२४०, रामेछाप)**

धितोमा रहेको सम्पत्तिको विवरण

मिनुका खड्काको नाममा मालपोत कार्यालय चावहिल, काठमाडौंको लगातमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला, मुलपानी गा.वि.स./न.पा. वडा नं. २ख स्थित कित्ता नं. ७१ को क्षेत्रफल ०-८-०-० (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पुर्ण लिज लगायात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८०/०२/३२ गते बिहिबारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
४. शिलबन्दी बोलपत्र मिति २०८०/०३/०६ गते बुधबार कार्यालय समय भित्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
५. शिलबन्दी बोलपत्र मिति २०८०/०३/०७ बिहिबार दिउँसो ४:०० बजे यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगातै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
८. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा खुट्टाखुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
९. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार ३२ जेठ ०८०

वैदेशिक रोजगारीमा जाने झन्डै दुई लाख श्रमिक सामाजिक सुरक्षा कोषमा आबद्ध

मुना कुँवर/नयाँ पत्रिका

वैदेशिक रोजगारीमा जाने करिब दुई लाख श्रमिक सामाजिक सुरक्षा कोषमा आबद्ध भएका छन्। दुई महिनाको अवधिमा एक लाख ८१ हजार आठ सय श्रमिक नेपाल सरकारले सञ्चालन गरेको सामाजिक सुरक्षा कोषमा जोडिएका हुन्। कोषमा आबद्ध भएका श्रमिकमध्ये एक हजार दुई सय ४० श्रमिक विदेशबाट नै आबद्ध भएका हुन्।

गन्तव्य मुलुकले यस्तो सुविधा प्रदान नगरेपछि नेपाल सरकारले नै श्रमिकलाई आर्थिक सुरक्षा प्रदान गर्न सामाजिक सुरक्षा कोषमा जोड्ने अभियान सुरु गरेको हो। गैरआवासीय नेपाली संघ ओमानको नेतृत्वमा नेपाल सरकारले गत चैतको पहिलो सातादेखि श्रमिकलाई कोषमा आबद्ध गराउन थालेको हो। कोषले गत ११ मंसिरमा आफ्नो सामाजिक सुरक्षा दिवसमा नै यो कार्यक्रमको घोषणा गरे पनि कार्यान्वयन गत चैतदेखि भएको हो।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा कोषले रोजगारीमा जाने नयाँ श्रमिकलाई कोषमा आबद्ध हुन अनिवार्य गरेको छ। यसअघि सरकारले श्रमिकलाई म्यादी जीवन बिमा र कल्याणकारी कोषमा आबद्ध हुन अनिवार्य गरेको थियो। त्यसैगरी, कोषमा आबद्ध हुन अनिवार्य गरिएको कोषका प्रवक्ता विवेक पन्थीले बताए। उनका अनुसार श्रमिकले श्रम स्वीकृति लिँदा जसरी बिमा र कल्याणकारी कोषको रकम भुक्तानी गर्छन्। त्यसरी नै कोषको रकम भुक्तानी गर्न सक्नेछन्। 'विदेशमा रहेको अवस्थामा अनलाइन पेमेन्ट वा नेपालमा रहेको परिवारले कोषमा गएर भुक्तानी गर्न सक्नेछन्' उनले भने। त्यस्तै, यसअघि नै वैदेशिक रोजगारीमा रहेका श्रमिकले पनि अनलाइनमार्फत निवेदन दिएर कोषमा आबद्ध हुन सक्नेछन्।

मन्त्रालयले जारी गरेको कार्यविधिअनुसार अहिले कोषमा भुक्तानी गर्नुपर्ने योगदान रकम श्रमिक आफैंले भुक्तानी गर्नुपर्नेछ। तर, आगामी दिनमा सो रकम गन्तव्य मुलुकका रोजगारदाताले नै भुक्तानी गर्न लगाउने योजना रहेको गैरआवासीय नेपाली संघका उपाध्यक्ष डिबी क्षेत्रीले बताए।

वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकबाट सामाजिक सुरक्षा कोषले सवा ३१ करोड योगदान रकम संकलन गरेको छ। श्रमिकले न्यूनतम दुई वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकले श्रम स्वीकृति लिँदा वा नवीकरण गर्दा वा विदेशमा काम गरिरहेको अवस्थामा पनि अनलाइनमार्फत निवेदन दिएर कोषमा आबद्ध हुन सकिनेछ।

श्रमिकले न्यूनतम पारिश्रमिकको २१.३३ प्रतिशत कोषमा योगदान गर्नुपर्नेछ। सरकारले नौ हजार ३८५ न्यूनतम पारिश्रमिक तोकेको छ। कोषमा आबद्ध हुने श्रमिकले दुर्घटना र अशक्तता सुरक्षा, आश्रित परिवार सुरक्षा र वृद्ध अवस्था सुरक्षा सुविधा पाउनेछन्। श्रमिकले भुक्तानी गरेको योगदान रकममध्ये ७.४८ प्रतिशत रकम (७०२ रुपैयाँ) दुर्घटना र अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुनेछ। जसबाट श्रमिकले दुर्घटना उपचार खर्च वार्षिक एक लाख रुपैयाँसम्म पाउनेछन्। श्रमिक अशक्त भएमा मासिक ६० प्रतिशत भुक्तानी हुनेछ। त्यस्तै, श्रमिकको मृत्यु भएमा अन्तिम संस्कारका लागि २५ हजार भुक्तानी गर्नेछ। आश्रित श्रीमान्-श्रीमतीलाई आजीवन ४० प्रतिशत रकम पेन्सन प्रदान गर्नेछ। श्रमिकका छोराछोरीलाई २१ वर्षसम्म शैक्षिक वृत्ति प्रदान गर्नेछ। तर, फरक क्षमताको सन्ततिको हकमा भने उमेरको हद लाग्नेछैन।

त्यस्तै, योगदान रकममध्ये १३.८५ प्रतिशत रकम वृद्ध अवस्था सुरक्षा योजनाका लागि जम्मा हुनेछ। यस योजनाअन्तर्गत श्रमिकले वैदेशिक रोजगारीको अन्त्य भएपछि जम्मा भएको रकम र त्यसले आर्जन गरेको प्रतिफलसहित एकमुस्ट पाइनेछ। १८० महिनाको योगदान रकम जम्मा भई योगदानकर्ताको उमेर ६० वर्ष भइसकेपछि पेन्सन प्रदान गर्नेछ।

वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि सामाजिक सुरक्षा कोषले योगदान रकममा छुटको पनि व्यवस्था गरेको छ। ६ महिनाभन्दा बढी अवधिको रकम अग्रिम जम्मा गरेमा १० प्रतिशत रकम छुट हुनेछ। सामाजिक सुरक्षा योजना लगातार तीन वर्षसम्म दाबी नगर्ने योगदानकर्ताले २० प्रतिशतसम्म छुट रकम निवृत्तिभरणमा हस्तान्तरण गरिनेछ। खर्च कटाई आम्दानीको ७० प्रतिशत रकम बैंकिङ माध्यमबाट रेमिट् यान्स पठाएको प्रमाण पेस गरेमा वृद्धावस्था सुरक्षाबाहेकका योजनामा जम्मा गर्नुपर्ने रकम २० प्रतिशतसम्म रकम छुट हुन सक्नेछ।

युएईले नेपालसँग माग्यो घरेलु कामदार

काठमाडौं/ संयुक्त अरब इमिरेट्स (युएई)ले नेपालसँग घरेलु कामदार पनि माग गरेको छ। बुधबार युएई र नेपालका प्रतिनिधिबीच भएको छलफलमा नेपालबाट घरेलु कामदार लैजान इच्छुक भएको बताउँदै प्रक्रिया अगाडि बढाउन आग्रह गरेका छन्। नेपाल र युएईबीच १४ जुन २०१९ मा द्विपक्षीय श्रम समझदारी भएको थियो। सो समझदारीबमोजिमको संयुक्त कार्य समितिको तेस्रो बैठक बुधबार काठमाडौंमा सम्पन्न भयो। आगामी चार वर्षका लागि द्विपक्षीय श्रम समझदारीमा व्यवस्था भएबमोजिम स्वतः नवीकरण हुनेभएको छ।

बैठकमा नेपालको तर्फबाट सहभागी भएका प्रतिनिधिको श्रम मन्त्रालयका सहसचिव राजीव पोखरेलले नेतृत्व गरेका थिए। त्यस्तै, नेपाली श्रमिकहरूलाई युएईमा न्यूनतम तलबको सुनिश्चितता हुनुपर्ने, मृत्यु हुने नेपाली श्रमिकको शव सहज रूपमा नेपाल ल्याउने व्यवस्था गर्नुपर्ने, जेल तथा कैदमा रहेका नेपाली श्रमिकहरूको विवरण तथा आलेखबद्ध रूपमा युएईमा रहेका नेपाली श्रमिकहरूलाई आममाफीसहित नेपाल फिर्तीमा सहजीकरण गर्नुपर्ने, नेपाली श्रमिकहरूको सीप स्तरोन्नतिका लागि द्विपक्षीय सहकार्य गर्न युएई सरकारलाई प्रस्ताव गरिएको थियो।

■ मुख्य १० मुलुकको विवरण

मुलुक	योगदान रकम	आबद्ध श्रमिक संख्या
मलेसिया	७६८८३२८१	३८१२९
कतार	५६७०२४१५	२७६९२
युएई	५४२०७३२०	२६२७९
साउदी अरब	५०३९४४६७	२४८३४
कुवेत	१४५२८१०४	७१४१
कोरिया	१२६५६६३८	६२८२
रोमानिया	१०९५०६४४	४२९४
जापान	५२६१६४७	२५६२
क्रोएसिया	३६१३६१०	१६४९
बहराइन	३२३३५२९	१५७६

हजारदेखि अधिकतम २८ हजारसम्म कोषमा मासिक योगदान गर्न पाउँछन्।

कोषको तथ्यांकअनुसार वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकमा जानेमध्ये मलेसिया जाने धेरै श्रमिक कोषमा आबद्ध भएका छन्। २४ जेठसम्म मलेसियामा जाने ३८ हजार १२९ श्रमिक कोषमा आबद्ध भएका छन्। कोषका आबद्ध हुने नेपाली श्रमिक पुगेको मुलुकमध्ये कतार दोस्रोमा परेको छ। कतार जाने नेपाली श्रमिकमध्ये २७ हजार ६९२ जना कोषमा आबद्ध भएका छन्। युनाइटेड अरब इमिरेट्स जाने नेपाली श्रमिकमध्ये २६ हजार ७२९ कोषमा आबद्ध भएका छन्। साउदी अरबमा जाने २४ हजार ८३४, कुवेत जाने सात हजार १४१, ओमान जाने एक हजार ३८, कोरिया जाने ६ हजार २८२, बहराइन जाने एक हजार ५७६ र माल्दिभ्स जाने श्रमिकमध्ये एक हजार ४१५ जना कोषमा आबद्ध भएका छन्।

सरकारले सुरु गरेको सामाजिक सुरक्षा कोषमा खाडी र मलेसिया मात्रै होइन, युरोप अमेरिकालगायतका मुलुकमा रोजगारीका लागि जाने श्रमिकमा पनि आबद्ध भएका छन्। कोषका तथ्यांकअनुसार रोमानिया जाने श्रमिकमध्ये ४ हजार २९४ जना कोषमा आबद्ध भएका छन्। जापान जाने श्रमिकध्ये २ हजार ५६२, क्रोएसिया जाने १ हजार ६४९, पोल्यान्ड जाने १ हजार ४२६, साइप्रस जाने १ हजार ३३९, माल्टा जाने ६९९, सर्बिया जाने ३६७, पोर्चुगल जाने २५३, अस्ट्रिया जाने १८३, न्युजिल्यान्ड जाने १७९, क्यानाडा जाने १७१, अमेरिका जाने ११६ श्रमिक कोषका आबद्ध भएका छन्।

■ कम्तीमा दुई हजार भुक्तानी गर्नुपर्ने

वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकले कम्तीमा दुई हजार दुई रुपैयाँ सामाजिक सुरक्षा कोषमा मासिक रूपमा भुक्तानी गर्नुपर्नेछ। श्रमिकले स्वैच्छाले तीन गुणाभन्दा बढी अर्थात् २८ हजार १५५ रुपैयाँ मासिक योगदानसमेत गर्न सक्नेछन्।

६ महिनामा नेपाल-भारत मोबाइल बैंकिङ कारोबार सञ्चालन हुने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाल र भारतबीच भएको अन्तरदेशीय डिजिटल भुक्तानी समझदारी (एमओयू) अन्तर्गत पहिलो चरणमा मोबाइल बैंकिङ सञ्चालन हुने भएको छ। नेपाली बैंक र भारतीय बैंकको खातामा मोबाइल बैकिङबाट पैसा आदान-प्रदान गर्न मिल्ने गरी तयारी अगाडि बढाइएको छ।

यसका लागि दुवै देशको भुक्तानी प्रणालीलाई प्राविधिक रूपमा इन्टिग्रेट (अन्तरआबद्ध) गर्ने कामसमेत अघि बढाइसकिएको छ। ६ महिनाभित्र पाइलट टेस्ट (परीक्षण) सुरु गर्ने तयारीका साथै दुवै देशले काम गरिरहेको नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)का प्रमुख कार्यकारी अधिकृत निलेश प्रधानले जानकारी दिए। त्यसमा पहिलो चरणमा अन्तरदेशीय मोबाइल बैंकिङ कारोबार सञ्चालन गर्ने योजना बनाइएको छ। त्यसपछि वालेट, क्युआरलगायतका मर्चेन्ट पेमेन्टबाट पनि दुवै देशमा भुक्तानी गर्न मिल्ने गरी व्यवस्था गरिनेछ।

अहिले भारतमा फोन पे, जिपे, पेटिएम, भारतपे, युपिआईलगायतका भुक्तानी सेवा प्रदायक सञ्चालनमा छन्। यस्तै, नेपालमा पनि इसेवा, खल्ती, आइएमई पेजस्ता भुक्तानी सेवा प्रदायक सञ्चालनमा छन्। यसैगरी, व्यावसायिक प्रयोजन, किनमेललगायतका काममा पनि अन्तरदेशीय डिजिटल भुक्तानीको सुविधा व्यवस्था गर्ने तयारी छ।

गत जेठ १७ गतेदेखि जेठ २० गतेसम्म भएको प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणमा अन्तरदेशीय डिजिटल भुक्तानी कारोबारसम्बन्धी समझदारी भएको थियो। प्रधानमन्त्री प्रचण्ड र भारतीय समकक्षी नरेन्द्र मोदीको उपस्थितिमा जेठ १८ गते नयाँदिल्लीमा भएको एमओयूमा नेपालको तर्फबाट एनसिएचएलका प्रमुख कार्यकारी अधिकृत निलेश प्रधान र भारतको तर्फबाट नेसनल पेमेन्ट कर्पोरेसन अफ इन्डिया (एनपिसिआई) का रितेस शुक्लाले हस्ताक्षर गरेका थिए।

हाल दुवै देशको भुक्तानी प्रणालीलाई अन्तरआबद्ध गर्ने काम सुरु गरिएको उनले बताए। 'भारतीय पक्षसँग एकचरण छलफल भइसकेको छ। अबको तीन-चारवटामा बैठकमै यसलाई टुंगोमा पुऱ्याउँछौं,' सिइओ प्रधानले भने, '६ महिनाभित्रै यसलाई कार्यान्वयनमा ल्याउने योजना छ। त्यसमा पहिलो चरणमा मोबाइल बैंकिङ कारोबार सुरु गर्ने तयारी छ।' अन्यको तुलनामा मोबाइल बैंकिङलाई प्रयोगमा ल्याउन सहज हुन्छ। त्यसैले पहिलो चरणमा यसलाई नै प्रयोगमा ल्याउने प्रयास गरिएको उनको भनाइ छ। त्यसपछि अन्य भुक्तानीको माध्यमलाई पनि यसमा जोड्दै जाने उनले बताए।

एनसिएचएल नेपालको र एनपिसिआई इन्डियाको डिजिटल भुक्तानीको क्लियरिङ गर्ने संस्था हुन्। एनपिसिआई भारतीय केन्द्रीय बैंक रिजर्भ बैंक अफ इन्डियाद्वारा स्थापित एउटा संस्थान हो। यो भारतका विभिन्न खुद्रा भुक्तानी प्रणालीका लागि एउटा मातृसंस्थाका रूपमा स्थापना गरिएको हो। एनसिएचएल पनि नेपाल राष्ट्र बैंकले स्थापना गरेको सोही प्रकृतिको संस्था हो। त्यसअन्तर्गत रहेको नेपालको एनपिआई र भारतको युपिआईको सिस्टमलाई इन्टिग्रेट गरेर क्रसबोर्डर डिजिटल भुक्तानी सुरु गर्न लागिएको हो। त्यो प्रणाली अन्तरआबद्ध भएपछि अन्तरदेशीय डिजिटल भुक्तानी गर्न सकिनेछ। नेपाल र भारत सीमा जोडिएको देश भए पनि एक-अर्कोको भुक्तानी प्रणाली सिस्टम जोडिएको थिएन। यद्यपि, डेबिट तथा क्रेडिट कार्ड भने दुवै देशमा प्रयोग गर्न मिल्छ। तर, भुक्तानी प्रणाली इन्टिग्रेट नहुँदा भारत काम गर्न जाने नेपाली र नेपालमा घुम्न तथा काम गर्न आउने भारतीयलाई झन्झट भइरहेको थियो।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

आर्थिक विधेयकविरुद्ध बैंक तथा बिमा क्षेत्रका संगठन एकताबद्ध

काठमाडौं/ सरकारले संसद्मा पेस गरेको आर्थिक विधेयकविरुद्ध बैंक तथा बिमा क्षेत्रका संगठन एकताबद्ध भएका छन्। वाणिज्य बैंकका सञ्चालक, वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरू, वित्तीय संस्था, बिमकका ६ वटा संगठनले विरोध गरेका हुन्।

आर्थिक विधेयकका प्रावधानले बैंकिङ, बिमालगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रमा क्षति पुग्ने उनीहरूको दाबी छ। उनीहरूको संयुक्त विज्ञप्ति जारी गर्दै भनेका छन्, 'समग्र अर्थतन्त्रमा पर्न सक्ने गम्भीर प्रभावलाई मध्यनजर गरी आर्थिक विधेयक, ०८० को बुँदा नम्बर २६, २७ र २९ लाई तत्काल खारेज गर्न नेपाल सरकारसमक्ष जोडदार माग गर्दछ। यदि उक्त बुँदा खारेज गर्नेतर्फ नेपाल सरकारले तत्काल तदारुकता नदेखाउने हो भने हामी सबै आ-आफ्ना क्षेत्रबाट चरणबद्ध विरोधका कार्यक्रम सञ्चालन गर्न बाध्य हुनेछौं।'

आर्थिक विधेयकमा सरकारले गरेको व्यवस्था आधारभूत लेखा सिद्धान्त तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यताविपरीत भएकाले सो मान्य नहुने उनीहरूको तर्क छ। पुँजी योगदानमा कर नलाग्ने अन्तर्राष्ट्रिय मान्यता रहेकाले आर्थिक विधेयकले यस्तो मान्यताविपरीतको व्यवस्था गरेको उनीहरूको जिकिर छ। एफपिओबाट प्राप्त हुने प्रिमियम तथा मर्जर तथा प्राप्तिबाट सिर्जना हुने बार्गेन पर्चेज गेनलाई कुनै पनि कानुनी धरातलमा सम्बन्धित संस्थाको आम्दानी मानी कर लगाउन नपाइने उनीहरूको दाबी छ।

जबर्जस्ती कानुनी धरातलविना र राष्ट्रिय अन्तर्राष्ट्रिय अभ्यासविपरीत कर दायित्व थपिएमा बैंकिङ, बिमा, पुँजीबजारलगायतका क्षेत्र र अर्थतन्त्रमा नै अकल्पनीय क्षति पुग्ने उनीहरूको चेतावनी छ। यसबाट पुँजीबजारमा आबद्ध ५६ लाखभन्दा बढी लगानीकर्ता प्रभावित भई यसबाट देशको पुँजीबजार धराशायी हुन सक्ने विज्ञप्तिमा उल्लेख छ।

मुलुकको कुल गार्हस्थ्य उत्पादनमा ८० प्रतिशतभन्दा बढी र कुल रोजगारी सिर्जनामा ८५ प्रतिशतभन्दा बढी योगदान गर्ने निजी क्षेत्रको कानुनी राज्यप्रतिको विश्वास टुट्ने र यसबाट मुलुकबाट पुँजी पलायन हुनेसम्मको आकलन संघ-संगठनले गरेका छन्।

इप्पानको अध्यक्षमा कार्की र वरिष्ठ उपाध्यक्षमा डाँगी



गणेश कार्की र मोहन डाँगी

काठमाडौं/ स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)को अध्यक्षमा गणेश कार्की निर्विरोध निर्वाचित भएका छन्। अध्यक्षका अर्का उम्मेदवार किरण मल्लको उम्मेदवारी खारेज भएपछि कार्की स्वतः अध्यक्ष भएका हुन्। अध्यक्ष हुन कुनै एक पदाधिकारीमा एक कार्यकाल काम गरेको हुनुपर्ने व्यवस्थाअनुसार कार्कीको योग्यता नपुगेर उम्मेदवारी खारेज भएको हो। यसअघि उनी कार्यसमितिको सदस्य मात्रै रहेको निर्वाचन समितिका संयोजक चिरञ्जीवी खतिवडाले जानकारी दिए।

यस्तै, इप्पानको वरिष्ठ उपाध्यक्षमा मोहन डाँगीसहित सम्पूर्ण पदाधिकारी निर्विरोध भएका छन्। इप्पानमा आगामी कार्यकालदेखि वरिष्ठ उपाध्यक्ष नै अध्यक्ष बन्ने व्यवस्थाअनुसार डाँगी आगामी अध्यक्ष बन्नेछन्। यस्तै, पाँचजना उपाध्यक्षमा आशिष गर्ग, भरतकुमार खत्री, उत्तम भ्लोन लामा, रामप्रसाद आचार्य, र आनन्द चौधरी निर्वाचित भएका छन्। त्यस्तै, महासचिव बलराम खतिवडा, उपमहासचिव प्रकाशचन्द्र दुलाल भएका छन्। पाँचजना सचिवमा भरतप्रसाद नेपाल, भरतकुमार खड्का, कविता पोखरेल, विक्रम विष्ट र हिमप्रसाद पाठक निर्वाचित भएका छन्।

कोषाध्यक्ष नरेन्द्रबल्लभ पन्त भएका छन्। तीनजना महिला सदस्यमा ईशा श्रेष्ठ, सुशन कर्माचार्य र सुमन जोशी निर्विरोध भएका छन्। बिहीबार होटेल ह्यातमा इप्पानको २१औं वार्षिक साधारणसभा प्रधानमन्त्री पुष्पकमल दाहाल उद्घाटन गर्दै छन्। उद्घाटन सत्रपछि नयाँ कार्यसमितिको औपचारिक घोषणा हुनेछ।

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८० साल जेष्ठ महिना ३२ गते बिहीबार)

यस विकास बैंक लि.को तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चाँसो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारवाही गरी बैकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई ने पाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

१. शाखा कार्यालय : बैदाम — कर्जा शिर्षक : आवास तथा आवधिक कर्जा

ऋणीको विवरण	व्यक्तिगत धनजमानीहरुको विवरण
नाम : **याम कुमारी शेरपुंजा घर्ति मगर** बाबुको नाम : सन्तवीर शेरपुंजा पतिको नाम : नर बहादुर घर्ति मगर ससुराको नाम : रुद्र बहादुर घर्ति मगर ठेगाना : म्यार्दी जिल्ला मंगला गा.पा. वडा नं. १ ना.प्र नं. : ४९-०१-७४-०३६५८ जारी मिति र जिल्ला : २०७४/०९/२४, म्यार्दी	१. नाम : **नर बहादुर घर्ति मगर** बाबुको नाम : रुद्र बहादुर घर्ति मगर बाजेको नाम : धर्मविर घर्ति मगर स्थायी ठेगाना : म्यार्दी जिल्ला कुहुँ गा.वि.स. वडा नं.४ हालको ठेगाना : म्यार्दी जिल्ला मंगला गा.पा. वडा नं. १ ना.प्र नं. : ४९१०२७/५२३५ जारी मिति र जिल्ला : २०६४/११/१३, म्यार्दी
व्यक्तिगत धनजमानीहरूको विवरण	
२. नाम : **सुमन जि.एम.** बाबुको नाम : नर बहादुर घर्ति मगर बाजेको नाम : रुद्र बहादुर घर्ति मगर स्थायी ठेगाना : म्यार्दी जिल्ला कुहुँ गा.वि.स. वडा नं. ४ हालको ठेगाना : म्यार्दी जिल्ला मंगला गा.पा. वडा नं. १ ना.प्र नं. : ४९-०१-७३-०१६४७ जारी मिति र जिल्ला : २०७३/०४/१९, म्यार्दी	३. नाम : **ओम बहादुर छन्त्याल** बाबुको नाम : बलमान छन्त्याल बाजेको नाम : तुलराज छन्त्याल स्थायी ठेगाना : म्यार्दी जिल्ला कुइनेमंगले गा.वि.स वडा नं. ७ हालको ठेगाना : म्यार्दी जिल्ला रघुगंगा गा.पा. वडा नं. ८ ना.प्र नं. : ४९१०२१/१६५३५ जारी मिति र जिल्ला : २०६६/११/२३ , म्यार्दी

२. शाखा कार्यालय : बुटवल — कर्जा शिर्षक : व्यक्तिगत अधिविकर्ष तथा मुक्तिनाथ ग्राहक सुरक्षण कर्जा

ऋणीको विवरण	
नाम : **हरी प्रसाद श्रेष्ठ** बाबुको नाम : आनन्द प्रसाद श्रेष्ठ बाजेको नाम : राम प्रसाद श्रेष्ठ स्थायी ठेगाना : स्याङ्गजा जिल्ला पुतलीबजार गा.वि.स. वडा नं. ६ हालको ठेगाना : रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ६ ना.प्र नं. : १८६२ जारी मिति र जिल्ला : २०३४/०३/२०, स्याङ्गजा	
व्यक्तिगत धनजमानीहरूको विवरण	
१.नाम : **उज्वल श्रेष्ठ** बाबुको नाम : हरी प्रसाद श्रेष्ठ बाजेको नाम : आनन्द प्रसाद श्रेष्ठ ठेगाना : रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ६ ना.प्र नं. : ३७२०२४/४९६७३ जारी मिति र जिल्ला : २०६५/०७/४, रुपन्देही	२.नाम : **भागीरथी श्रेष्ठ** पतिको नाम : हरी प्रसाद श्रेष्ठ ससुराको नाम : आनन्द प्रसाद श्रेष्ठ स्थायी ठेगाना : स्याङ्गजा जिल्ला पुतलीबजार गा.वि.स. वडा नं. ६ हालको ठेगाना : रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं.६ ना.प्र नं. : २७२२ जारी मिति र जिल्ला : २०४४/१०/२८ , स्याङ्गजा

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Kathmandu Plaza, Kamaladi, Kathmandu,
Toll Free No.: 16600149999, E-mail:info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values
Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

कुमारी बैंक लिमिटेड शाखा कार्यालय भिमाद, तनहुँको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०२/३२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय भिमाद, तनहुँबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

ऋणीहरुको विवरणः

१. राजवीर सार्कीको नाति, भुवान सिहँ नेपाली/धन मायाँ नेपालीको छोरा, मन माया नेपालीको पति, तनहुँ जिल्ला, छाङ्ग गा.वि.स. वडा नं.०९ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं.०६ बस्ने **कृत बहादुर नेपाली** (ना.प्र.नं. ३९१७०, जारी मिति २०५६/०८/०६, जिल्ला प्रशासन कार्यालय, तनहुँ।

२. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग विकास समितिमा प्राईभेट फर्म रजिष्ट्रेसन २०१४ बमोजिम दर्ता नं. ६५११/०७४/०७५ मा दर्ता कायम भई तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं. ६ रजिष्टर्ड कार्यालय रहेको **कृति एण्ड सन्स** (प्रोप्राईटर राजवीर सार्कीको नाति, भुवान सिहँ नेपाली/धन मायाँ नेपालीको छोरा, मन माया नेपालीको पति, तनहुँ जिल्ला, छाङ्ग गा.वि.स. वडा नं. ०९ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं.०६ बस्ने **कृत बहादुर नेपाली** (ना.प्र.नं.३९१७०, जारी मिति २०५६/०८/०६, जिल्ला प्रशासन कार्यालय, तनहुँ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरणः

१. पिते सार्कीको नातिनी, मन बहादुर सार्की/धन माया सार्कीको छोरी, कृत बहादुर नेपालीको पत्नी, तनहुँ जिल्ला, छाङ गा.वि.स वडा नं.०९ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं.०६ बस्ने **मन माया नेपाली** (ना.प्र.नं.६४५९४, जारी मिति २०६०/०३/१५, जिल्ला प्रशासन कार्यालय, तनहुँ।

२. भुवान सिह नेपाली/धन माया नेपालीको नाति, कृत बहादुर नेपाली/मन माया नेपालीको छोरा, अनिता नेपालीको पति, तनहुँ जिल्ला, छाङ गा.बि.स. वडा नं. ०९ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं.०६ बस्ने **अर्जुन नेपाली** (ना.प्र.नं.४३-०१-७३-०३६५०, जारी मिति २०७३/०४/२५, जिल्ला प्रशासन कार्यालय, तनहुँ।

संस्थागत जमानीकर्ताको विवरणः

१. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग विकास समितिमा प्राईभेट फर्म रजिष्ट्रेसन २०१४ बमोजिम दर्ता नं. ६५११/०७४/०७५ मा दर्ता कायम भई, तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं. ६ रजिष्टर्ड कार्यालय रहेको **कृति एण्ड सन्स**।

धितो सुरक्षणको विवरणः

१. **कृत बहादुर नेपाली**को नाममा मालपोत कार्यालय दमौली, तनहुँमा दर्ता कायम रहेको तनहुँ जिल्ला, छाङ्ग गा.वि.स वडा नं. ९/घ, कित्ता नं. ७०३ को क्षेत्रफल ०-८-०-० (रोपनी) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. **कृत बहादुर नेपाली**को नाममा मालपोत कार्यालय, दमौली, तनहुँमा दर्ता कायम रहेको तनहुँ जिल्ला, भीमाद गा.वि.स वडा नं.- २/ग, कित्ता नं.५२२ को क्षेत्रफल ०-१५-२-१ (रोपनी) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय भिमाद, तनहुँ फोन नं. ०६५-५७२४८०,

तीन अर्बको ऋणपत्र निष्कासन गर्दै नबिल बैंक

नयाँ पत्रिका

नबिल बैंक लिमिटेडले तीन अर्ब रुपैयाँबराबरको ऋणपत्र ल्याउने भएको छ। बैंकले 'नबिल डिबेन्चर २०८७' निष्कासन गर्ने भएको हो। डिबेन्चर निष्कासनका लागि बैंक सञ्चालक समितिबाट निर्णय भइसकेको र नेपाल राष्ट्र बैंकबाट स्वीकृति पाइसकेको बैंकले जनाएको छ। त्यस्तै, बैंकले ऋणपत्र निष्कासनका लागि बिक्री प्रबन्धकसमेत नियुक्ति गरेको छ। डिबेन्चर बिक्री प्रबन्धकका रूपमा कुमारी क्यापिटल लिमिटेडलाई नियुक्त गरेको जनाइएको छ।



मंगलबार बैंकको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रमबीच दुई पक्षले समझदारी गरेका हुन्। समझदारीपत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगाना र क्यापिटलका कामु प्रमुख कार्यकारी अधिकृत पुष्प शर्माले हस्ताक्षर गरेका छन्। उक्त कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृतहरू विनयकुमार रेग्मी र मनोज ज्ञवाली तथा दुवै संस्थाका वित्त प्रमुखहरूको उपस्थिति थियो।

नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिस्टारको कार्यालयलगायतका सम्पूर्ण नियामक निकायको स्वीकृतिपश्चात् ऋणपत्र निष्कासन गरिने बैंकले जनाएको छ। पुँजीगत आधार थप सबल भई व्यापार वृद्धि तथा जोखिम व्यवस्थापनमा डिबेन्चर निष्कासनले सहयोग पुऱ्याउने बैंकले विश्वास व्यक्त गरेको छ।

बैंकले हाल देशका सातवटै प्रदेशमा रहेका दुई सय ५५ शाखा र १८ विस्तारित काउन्टरमार्फत सेवा उपलब्ध गराउँदै आएको जनाएको छ।

बिवाइडी विद्युतीय सवारीको नयाँ मूल्य

काठमाडौं/ नेपालमा बिवाइडी अटो इन्डस्ट्री कम्पनी लिमिटेडको आधिकारिक विक्रेता साइमेक्स इंक प्रालिले बिवाइडी विद्युतीय गाडीको नयाँ मूल्य तोकेको छ। कम्पनीले बिवाइडी एट्टो३ विद्युतीय गाडीको नयाँ मूल्य तोकेको हो।

जसअनुसार कुनै मोडेलको मूल्य घटेको र कुनै मोडेलको मूल्य बढेको कम्पनीको भनाइ छ। कम्पनीका अनुसार बिवाइडी एट्टो३ १००किलोवाट (६०.४८ किलोवाट आवर ब्याट्री प्याक) भएको गाडीको मूल्य ६५ लाख ८८ हजार रुपैयाँ तोकिएको छ। त्यस्तै, बिवाइडी एट्टो३ १०० किलोवाट (४९.९२ किलोवाट आवर ब्याट्री प्याक) भएको गाडीको मूल्य ५५ लाख ९९ हजार रुपैयाँ तोकिएको छ।

कम्पनीले उपलब्ध गराउने अर्को मोडेल बिवाइडी एट्टो३ १५० किलोवाट (६०.४८ किलोवाट आवर ब्याट्री प्याक) भएको गाडीको मूल्य ८१ लाख ९९ हजार रुपैयाँ तोकिएको छ। करको दर परिवर्तन हुनुअघि यी गाडीको मूल्य ६४ लाख ९० हजार रुपैयाँ र ८९ लाख ९० हजार रुपैयाँ रहेको कम्पनीको भनाइ छ।

'आर्थिक वर्ष ०८०/८१ को बजेटअनुसार करको नीतिमा भएको परिवर्तनले गर्दा मूल्यमा संशोधन गर्ने बाध्यात्मक परिस्थिति आएको हो।' कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ, 'संशोधित मूल्य निर्धारणले सरकारको नयाँ नियमको पालना गर्दै आफ्ना ग्राहकलाई प्रतिस्पर्धी वा छनोटको प्रस्ताव उपलब्ध गराउन कम्पनी प्रतिबद्ध छ।'

एनआइसी एसिया क्यापिटल र अगम फुडबीच सम्झौता



काठमाडौं/ एनआइसी एसिया क्यापिटलले 'आइडिया टु आइपिओ' सेवाअन्तर्गत काठमाडौंको लाजिम्पाटमा कर्पोरेट कार्यालय रहेको अगम फुड इन्डस्ट्री प्रालिलाई साधारण सेयर जारी गर्न सघाउने भएको छ। कम्पनीले संस्थागत परामर्श सेवा, सेयर रजिस्ट्रार सेवा, प्राइभेट प्लेसमेन्टबाट कम्पनीलाई आवश्यक पर्ने फन्डको व्यवस्था गरिदिनेसहित पब्लिक कम्पनीमा परिणत गराई आगामी दिनमा आइपिओ जारी गर्ने चरणमा पुऱ्याउन सघाउने भएको हो।

कम्पनीले अगम फुडलाई भविष्यमा सर्वसाधारणमा साधारण सेयरको सार्वजनिक निष्कासन गरिदिनेसम्मको सेवा प्रदान गर्नका लागि एनआइसी एसिया क्यापिटल र अगम फुड इन्डस्ट्रीबीच सम्झौता भएको जनाइएको छ। अगम फुड इन्डस्ट्री नेपालको स्टिम राइस मिल हो। यो उद्योग सन् २००५ मा चितवनमा स्थापना भई आफ्नो उत्पादन देशका विभिन्न भागमा बिक्री गर्दै आएको कम्पनीले जनाएको छ।

प्रभु बैंकले विद्युतीय गाडीमा कर्जा दिने



काठमाडौं/ प्रभु बैंक लिमिटेड र लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिबीच विद्युतीय सवारीसाधनमा लगानीसम्बन्धी सम्झौता सम्पन्न भएको छ। सम्झौतामा बैंकका प्रमुख व्यापार अधिकृत रेनुप्रसाद पाण्डे र लक्ष्मी इन्टरकन्टिनेन्टलका महाप्रबन्धक इन्द्र सापकोटाले हस्ताक्षर गरेका हुन्।

सम्झौताअनुसार लक्ष्मी इन्टरकन्टिनेन्टलबाट आयात गरिएको इलेक्ट्रिक भेहिकल खरिद गर्नका लागि ग्राहकलाई छिटो, छरितो र सहजताका साथ प्रतिस्पर्धी ब्याजदरमा सवारीसाधन कर्जा प्रदान गरिने बैंकले जनाएको छ। यो कर्जा सुविधा हाल देशभर रहेका तीन सय एक शाखाबाटनै उपलब्ध हुने जनाइएको छ। सम्झौताबाट पेट्रोलियम पदार्थ खपतमा आधारित सवारीसाधनलाई विद्युतीय सवारीसाधनले प्रतिस्थापन गरी वातावरणीय सन्तुलनको दृष्टिकोणमा सहयोगी हुने बैंकले विश्वास व्यक्त गरेको छ।

INTEREST RATE

Effective From 2080/03/01

SAVING DEPOSIT

S.N.	PRODUCT	INTEREST RATE (PER ANNUM)	PAYMENT ON	MINIMUM BALANCE
1	Normal Saving	6.00%	Quarterly Basis	Rs. 500
2	Muktinath Premium Bachat	6.00%	Quarterly Basis	Rs. 1,000
3	Muktinath Super Premium Bachat	6.00%	Quarterly Basis	Rs. 5,000
4	Muktinath Aashirwad Bachat (Gold)	8.00%	Quarterly Basis	Rs. 50,000
5	Muktinath Aashirwad Bachat (Platinum)	8.00%	Quarterly Basis	Rs. 1,00,000
6	Muktinath Sarvotkrishta Bachat Khata	7.50%	Monthly Basis	Rs. 10,000
7	Muktinath Sambriddhi Bachat Khata	6.00%	Monthly Basis	Rs. 100
8	Muktinath Sambriddhi Remit IPO Bachat Khata	9.00%	Monthly Basis	Rs. 100
9	Muktinath Karmachari Surakshya Bachat Khata	7.00%	Quarterly Basis	Rs. 1,000
10	Karmachari Bachat Khata	6.00%	Quarterly Basis	-
11	Aatmanirbhar Bachat Khata	6.00%	Quarterly Basis	-
12	Mahila Pewa Bachat	6.00%	Quarterly Basis	Rs. 500
13	Sunaulo Bal Shikshya Bachat	6.00%	Quarterly Basis	-
14	Baidesik Rojgar Bachat	6.00%	Quarterly Basis	Rs. 500
15	Micro Personal Saving	6.00%	Quarterly Basis	Rs. 100
16	Other Micro Savings	6.00%	Quarterly Basis	Rs. 100
17	Sharedhani Bachat Khata	6.00%	Quarterly Basis	Rs. 100
18	Beema Bachat	6.00%	Quarterly Basis	Rs. 100
19	Provident Fund Account	6.00%	Quarterly Basis	-
20	Samajik Surakshya Bhatta Khata	6.00%	Quarterly Basis	-
21	Sajilo Bachat	6.00%	Quarterly Basis	-
22	Mero Pahilo Bachat Khata	6.00%	Quarterly Basis	-
23	Muktinath PMS Khata	6.00%	Quarterly Basis	-
24	Jeevan Baradan Khata	6.00%	Monthly Basis	Rs. 5,000
25	Muktinath Myadi Bachat Khata	7.00%	Quarterly Basis	-
26	Muktinath Krishak Bachat Khata	6.35%	Monthly Basis	Rs. 100
27	Byaktigat Upalabdhi Khata	6.00%	Quarterly Basis	-
28	FCY Deposit ($,£,€, AUD)	Up to 4.00%	Quarterly Basis	10

CALL/ CURRENT DEPOSIT

S.N.	PRODUCT	INTEREST RATE (PER ANNUM)	PAYMENT ON	MINIMUM BALANCE
1	Current Account	-	-	Rs. 5,000
2	Current Account Other	-	-	Rs. 1,000
3	Call Deposit Account	As per NRB Directive	Quarterly Basis	-
4	Sansthagat Upalabdhi Khata	As per NRB Directive	Quarterly Basis	-

FIXED DEPOSIT

S.N.	PRODUCT	INTEREST RATE (PER ANNUM)	PAYMENT ON	MINIMUM BALANCE
1	Individual			
	3 Months to Below 1 Year	10.50%	Monthly/Quarterly	Rs. 5,000
	1 Year to 10 Years	10.60%	Monthly/Quarterly	Rs. 5,000
	Muktinath Remittance Fixed Deposit (up to 2 Years Only)	11.60%	Monthly/Quarterly	Rs. 5,000
	Muktinath Pension Scheme	10.60%	Monthly/Quarterly	Rs. 50
	Recurring Deposit (up to 10 Years Only)	10.60%	Quarterly Basis	Min. Rs. 500 to Max. Rs. 50,000
2	Institutional*			
	6 Months to Below 1 Year	8.50%	Monthly/Quarterly	Rs. 5,000
	1 Year to 10 Years	8.60%	Monthly/Quarterly	Rs. 5,000
3	Akshaya Kosh	Negotiable	Monthly/Quarterly	Rs. 5,000

*Note: 1. Additional 0.50% interest rate can be provided for institutional FD (on bidding basis only).

LOAN & ADVANCE

A. Loan with Floating Interest Rates Per Annum:

S.N.	Loan and Advance Products	Floating Interest Band
1	Business Loan	Base Rate + Premium up to 6.00%
2	Agriculture Loan	Base Rate + Premium up to 6.00%
3	Home Loan (new construction & purchase)	Base Rate + Premium up to 6.00%
4	Home Equity Loan	Base Rate + Premium up to 6.00%
5	Auto Loan	Base Rate + Premium up to 6.00%
6	Hire Purchase Loan(new)	Base Rate + Premium up to 6.00%
7	Hire Purchase Loan(old)	Base Rate + Premium up to 6.00%
8	Real Estate Loan	Base Rate + Premium up to 6.00%
9	Personal Loan	Base Rate + Premium up to 6.00%
10	Share Loan	Base Rate + Premium up to 6.00%
11	Mortgage Loan	Base Rate + Premium up to 6.00%
12	Professional Loan	Base Rate + Premium up to 6.00%
13	Muktinath Sulav Byawasaya Karja	Base Rate + Premium up to 6.00%
14	Consumer Loan	Base Rate + Premium up to 6.00%
15	Gold Loan	Base Rate + Premium up to 6.00%
16	Other Loans	Base Rate + Premium up to 6.00%
17	Small & Micro Credit (Retail)	Base Rate + Premium up to 6.00%
18	Small & Micro Credit (Wholesale)	Base Rate + Premium up to 6.00%
19	Loan Against Fixed Deposit (up-to 90.00%)	Coupon rate plus 2.00% or base rate whichever is higher

B. Fixed Interest Rates for Term Loan of Individual above 1 year:

B.1 For Normal Individual Term Loan:		Interest Rate Per Annum	
S.N.	Time Period	Minimum Rate	Maximum Rate
1	Up to 5 Years	Base Rate of immediate previous month	Up to 16.00%
2	More than 5 Years up to 10 Years		Up to 16.25%
3	More than 10 Years		Up to 16.50%
B.2 For Inclusive Banking Individual Term Loan:		Base Rate of immediate previous month	Up to 17.00%
Base Rate as of Baishakh, 2080		12.05%	
3 Months' Average Base Rate for Baishakh, 2080		12.32%	

C. Other Information:

i. The fixed interest rate for individual term loan of above 1 year shall remain unchanged for the entire tenure of the loan.
ii. The fixed interest rate on loans and advances shall be fixed based on internal assessment of the bank.
iii. Interest rate applicable on forced loan may vary with risk premium from the published rate.
iv. Interest rate in consortium financing shall be as decided by consortium.
v. Interest rate in NPA accounts may vary from the published rate.
vi. Penal interest of plus 2.00% per annum will be applied on overdue amount.

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Kathmandu Plaza, Kamaladi, Kathmandu,
Toll Free No.: 16600149999, E-mail:info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np
Member of Global Alliance for Banking on Values
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

GLOBAL IME BANK LIMITED
Notice Regarding Interest Rate

This is to notify our valued customers that the interest rates of Global IME Bank Ltd. on Deposit & Lending products will remain unchanged for the month of Ashad 2080 as published earlier. Please visit **https://www.globalimebank.com/reports/interest-rate.html** for the details.

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Corporate Office
Kamaladi, kathmandu
Tel: 01-4226247/4228671
Global Connect: 01-5970600

ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०२/३२ गते

यस माछापुच्छ्रे बैंक लि. पेप्शीकोला शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको साँवा, ब्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा ब्याज, थप ब्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले पैंतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ। उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटर तथा जमानी दिनेको नाम समेत कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न/गराउनुहुन विशेष अनुरोध गरिएको छ।

तपसिल

ऋणीको नाम, ठेगाना	धितोमा रहेको सम्पतिको विवरण
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योगको कार्यालय, काभ्रेपलाञ्चोकमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम भएको **लक्ष्मि स्टोर**। प्रा.फ.र.नं. ३०९२/०७२/०७३ दर्ता मिति : २०७३/०२/२४ पान नं. १०७३७।८४३, दर्ता मिति : २०७३/०४/२६ **प्रोप्राईटर/सञ्चालक : प्रविन्द्र प्रसाद चिमोरिया**	१. ओमनाथ सत्यालको नातीनी, अच्युत प्रसाद सत्यालको छोरी, काभ्रेपलाञ्चोक जिल्ला, मथुरापाटी फूलबारी गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा. वडा नं. १० बस्ने सचिता सत्यालको नाममा मालपोत कार्यालय, काभ्रेपलाञ्चोकमा दर्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा. वडा नं. ७ क स्थित कि.नं. १९ को क्षेत्रफल ४-१४-०-२ रो. (२४८४ व.मि.) को जग्गा तथा उक्त जग्गामा निर्मित घर/जग्गा आदि सम्पूर्ण लिगलगापत समेत। २. लक्ष्मि स्टोरले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तीको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ती र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु।

व्यक्तिगत जमानतकर्ताहरु

१. सचिता सत्याल	२. प्रविन्द्र प्रसाद चिमोरिया
ना.प्र.नं. ३०-०१-७१-०२०७४, जि.प्र.का. काभ्रेपलान्चोक जारी मिति : २०७१/०३/०१ बाबु : अच्यूत प्रसाद सत्याल बाजे : ओम नाथ सत्याल, पति : प्रविन्द्र प्रसाद चिमोरिया ठेगाना : काभ्रेपलान्चोक जिल्ला, मथुरापाटी फुलबारी गा.वि.स. वडा नं.४ हाल : काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा. वडा नं. १०	ना.प्र.नं. ३०१०७०/१५९२१६, जि.प्र.का. काभ्रेपलान्चोक जारी मिति : २०६३/१२/११ बाबु : लोकनाथ चिमोरिया बाजे : रत्नदिप चिमोरिया ठेगाना : काभ्रेपलान्चोक जिल्ला, मेच्छे गा.वि.स. वडा नं. १

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, पेप्शीकोला

BEST FINANCE COMPANY LTD.
बेष्ट फाइनान्स कम्पनी लि.
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था
Head office : Kamaladi, Kathmandu
Ph : 01-4542461/62/63

Interest Rates on Deposits and Loans

Effective from 1st Ashad 2080 (16 June, 2023)

Deposit Product			
Fixed Deposit			
Period	Interest Rate(% p.a.)		Interest Payment Frequency
	Individual	Institutional	
3 Months	10.60%	-	Quarterly/Monthly
Above 3 Months to 6 Months	10.75%	8.75% (6 month only)	Quarterly/Monthly
Above 6 Months to Below 12 Months	10.90%	8.90%	Quarterly/Monthly
12 Months to 23 Months	11.10%	9.10%	Quarterly/Monthly
24 Months and Above	11.25%	9.25%	Quarterly/Monthly
Best Remit FD	As per duration of above individual interest rates plus 2% p.a.	-	Quarterly/Monthly
Best Double Plan	Double in 5 years 11 months		On Maturity
Best Triple Plan	Triple in 9 Years 5 months		On Maturity

Saving Deposits	Interest Rate (% p.a.)	Minimum Balance (Rs)
General Saving	8.00%	100
Home Saving	7.62%	0
Griha Laxmi Saving	8.00%	100
Senior Citizen Saving	8.25%	100
Share Holder's Saving	7.62%	100
Children Saving	7.62%	100
Super Saving	8.00%	1,000
NRN Saving	8.00%	100
Best Saving Account	9.00%	5,000
Staff Saving/ Talab Bachat Khata	9.00%	100
Best Remit Saving	12.00%	5,000
Call Deposit	Negotiable Upto 3.81%	1,000

Note : The interest rate on deposit accounts other than above having minimum balance of Rs 100 will be 7.62% p.a.

Loan	
Loan Against Fixed Deposit	Upto Plus 2% p.a. on Coupon Rate or Base Rate which ever is higher
Consortium Loan	As per Consortium Decision
Other Loan Products	Base Rate + Upto 5% p.a. Premium
Base Rate applicable in Ashad 2080	13.69%

Fixed Interest Rate Loan(Individual)			
Loan Products	Upto 5 Years (% p.a.)	Upto 10 Years (% p.a.)	Upto 15 Years (% p.a.)
Home Loan	17.00%	17.00%	17.00%
Auto Loan	17.00%	17.00%	17.00%
Other Retail Loan	17.00%	17.00%	17.00%

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
Durbarmarg, Tel: 4242530, 4228229
E-mail: info@nimb.com.np
website: www.nimb.com.np
Customer Support Tel No: 4545150, 4545151

INTEREST RATES

यस बैंकद्वारा २०८० साल जेष्ठ महिनाका लागि प्रकाशित गरिएको व्याज दर २०८० साल आषाढ महिनाका लागि पनि यथावत कायम राखिने व्यहोरा जानकारी गराईन्छ। साथै यस बैंकको बेभसाइट www.nimb.com.np मा २०८० साल आषाढ महिनाको व्याज दर अद्यावधिक रहेको जानकारी गराईन्छ।

सहकारी...

पृष्ठ १ बाट क्रमशः

गरेको छ। कार्यदललाई सहकारी क्षेत्रमा विगत र वर्तमानमा देखिएका समस्याबीचको अन्तरअध्ययन गरी समस्या, कारण र समाधान पहिल्याएर दुई महिनाभित्र प्रतिवेदन बुझाउन म्यान्डेट छ। तर, पहिलो बैठक बस्न नै एक महिना लाग्यो।

४ जेठमा बसेको पहिलो बैठकले सदस्यहरूलाई कामको जिम्मेवारी दियो भने मंगलबार बसेको दोस्रो बैठकले कार्ययोजनाबारे कार्यसूची तयार गरेको छ। कार्यदलमा सहकारी, भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्रालयका सचिव डा. दामोदर रेग्मी, अर्थ मन्त्रालयका सहसचिव भूपाल बराल, योजना आयोगका सहसचिव सुशील ढकाल, महिला तथा बालबालिका मन्त्रालयका सहसचिव आभा श्रेष्ठ, नेपाल राष्ट्र बैंकका निर्देशक बाबुराम शर्मा, सहकारी महासंघका अध्यक्ष मीनराज ढकाल, सहकारी विभागका रजिस्ट्रार नमराज घिमिरे सदस्य छन्। त्यस्तै, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)का प्रतिनिधि र दुई विज्ञ व्यक्तिलाई नियुक्ति गर्न बाँकी रहेको सहकारी मन्त्रालयका सचिव डा. रेग्मीले बताए।

सहकारीमा देखिएका समस्याबारे ३३ वर्षअघि नै अध्ययन गरेर सुझाव दिएको 'राष्ट्रिय सहकारी महासंघ परामर्श समिति'का संयोजक राधाकृष्ण मैनाली सुझाव कार्यान्वयन नगर्ने कार्यदल गठन गरेर सरकार कर्मकाण्डी मात्रै बनेको आरोप लगाउँछन्। 'प्रतिवेदनमा दिइएका सुझावको सैद्धान्तिक कार्यान्वयन भयो, तर व्यावहारिक भने भएन,' उनले भने।

त्यसपछि ०५७, ०६१, ०६८, ०६९ र ०७० पनि कार्यदल गठन भए। ०५७ मा तत्कालीन राष्ट्रिय विकास बोर्डका सहअध्यक्ष राजेन्द्रबहादुर शाहको संयोजकत्वमा 'सहकारी विकास सुझाव कार्यदल' गठन भएकोमा ०६१ मा एकै वर्ष दुई समिति बनाइएका थिए।

०६१ को पहिलो समिति योजना आयोगका सदस्य डा. युवराज खतिवडाको संयोजकत्वमा बनेको थियो। 'राष्ट्रिय सहकारी बैंक र बचत तथा ऋण सहकारी संस्था सञ्चालनसम्बन्धी कानुनी स्वरूप संरचनागत व्यवस्था' नामको समितिले सहकारी नियमनका लागि छुट्टै निकाय गठन हुनुपर्ने, सहकारीको राष्ट्र बैंकले सुपरिवेक्षण गर्नुपर्ने, राष्ट्रिय सहकारी बैंकका लागि छुट्टै ऐन हुनुपर्ने, कर घटाउनुपर्नेजस्ता सुझाव दिएको थियो। 'हामीले मिहिन अध्ययन गरेर सुझाव दिएका हौं, तर कार्यान्वयन भएन,' खतिवडाले भने।

लगत्तै तत्कालीन कृषि तथा सहकारीमन्त्री होमनाथ दाहालको नेतृत्वमा अर्को समिति बन्यो। सहकारीमा सामान्य समस्या देखिन थालेपछि व्यवस्थित गर्न सुझावका लागि समिति गठन भएको तत्कालीन मन्त्री दाहालले बताए। उनका अनुसार समितिका सबै राजनीतिक दलका एक-एकजनाको प्रतिनिधित्व थियो भने केही सहकारीविज्ञलाई पनि नियुक्त गरिएको थियो। त्यस्तै, समितिले राष्ट्र बैंकको सुझावलाई पनि समेटेको थियो। त्यतिवेला राष्ट्र बैंकले सहकारीको नियमन गर्न एउटा छुट्टै संस्था खडा गर्नुपर्ने सुझाव दिएको थियो। साथै, सहकारी विभागको स्वीकृति लिएर मात्रै सहकारी खोल्न पाउने र यसरी खोलिएका सहकारीलाई राष्ट्र बैंक, कृषि मन्त्रालय र सहकारी विभागले सुपरभिजन गर्ने सुझाव प्रतिवेदनमा समेटिएको थियो। त्यस्तै, समितिले सहकारीलाई मुलुकको अर्थतन्त्रको मेरुदण्डका रूपमा स्विकार्न र सहकारीको माध्यमबाट विकास गर्न सुझाव दिएको थियो। प्रतिवेदन मन्त्रिपरिषद्ले पारित गरेपछि कार्यान्वयन गर्ने कुरा थियो। तर, तत्कालीन राजा ज्ञानेन्द्रले कु गरेपछि सबै विघटन भयो। प्रतिवेदन पारितसमेत हुन पाएन।

त्यसपछि ०६६ मा सरकारले राष्ट्रिय योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा सहकारीबारे सुझाव दिन अर्को कार्यदल गठन गरेको थियो। उक्त कार्यदलले सहकारीको संख्या र कारोबार बढे पनि प्रभावकारी कानुन र सशक्त अनुगमन संरचना नभएकाले जोखिमपूर्ण कारोबार भइरहेको निष्कर्ष निकालेको थियो। समितिले ०६८ मा सरकारलाई प्रतिवेदन बुझाएको थियो। प्रतिवेदनमा सर्वसाधारणको निक्षेप सुरक्षित गर्न दुई दशक पुरानो ऐन-नियम परिमार्जन गरी नियमन क्षमता बढाउन सुझाव दिइएको थियो।

०६९ फेरि अर्थ मन्त्रालयका तत्कालीन सहसचिव वैकुण्ठ अर्यालको संयोजकत्वमा 'टास्क फोर्स' गठन गऱ्यो। जसले बचत तथा ऋण सहकारीको निक्षेपमा सीमा लगाउन, प्रभावकारी अनुगमन गर्न, गल्ती गर्ने सञ्चालकलाई कारबाहीको व्यवस्था गर्न, कानुनी र नीतिगत सुधार गर्न सरकारलाई सुझाव दिएको थियो। टास्क फोर्सले करिब दुई महिना लगाएर अध्ययन गरेको तत्कालीन संयोजक अर्याललले बताए।

अध्ययन कार्यदलहरूले दिएका सुझाव कार्यान्वयन नभएपछि सहकारीमा समस्या बढ्दै जानु स्वाभाविक थियो। सरकारले ०७० मा विशेष अदालतका पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको संयोजकत्वमा उच्चस्तरीय जाँचबुझ आयोग गठन गऱ्यो। तत्कालीन समयमा ओरियन्टललगायत सहकारीमा समस्या देखिन थालेपछि सरकारले अध्ययनका लागि उक्त आयोग गठन गरेको थियो। अध्ययनले एक सय ३३ वटा सहकारी संस्थामा समस्या देखिएको भन्दै समस्याग्रस्त सहकारी व्यवस्थापन गर्न छुट्टै निकाय गठन गर्नसमेत सुझाव दिएको थियो। आयोगको सुझावअनुसार सरकारले समस्याग्रस्त सहकारी व्यवस्थापन समिति गठन गरेर १२ सहकारी संस्थालाई समितिमा सिफारिस पनि गऱ्यो। तर, बाँकी जोखिममा रहेका भनिएका सहकारीको उपचारका लागि भने सरकारले केही गरेन। त्यसको एक दशकमा सहकारीको अवस्था झन् डामाडोल बनेको छ र फेरि अध्ययन गर्न भन्दै सरकारले कार्यदल बनाएको छ।

सहकारी मन्त्रालयका पूर्वसचिव गोपीनाथ मैनाली भन्छन्– गौरीबहादुर कार्की नेतृत्वको आयोगले देखाएका समस्यालाई गम्भीर रूपमा नलिँदा समस्या झन् बढ्यो

सहकारी मन्त्रालयका पूर्वसचिव गोपीनाथ मैनाली ०७० मा विशेष अदालतका पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा गठित 'उच्चस्तरीय जाँचबुझ आयोग'को प्रतिवेदनलाई गम्भीर रूपमा नलिँदा सहकारीमा झन् समस्या बढेको विश्लेषण गर्छन्। आयोगले सहकारी न्यायाधिकरण अध्यादेश जारी गर्नुपर्ने, कसुर सजायको न्यायिक कार्यान्वयन गर्नुपर्ने, सहकारी विभागमा अनुगमन गर्ने शाखा बनाउनुपर्ने, अनुगमनका लागि राष्ट्र बैंकको सहयोग लिनुपर्ने, ५० करोडभन्दा माथिको सहकारीको कम्तीमा तीन वर्षसम्म राष्ट्र बैंकले कारोबार हेर्नुपर्ने, घर-घरमा बचत गर्ने कार्यलाई तुरुन्त बन्द गर्नुपर्ने, संकटग्रस्त सहकारीको पुनः व्यवस्था गर्नुपर्नेजस्ता सुझाव दिएको थियो। त्यस्तै, मुलुक संघीयतामा गएसँगै सहकारी पनि संघीय संरचनामा लगेपछि समस्या थपिएको मैनालीको भनाइ छ। संघीयतापछि सहकारीलाई प्रदेश र स्थानीय तहमा पनि हस्तान्तरण गरिएको थियो, तर नियमनमा भने अलमल भयो। यही मौका छोपेर केही सहकारीले अनियमित रूपमा लगानी गर्न थालेपछि जोखिम थपिएको उनी बताउँछन्।

सहकारी विभागका रजिस्ट्रार नमराज घिमिरेको आश्वासन– बचत फिर्ता हुन्छ, तर समय लाग्न सक्छ

सहकारीमा बचत फिर्ता गर्न जाने सदस्यहरू साँच्चै नै समस्या परेर होइन, अरू सहकारीमा समस्या देखिन थालेपछि डरले गएका हुन्। केही सहकारीमा समस्या हुँदा राम्रा सहकारीलाई पनि असर परेको छ। सहकारीमा भएको रकम सुरक्षित हुन्छ, ढुक्क हुनुस्। कुनै सहकारीले बचतकर्ताको रकम फिर्ता गरेको छैन भने सम्बन्धित निकायमा उजुरी गर्नुहोला। बचत फिर्ता हुन्छ, तर समय लाग्न सक्छ।

सहकारी महासंघका अध्यक्ष मीनराज कँडेलको दाबी– एक प्रतिशत सहकारीमा मात्रै समस्या छ

देशभर ३२ हजार सहकारी छन्। तीमध्ये १ प्रतिशत अर्थात् पाँच सयजतिमा समस्या देखिएको छ। कोभिड संक्रमणपछि सहकारी संस्थामा समस्या देखिन थालेको हो। नयाँ बचतकर्ता नथपिनु, कर्जा उठ्न नसक्नु र पुराना बचतकर्ताले बचत झिक्न थालेपछि समस्याले गम्भीर रूप लिएको हो।

पूर्वी र मध्य...

पृष्ठ १ बाट क्रमशः

सातासम्म लाग्ने गर्छ। जलवाष्पयुक्त हावा कति मात्रामा प्रवेश गरेको छ त्यही आधारमा मनसुन सक्रिय हुने सम्भावना रहन्छ। यसपटक भने पश्चिम नेपालमा पश्चिमी वायुको प्रभाव कायमै रहेकाले मनसुन त्यसतर्फ तत्काल विस्तार हुने सम्भावना छैन।

'पश्चिमी क्षेत्रमा अझै पनि पश्चिमी वायुको प्रभाव कायमै रहेकाले त्यता मनसुनी वायु जान नसकेको हो,' मौसमविद् विनु महर्जनले भनिन्, 'पश्चिमी वायुका कारण पश्चिम नेपालका पहाडी क्षेत्रमा बदली र हल्का वर्षा त भइरहेको छ। तर, तराईमा वर्षा गराउन सकेको छैन।'

गत वर्ष भने औसतभन्दा नौ दिनअघि (२२ जेठ)मा नै मनसुन भित्रिएर बर्खे वर्षा भएको थियो। नेपालमा औसतमा २ अक्टोबरमा मनसुन अन्त्य हुने आकलन गरिन्छ ।

नबिल बैंक लिमिटेड, विराटचोक शाखा, मोरङ्ग तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८०/०२/३२)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले नबिल बैंक लिमिटेडले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरेको साविक नेपाल बङ्गलादेश बैंक लिमिटेड ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई बैंकसँग संचार विहिन रहन गएको बैंकको लगानीमा रहेका सर सम्पतिको उचित संभार हुन सक्ने अवस्थाको सुनिश्चितता हुन नसक्ने अवस्था भएको तथा ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ। साथै, सवारी साधनको हकमा उक्त सवारी साधन बैंकको नाममा दर्ता रहेको र सो सवारी साधनको स्वामित्व बैंकमा रहेकोले कसैले अनधिकृत रुपमा प्रयोग गरिरहनुभएको छ भने यथासिघ्र बैंकमा बुझाउनु होला। अन्यथा अनधिकृत रुपमा बैंकको सवारी प्रयोग गर्नु भए उपर प्रचलित कानून बमोजिम कारवाही गर्न बैंक बाध्य हुने समेत जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी कम्पनीको नाम र ठेगाना विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य, तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७६/०१/१२ मा दर्ता नं. २१३८४५/०७५/०७६ अन्तर्गत दर्ता भएको **श्री तुल्सी मोटर पम्प इण्डष्ट्रि प्रा. लि.**।

ठेगानाः मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १९।

ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. रविलाल शर्माको नाति रत्नाखर शर्माको छोरा बाँके जिल्ला, कोहलपुर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ४ बस्ने (नागरिकता नं. २१७३९, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: बाँके, मिति : वि.सं.२०५०/०८/०८) **श्री केदार नाथ शर्मा**।

२. भानुभक्त भट्टराईकी छोरी, रत्नाखर शर्माकी बुहारी, केदार नाथ शर्माकी श्रीमती, बाँके जिल्ला कोहलपुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ४ बस्ने (नागरिकता नं. ९८१५, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: बाँके, मिति : वि.सं.२०५९/०४/०६) **श्रीमती गीता शर्मा**।

धितोको विवरणः

धितोमा रहेको घर जग्गाहरुको विवरणः

१. **श्री तुल्सी मोटर पम्प इण्डष्ट्रि प्रा. लि.**को नाममा मालपोत कार्यालय मोरङ्गमा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मोरङ्ग जिल्ला लखन्तरी गा.वि.स. वडा नं. २ स्थित क्रमशः कित्ता नं. ४३, २२७, ४२ र १३८ को क्षेत्रफल क्रमशः १००.००, १३७१.३५, १४७०.०० र ९५५ व.मि. को घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२. **श्री तुल्सी मोटर पम्प इण्डष्ट्रि प्रा. लि.**को नाममा मालपोत कार्यालय झापामा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला दमक न.पा. वडा नं. ९ स्थित कित्ता नं. १२ को क्षेत्रफल क्रमशः ३७७.८८ व.मि. को घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

३. **श्री तुल्सी मोटर पम्प इण्डष्ट्रि प्रा. लि.**को नाममा मालपोत कार्यालय झापामा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला चन्द्रगढी गा.वि.स. वडा नं. ५ स्थित क्रमशः कित्ता नं. १६५० र २०९१ को क्षेत्रफल क्रमशः १९९७.८९ र ९४८.१४ व.मि. को घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

४. **श्री तुल्सी मोटर पम्प इण्डष्ट्रि प्रा. लि.**को नाममा मालपोत कार्यालय झापामा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला गौरादह गा.वि.स. वडा नं. १ स्थित क्रमशः कित्ता नं. २५२५ र २५२३ को क्षेत्रफल क्रमशः ६८६३.०० र ३४९६.३८ व.मि. विघाको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

सवारी साधनहरुको विवरणः

१. ऋणी **श्री तुल्सी मोटर पम्प इण्डष्ट्रि प्रा. लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. प्रदेश ३-०१-०२४च-२५९८ भएको TATA Tiago RTXE Car.

२. ऋणी **श्री तुल्सी मोटर पम्प इण्डष्ट्रि प्रा. लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. प्रदेश १-०२-००२च-५६५६ भएको TATA Xenon Yodha Pick up.

३. ऋणी **श्री तुल्सी मोटर पम्प इण्डष्ट्रि प्रा. लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. प्रदेश १-०२-००२च-५४३० भएको TATA Xenon Yodha Pick up.

४. ऋणी **श्री तुल्सी मोटर पम्प इण्डष्ट्रि प्रा. लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. प्रदेश १-०२-००२च-५६५९ भएको TATA Xenon Yodha Pick up.

५. ऋणी **श्री तुल्सी मोटर पम्प इण्डष्ट्रि प्रा. लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. प्रदेश १-०२-००२च-५४३१ भएको TATA Xenon Yodha Pick up.

६. ऋणी **श्री तुल्सी मोटर पम्प इण्डष्ट्रि प्रा. लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. प्रदेश १-०२-००२च-५४७६ भएको TATA Xenon Yodha Pick up.

NABIL BANK®

प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

कसैका सपना...

पृष्ठ १ बाट क्रमशः

राधाले तीन वर्षअघि साढे तीन लाख ऋण गरेर छोरीलाई वैदेशिक रोजगारका लागि दुबई पठाएकी थिइन्। दुबईबाट छोरीले पठाएको रकमसहित आफ्नो सबै कमाइ गरेर साढे आठ लाख रकम उनले खुसी सहकारीमा बचत गरेकी थिइन्। ०६१ सालमा श्रीमान् 'ब्लड क्यान्सर'का कारण बितेपछि छोराबुहारीसँग बसिरहेकी उनी अहिले पैसा फसेपछि विलखबन्दमा छिन्।

उता दुबईबाट फोन गरेर हरेक दिन छोरी रुन्छिन्। 'राम्रो सहकारी भन्नुहुन्थ्यो, मैले दुःख गरेर कमाएको पैसा डुबाइदिनुभयो,' छोरीले राधालाई भनिरहेकी हुन्छिन्। घरमा छोरा रिसाउँछन्। 'मैले पाँच हजार माग्दा पैसा छैन भन्नुहुन्थ्यो, किन छैन भन्नुभयो, अहिले पो थाहा भयो,' छोराले यही सुनाउँछन्।

वैदेशिक रोजगारीमा गएकी छोरी काठमाडौं आएर केही उद्यम गर्ने योजनामा थिइन्। त्यसलै राधाले पैसा 'फिक्स्ड डिपोजिट' गरेकी थिइन्। '२९ चैतदेखि सहकारी सञ्चालक भागेका छन्,' राधाले भक्कानिदै पीडा सुनाइन्, 'वर्षौंदेखि मारवाडीको घरमा काम गर्दै बचत गरेको पैसा पनि गयो। छोरीको सपना पनि गयो। मेरो जागिर पनि गयो। खुसी सहकारीले हाम्रो परिवारकै खुसी खोस्यो। सम्झिएर सुत्न सकेकी छैन।'

राधाका अनुसार १० दिनअघि गृहमन्त्री नारायणकाजी श्रेष्ठ अर्कै एक आन्दोलनमा आएका थिए। मौकामा छेउमै रहेका गृहमन्त्रीलाई उनीहरूले पनि आफ्नो दुःख पोखे। 'तर, गृहमन्त्रीले साह्रै नराम्रो व्यवहार गरे,' राधाले भनिन्, 'म तिमीहरूका लागि आएको होइन, अर्कै कार्यक्रममा आएको हुँ भन्नुभयो। हामीले लुटिएको कुरा राख्दा सहकारीमा किन राखेको पैसा, मैले राख्नु भनेको हो ? भन्दै नमिठो वचन गर्नुभयो।'

राधा एक प्रतिनिधि पात्र मात्रै हुन्। माइतीघरमा जम्मा हुने सहकारीपीडितको संख्या दिनहुँ थपिइरहेको छ। 'नेपालभरका सहकारीपीडित एक हौं, निक्षेपको साँवा-ब्याज अविलम्ब फिर्ता र सुनिश्चितताका लागि आफैं लडौं' भन्ने नारासहित माइतीघरको सडकमा आइपुगेका छन् उनीहरू। उनीहरूले सहकारीपीडित बचतकर्ता महासंघ संघर्ष समिति नै गठन गरेर आन्दोलन गरिरहेका छन्।

समिति अध्यक्ष सुनितासिंह राजभण्डारी अहिलेसम्म देशभरका ५५ वटा सहकारीका पीडित आन्दोलनमा जोडिएको बताउँछिन्। 'पहिलो दिन १३ वटा सहकारीपीडित मात्रै भेला भएका थियौं, अहिले ५५ वटा सहकारीका पीडित जोडिएका छन्,' उनले भनिन्, 'अर्बौं रकम फसेको छ। कैलाली, बर्दिबास, बर्दियालगायत ठाउँबाट पनि पीडित आइरहनुभएको छ।' उनका अनुसार माइतीघरमा आन्दोलन छ, पैसा उठ्छ होला भन्ने आशाले सयौं पीडितले ऐक्यबद्धतासहित फोन गरिरहेका छन्।

राजभण्डारी आफू स्वयं ललितपुरको देउराली सहकारीबाट पीडित हुन्। आफूहरूको मूल माग बचत रकम फिर्ता नै रहेको उनले बताइन्। 'अब हाम्रो लडाइँ सहकारी सञ्चालकसँग मात्रै होइन, सरकारसँग पनि हो,' उनले भनिन्, 'सरकारले लाइसेन्स दिएर सहकारीलाई ठगी धन्दा चलाउन अनुमति दियो, अब यसको जिम्मेवारी उसले लिनैपर्छ। सञ्चालकको सम्पत्ति जफत गरेर हुन्छ या कसरी हुन्छ, जसरी भए पनि हामीलाई हाम्रो बचत फिर्ता गराउनुपऱ्यो।'

माइतीघरमा त्रिपाल ओछ्याएर सहकारीपीडितले २४ सै घन्टा धर्ना दिइरहेका छन्। युवादेखि वृद्धवृद्धासम्म र बिरामीसमेत आफ्नो फसेको रकम उठ्ने आशामा माइतीघर आएका छन्। 'थरीथरीका पीडित हुनुहुन्छ, पीडा सुन्दा आँसु झर्छ,' अध्यक्ष राजभण्डारीले भनिन्।

उनका अनुसार आन्दोलनमा एकजना वृद्ध क्यान्सरपीडित छन्। सुगर र प्रेसरका बिरामी पनि छन्। कतिले नियमित औषधि खान पाएका छैनन्। अध्यक्ष राजभण्डारी धर्नामा सहभागीको व्यथा सुनाउँछिन्, 'रुनुहुन्छ, कराउनुहुन्छ, माग कहिले पूरा हुन्छ भनेर सोध्नुहुन्छ। तर, कसैसँग जवाफ छैन।' सरकारले मागप्रति चासो नदेखाएको उनको गुनासो छ।

काठमाडौं धापासीकी रञ्जना लामाको पीडा पनि राधाको भन्दा कम छैन। उस्तै काम गरेर गुजारा चलाइरहेकी उनी वसुन्धरास्थित उत्तम बचत तथा सहकारीमा फसेको आफ्नो चार लाख रकम उठाउन माइतीघर सडकमा छिन्। सहकारीमा पैसा फसेकै कारण वसुन्धराको मिनार अंग्रेजी माध्यमिक विद्यालयमा पढिरहेका उनका दुई सन्तानलाई त्यहाँबाट निकालेर सरकारी स्कुलमा भर्ना गराउन बाध्य भएकी छिन्।

'केही हुन्छ भनेर अरूको घर-घर र अफिस-अफिसमा पुगेर झाडु-पोछा गर्दै कमाएको पैसा थियो,' लामाले भनिन्, 'दिनको सय-पचास गर्दै आठ वर्षको मिहिनेतले चार लाख जम्मा भएको थियो। तर, सबै खाएर भागे। बोर्डिङ स्कुलमा पढाएको बच्चालाई यसपटक सरकारी स्कुलमा लगेर भर्ना गर्न बाध्य भएँ। मिनारमा पढाउँथें, त्यहाँबाट निकालेर बाँसबारी स्कुलमा भर्ना गराएकी छु।'

उनका छोरा सात र चार कक्षामा पढ्छन्। चालक रहेका उनका श्रीमान्बाट पनि बचाएर उनले त्यो पैसा सहकारीमा बचत गरेकी थिइन्। तर, अहिले डुबेको थाहा पाएपछि घरबार बिग्रिने अवस्था सिर्जना भएको उनले बताइन्। 'उहाँ (श्रीमान्)लाई पैसा बचत गरेको थाहा थिएन,' उनले भनिन्, 'अहिले थाहा पाएपछि घर बस्ने अवस्था छैन। त्यो पैसा जसरी राख्न दिइस्, त्यसरी नै फिर्ता लिएर आइज, नत्र जसलाई राख्न दिइस्, त्यहीसँग जा भन्छन् श्रीमान्। रिसले चुर छन्, डिभोर्स हुने स्थिति आइसक्यो।'

सहकारी सञ्चालक दुर्गा न्यौपाने र लक्ष्मी श्रेष्ठविरुद्ध जाहेरी लिएर महाराजगन्जमा रहेको प्रहरी वृत्त हुँदै अदालतसम्म पुग्दा पनि कुनै सुनुवाइको वातावरण नबनेको उनले गुनासो पोखिन्। 'हामी चक्रपथ प्रहरी कार्यालय हुँदै अदालतसम्म पुग्यौं, तर कहीं न्याय पाएनौं,' उनले भनिन्, 'प्रहरीले अदालत जानु भन्यो। तर, अदालतबाट पनि न्याय नपाएपछि हामी सडकमा आउन बाध्य भएका छौं।'

रञ्जना अहिले पनि दैनिक दुई-तीनवटा घरमा सफाइको काम गर्न जान्छिन्। 'त्यो सब काम भ्याएर म यहाँ आन्दोलन गर्न आइरहेकी छु। अब पनि पैसा फिर्ता भएन भने त सहकारी सञ्चालकको घरअगाडि के-के गर्नुपर्छ गर्छौं,' उनले बाध्यता सुनाइन्।

जोरपाटी बस्दै आएकी सिन्धुपाल्चोककी सानुनानी लामिछाने आफ्नो बचत फिर्ता गराउन माइतीघरको चिसो सडकमा गर्मी, लामखुट्टे र पानी केहीको पर्वाह नगरी रात कटाइरहेकी छिन्। 'मंगलबार पानी पर्दा त्रिपालले थामेन, पूरै भिजियो, तैपनि यहाँबाट उठेका छैनौं,' उनले भनिन्, 'अब पैसा नलिई नउठ्ने हो। दुःख गरेर कमाएको पैसा सहकारीले कहाँ त्यसै लुट्न पाउँछ।'

तीन वर्षअघि दुबईबाट फर्किएपछि गौशालामा उनले कपडा पसल खोलेकी थिइन्। उनका श्रीमान् मलेसिया थिए। पसलको आम्दानी र श्रीमान्ले कमाएको पैसा गरेर उनले दुईपटकमा चार लाख रकम पुरानो बानेश्वरको गेटवे बचत तथा सहकारीमा 'फिक्स्ड डिपोजिट'मा राखेकी थिइन्।

तर, सहकारीका सञ्चालक सयौं बचतकर्ताको रकम जोखिममा पारेर फरार छन्। 'पैसा उठाउन गत वर्षको भदौदेखि सहकारीकै पछि दौडिएको दौडिएकै छौं,' उनले भनिन्, 'तैपनि पैसा उठेको छैन। यसकै पछि लागेर नभ्याउने भएपछि पसल पनि बेच्नुपऱ्यो। श्रीमान्लाई सहकारीमा पैसा डुबेको थाहा छैन। थाहा पाउनुभयो भने सम्बन्ध नै बिग्रिन सक्छ।'

बाजुराकी छिनकला मल्ल तीन वर्ष भएको छोरा पढाउन काठमाडौं झरेकी थिइन्। ललितपुरको थेचुमा मासिक तीन रोपनी जग्गा भाडामा लिएर तरकारी खेती गरिरहेकी थिइन्। मासिक ६५ हजार भाडा तिर्थिन्। खेतमा उब्जिएको साग, टमाटर दिनहुँ धापाखेल सडकमा लगेर बेच्थिन्।

उनलाई मिति पनि थाहा छ, ०७९ असार ४ गते खुमलटारमा रहेको सन्देश बचत तथा सहकारी संस्थाकी कर्मचारी 'अन्टी, पैसा फाइनान्समा हाल्नुपर्छ, ब्याज पनि आउँछ' भन्दै खाता खोलाउन आइपुगेकी थिइन्। अर्को वर्ष छोरोले एसइई दिँदा काम लाग्छ भनेर उनले दिनको ५०, सय, दुई सय ५० गर्दै रकम बचत गरेकी थिइन्। यसरी बचत गरेर ८० हजार पुगेको उनको रकम अहिले डुबेपछि न्यायको आससहित उनी माइतीघरमा छिन्।

'सुदूरपश्चिम बाजुराकी मान्छे हुँ, एउटै छोरा छ, पढाउन भनेर यता ल्याया हुँ,' नयाँ पत्रिकासँग उनले दुःख पोखिन्, 'बुढाबुढी नै हामी तरकारी खेती गर्छौं। दुई छोरी बिहे गरेर गए। एसइई दिने वेलामा पैसा निकाल्नुपर्छ भनेर जम्मा गरेको, अहिले सहकारी नै फरार रे। गोलभेँडाको रेट घटिसक्यो। उपचार गर्ने पैसा छैन। अब केले उपचार गर्ने। केले छोरालाई क्याम्पस भर्ना गर्ने। जम्मै पैसा खाइदियो। हाम्रा लागि ८० हजार ८० लाखजति भयो।'

कोरियामा कमाएर ल्याएको ७० लाख डुबेपछि वसुन्धराका मोहन राउत अहिले तनावमा छन्। वसुन्धराको उत्तम बचत तथा सहकारी संस्थाले आफूले बचत गरेको पैसा फिर्ता नदिएपछि अन्य पीडितसहित उनी आन्दोलनमा छन्। करिब तीन हजार पीडितलाई संगठित गरेर संघर्ष समिति नै बनाएका छन्। '१७ प्रतिशत ब्याज आउँछ, दुई पैसा फाइदा हुन्छ र छोराछोरीको पढाइ खर्च आउला भनेर ०७८ फागुनमा फिक्स्ड डिपोजिटमा पैसा राखेको थिएँ,' उनले भने, '६-६ महिनाका हिसाबले राखेको थिएँ। ६ महिनासम्म त ब्याज दियो।'

त्यसपछि पैसा निकाल्न जाँदा सहकारीले समस्या देखाउन थाल्यो। 'शंका लागेर प्रहरीकहाँ गयौं। ६ महिन

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
बिहीबार ३२ जेठ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

साफ च्याम्पियनसिपको तयारी : नेपाल आज फिलिपिन्ससँग मैत्रीपूर्ण खेल्दै

रमेश सुवेदी/नयाँ पत्रिका



नेपाली राष्ट्रिय टोलीले ६ असारबाट दक्षिण एसियाली फुटबल (साफ) च्याम्पियनसिप खेल्दै छ। १४औँ संस्करणसम्म नेपालले साफ च्याम्पियनसिप उपाधि जित्न सकेको छैन। यसबीचमा नेपाल एकपटक फाइनल पुगेको थियो। दुई वर्षअघि माल्दिभ्समा भएको साफ च्याम्पियनसिपको फाइनलमा नेपाल भारतसँग एकपक्षीय रूपमा पराजित भएको थियो। साफमा नेपालको उत्कृष्ट प्रदर्शन भनेको त्यही नै थियो।

साबिक उपविजेता नेपाल यसपटक आफ्नो अधुरो सपना पूरा गर्न चाहन्छ। तर, नेपाली खेलाडीले देखेको सपना पूरा हुन त्यति सहज छैन। यसपटक खेलाडीले थोरै अभ्यास खेल र प्रशिक्षणका साथ भारतको बेंग्लोरमा हुने साफ च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्नेछ। नेपाली टोलीले तयारीका रूपमा बिहीबार फिलिपिन्सविरुद्ध मैत्रीपूर्ण खेल खेल्दै छ। मनिलामा हुने भिडन्तमा नेपालको लक्ष्य तालमेल मिलाउने हुनेछ।

साथसाथै, नयाँ खेलाडी तथा प्रशिक्षक भिसेन्जोको वास्तविक स्तर परीक्षण पनि यही नै हुन सक्छ। नयाँ खेलाडीले सिनियरसँग अनुभव साट्नेछन्। टोलीका सिनियरले आफ्ना कमी कमजोरी सच्याउनेछन्। इटालियन प्रशिक्षक भिसेन्जोले जिम्मेवारी पाएपछि नेपालको यो नै पहिलो आधिकारिक ठूलो खेल हो। भिसेन्जोको प्रशिक्षणमा नेपालले श्री नेसन्स कपको उपाधि जितेको थियो। तर, आयोजक नेपालले प्रतियोगितामा फिफा वरीयतामा आफूभन्दा कमजोर प्रतिद्वन्द्वी भुटान र लाओसलाई खेलायो।

कप्तान किरणकुमार लिम्बूले पुनः एकपटक 'आर्म ब्यान्ड' लगाउँदा उनले निकै अनुभवी सिनियर खेलाडीको साथ पाउनेछैनन्। राष्ट्रिय टोलीबाट खेलिसकेका लगभग दुई दर्जनजसो खेलाडी भविष्य बनाउन अस्ट्रेलिया पलायन भएका छन्। अन्तर्राष्ट्रिय म्याचको कम अनुभव बटुलेका नेपाली खेलाडीले फिलिपिन्ससँग खेल्दा महत्वका साथ लिनेछन्। नेपाललाई चुनौती उस्तै छ। 'साफ च्याम्पियनसिपअघि हामीलाई सहज छैन। फिलिपिन्ससँग खेल्नु झनै कठिन छ,' प्रशिक्षक भिन्सेन्जोले भने, 'हामी फिफा वरीयतामा १७४ र फिलिपिन्स १३६ स्थानमा छ।'

तालमेल अभाव

प्रशिक्षक भिन्सेन्जोले मैत्रीपूर्ण र साफ च्याम्पियनसिपका लागि २३ सदस्यीय टोली मनिला पुऱ्याए। टोलीमा लाकेन लिम्बू, सिमन्त थापा र विमल पाण्डेले पहिलोपटक स्थान बनाएका छन्। यसबाहेक पनि सनिस श्रेष्ठ, मणिकुमार लामा, आभास लामिछाने, दीपकराजसिंह ठकुरी, आशिष चौधरी नेपाली टोलीका नयाँ अनुहार हुन्। उनीहरूले आधा दर्जन खेल पनि खेलेका छैनन्। कप्तान किरणसँगै अनन्त तामाङ, देवेन्द्र तामाङ, रोहित चन्द, पुजन उपरकोटी, एरिक विष्ट, आयुष घलान, नवयुग श्रेष्ठ, अञ्जन विष्ट, मनीष डाँगी, विमल घर्तीमगर टोलीका नियमित सदस्य हुन्।

गोलरक्षक दीप कार्की, विशाल श्रेष्ठ, निशान्त खड्का, नवीन लामा भने टोलीमा वेलाबखत स्थान पाउँछन्। कप्तान किरण टोलीमा तालमेलको अभाव रहेको बताउँछन्। 'नयाँ खेलाडी छन्। अभ्यास राम्रो हुन पाएको छैन। तालमेलको अभाव देख्छु,' उनले भने। नेपाली टोलीले सहिद स्मारक ए डिभिजन लिग सकिएको दुई दिनपछि नै मनिला प्रस्थान गरेको हो।

'जति समय छ, त्यसमा राम्रो गर्ने प्रयास गरेका छौं, साफ च्याम्पियनसिपअघि हामीले फिलिपिन्ससँग ध्यान दिनुपर्छ,' लिम्बूले भने, 'फिलिपिन्समा राम्रो हुँदा साफ च्याम्पियनसिपमा पनि हुन्छ।' साफमा नेपालले कुवेतसँग खेल्दै प्रतियोगिता सुरु गर्नेछ। समूह 'ए'मा नेपालसँगै आयोजक भारत, पाकिस्तान र आमन्त्रित कुवेत रहेका छन्।

हेड टु हेडमा फिलिपिन्स बलियो

नेपाल र फिलिपिन्स ६ वर्षपछि प्रतिस्पर्धा गर्दै छन्। हेड टु हेडमा फिलिपिन्स बलियो छ। नेपालले फिलिपिन्ससँगको पछिल्ला चार खेलमा हार र एक खेल बराबरी खेलेको थियो। सन् २०१७ मा भएको पछिल्लो प्रतिस्पर्धा गोलरहित बराबरीमा टुंगिएको थियो। त्यसअघिका लगातार चार खेलमा नेपाल पराजित भयो। सन् १९८२ मा भएको पहिलो भेटमा नेपाल १-० ले विजयी भएको हो।

नेपाल पछिल्ला चार खेलमा अपराजित

नेपाली राष्ट्रिय टोली पछिल्ला चार खेलमा अपराजित छ। गत चैतमा नेपालले दशरथ रंगशालामा श्री नेसन्स कप खेलेको थियो। फाइनल खेलमा लाओसलाई २-१ ले हराउँदै उपाधि जिते पनि यस खेल आधिकारिक मान्यता हैन। त्यसअघि नेपाल चार खेलमा अपराजित छ। भुटानसँग १-१ गोलको बराबरी खेल्यो भने लाओसलाई २-० ले हरायो। यो दुवै खेल प्रशिक्षक भिसेन्जोको प्रशिक्षणमा खेलेको हो। ०७९ असोजमा नेपालले पाकिस्तानलाई १-० ले हरायो। यो मैत्रीपूर्ण खेलमा कार्यवाहक प्रशिक्षक प्रवेश कटवाल रहे। असोजमा प्रदीप हुमागाईं प्रशिक्षक रहँदा नेपालले बंगलादेशलाई ३-१ ले हरायो। अट्याकर अञ्जन विष्टले ह्याट्रिक गरेका थिए।

नेपालको पछिल्लो पाँच खेल

मिति	टोली	नतिजा
०७९ चैत १७	नेपालविरुद्ध लाओस	२-१
०७९ चैत १४	नेपालविरुद्ध भुटान	१-१
०७९ चैत ०८	नेपालविरुद्ध लाओस	२-०
०७९ कात्तिक ३०	नेपालविरुद्ध पाकिस्तान	१-०
०७९ असोज ११	नेपालविरुद्ध बंगलादेश	३-१

एन्जल्स हार्टलाई उपाधि

काठमाडौं/ लालीगुराँस नेसनल एकेडेमी (एलएनए) र एन्जल्स हार्टले प्रथम तार्केश्वर नगर प्याब्सन अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि बुधबार जितेका छन्। एलएनए सिनियर महिला तथा एन्जल्स हार्ट जुनियर पुरुषमा च्याम्पियन बनेका हुन्। तार्केश्वर नगर प्याब्सनद्वारा आयोजित प्रतियोगिताको सिनियर महिलाको उपाधि भिडन्तमा एलएनएले न्यु एरालाई २३-१४ ले पराजित गऱ्यो। एलएनएको जितमा सिमरन महर्जनले आठ स्कोर गरेकी थिइन्। जुनियर पुरुषको फाइनमा रुपेश पौडेलको १४ स्कोरको सहयोगमा एन्जल्स हार्टले एलएनएलाई ५१-३३ ले हरायो। दुवै समूहमा हिमरश्मिले तेम्रो स्थानमा चित्त बुझायो।

फाइनलका सर्वाधिक स्कोरकर्ताद्वय रुपेश र सिमरन आ-आफ्नो विधामा 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए। जुनियर पुरुषमा एलएनएका साहिद पुन तथा सिनियर महिलामा न्यु एराकी प्रनिशा श्रेष्ठ प्रतियोगिताकै सर्वाधिक स्कोरकर्ताको सूचीमा शीर्ष स्थानमा रहे। साहिदले ५६ स्कोर तथा प्रनिशाले ५० स्कोर गरे। २५ जेठदेखि सुरु प्रतियोगिताको जुनियर पुरुषमा १६ तथा सिनियर महिलामा लिग कम नकआउट आधारमा प्रतिस्पर्धा गरेका थिए।

नेपाल सुपर लिग मंसिरमा

काठमाडौं/ अखिल नेपाल फुटबल संघ (एन्फा)ले नेपाल सुपर लिग (एनएसएल) ९ देखि २१ मंसिरसम्म आयोजना गर्ने तालिका निकालेको छ। एन्फाले आयोजक नेपाल स्पोर्टस् एन्ड इभेन्ट म्यानेजमेन्ट प्राालि (एनएसइएम)लाई नयाँ मिति दिएको हो। पछिल्लोपटक ०७८ चैत २६ देखि १ जेठसम्मको मिति तोकिएको थियो। दोस्रो संस्करणमा तीन टोली थप्दै १० क्लबबीच प्रतिस्पर्धा हुने एन्फाले जनाएको छ। खेलाडीको अक्सन भइसकेको अवस्थामा एन्फाले प्रतियोगिता रोकेको थियो।

तत्कालीन एन्फा अध्यक्ष कर्माछिरिङ शेर्पाको नेतृत्वले दोस्रो संस्करणको मिति घोषणा गर्दै सहिद स्मारक ए डिभिजन लिग क्लबका आठ क्लबले विरोध जनाएका थिए।

लिगको साबिक विजेता मच्छिन्द्र फुटबल, मनाङ मर्स्याङ्दी, न्युरोड टिम, जावलाखेल, सातदोबाटो, श्री स्टार र फ्रेन्ड्सले खेलाडी रिलिज नगर्ने भनी विरोध गरेका थिए। 'नयाँ मिति पाएका छौं। यो खुसीको कुरा हो। फेरि एकपटक फ्रेन्चाइज फुटबलको रौनक बढ्नेछ,' एनएसइएमका कार्यकारी निर्देशक सुदीप शर्माले नयाँ पत्रिकासँग भने। उनले यो मिति परिवर्तन नहुने बताए।

अक्सनको पुनर्विचार

दोस्रो संस्करणको एनएसएलमा साबिक विजेता काठमाडौं रेजर्स, उपविजेता धनगढी एफसी, ललितपुर सिटी एफसी, बुटवल लुम्बिनी एफसी, पोखरा थन्डर्स, एफसी चितवनसँगै नयाँ क्लब झापा एफसी, स्पोर्टिङ इलाम एफसी र वीरगन्ज युनाइटेड छन्। मार्कीसँगै अक्सनबाट आएका ५० माथि खेलाडी विदेश पलायन भइसकेकाले प्रतियोगिताअघि अनुबन्धमा पुनर्विचार गरिने भएको छ।

खेल संक्षेप

आठ जुडो खेलाडी छनोट

काठमाडौं/ चीनको होङ्झावमा हुने १९औँ एसियाली खेलकुदअन्तर्गत जुडोका लागि आठ खेलाडी बुधबार छनोट भएका छन्। नेपाल जुडो संघको आयोजनामा भएको छनोट प्रतिस्पर्धाबाट आठ खेलाडीले एसियाडका लागि स्थान पक्का गरेका हुन्। पुरुष र महिलामा समान चार खेलाडी छनोट भए। पुरुष ६० केजीमुनि लुम्बिनी प्रदेशका विकास विक, ६६ केजीमुनि नेपाल प्रहरीका इन्द्रबहादुर श्रेष्ठ, ८१ केजीमुनि नेपाल आर्मीका जंगबहादुर सारु र १०० केजीमाथि आर्मीकै रन्जेश गोले छनोट भए। महिला ५२ केजीमाथि बागमती प्रदेशकी देवकीमाया श्रेष्ठ, ५७ केजीमुनि प्रहरीकी मनिता श्रेष्ठ प्रधान, ७० केजीमुनि पुनम श्रेष्ठ र ७८ केजीमाथि आकृति श्रेष्ठले एसियाड सहभागिता निश्चित गरे।

प्रणव सेमिफाइनलमा

काठमाडौं/ प्रदीप खड्का, आर्यन गिरी, अभिषेक बाँस्तोला र प्रणव खनाल प्रथम राइजिङ स्टार खुला टेनिस प्रतियोगिताको पुरुष एकलमा बुधबार सेमिफाइनलमा प्रवेश गरेका छन्। प्रदीपले आरभसम्राट हाडालाई ७-६, १-६ र ६-३ ले हराए। आर्यनले आयुषमानहजुर घलेलाई २-१ को सेटमा निराश पारे। अभिषेक बाँस्तोलाले निशान श्रेष्ठमाथि २-० को सजह सेटमा जित निकाले। प्रणवले अकी जुवेन रावतलाई २-१ को सेटमा पराजित गरे। प्रतियोगिताको भेट्रान ६५ वर्षमाथि पुरुष एकलमा कमल थापा पहिलो भए। उनले फाइनलमा मनोज राणालाई २-० ले हराए। यू-१० महिला एकलको फाइनलमा अनुश्री धोजूले जेनिशा ज्ञवालीलाई २-१ ले पाखा लगाउँदै शीर्ष स्थान कब्जा गरिन्।

थापागाउँको जित

काठमाडौं/ थापागाउँले दोस्रो वडाअध्यक्ष कप भेट्रान फुटबल प्रतियोगितामा बुधबार जित हात पारेको छ। थापागाउँले चाबहिल भेट्रान 'ए' लाई ४-१ ले पराजित गऱ्यो। थापागाउँका हरिहर थापा, धनवीर चौधरी, शशि गौतम र प्रवेशजंग थापाले समान एक गोल गरे। चाबहिलका अजब श्रेष्ठले एक गोल फर्काए।

काठमाडौं महानगरपालिका वडा ७ को आयोजनामा भइरहेको प्रतियोगितामा बौद्ध भेट्रान र तकामी पनि विजयी भए। बौद्धले एजेलाई ३-१ ले हरायो। बौद्धका धर्मेन्द्र लमाले ह्याट्रिक गरे। तकामीले किङकोम स्पोर्टस् क्लबलाई टाइब्रेकरमा ४-३ ले पाखा लगायो। निर्धारित समयको खेल २-२ को बराबरीमा सकिएको थियो।

Manahari Rural Municipality
Office of Rural Municipal Executive
Rajaiya, Makwanpur
Bagmati Province, Nepal

Invitation for Bids

First Date of Publication: 2080/02/32

Manahari Rural Municipality, Office of Rural Municipal Executive, Rajaiya, Makwanpur invites electronic bids for the following works under National Competitive Biddings (NCB).

S. N.	Contract Identification No.	Works Description	Estimated Cost (Inclusive 13% VAT) NRs.	Bid Security Amount (NRs)	Bid Document Cost (NRs.) (Nonrefundable)
1	BLDG/NCB/ MAN-26/079-80	Building Construction Work at Lamitar Office Building	63,47,789.47	1,45,000.00	3,000.00

Eligible Bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp or Manahari Rural Municipality, Office of Rural Municipal Executive, Rajaiya, Makwanpur.

CHIEF ADMINISTRATIVE OFFICER

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय
हेटौंडा, मकवानपुर

कागजात पेश गर्ने बारे अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०८०/०२/३२)

यस कार्यालय अन्तर्गत तपसिलमा उल्लिखित करदाताहरुको आ.व. २०७५/०७६ को कारोबारको पूर्ण कर परीक्षण गर्नुपर्ने भएकोले यस कार्यालयमा उपलब्ध भएको निज करदाताहरुको सम्पर्क ठेगानामा सम्पर्क स्थापित गर्न प्रयास गर्दा सम्पर्क स्थापित हुन नसकेकाले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यालयमा सम्पर्क गरी माग बमोजिमका आवश्यक कागजातहरु पेश गर्नुहुन आयकर ऐन, २०५८ को दफा ८३ (१) तथा मू.अ.कर ऐन, २०५२ को दफा २३ (२) बमोजिम अनुरोध गरिन्छ अन्यथा प्रचलित कानुन बमोजिम भईजाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

क्र.सं.	कारोबारको नाम	स्थायी लेखा नं.	ठेगाना	प्रोपाईटर/संचालक/साझेदार
१	ओम साई एण्ड कम्पनी प्रा.लि.	६०६६४१५७५	हेटौंडा १६, पुतलीबजार	होमनाथ गौतम/सरोज गौतम
२	एम.वि.निर्माण सेवा प्रा.लि.	६०४३३५२४१	हेटौंडा ०४, हुप्रा चौर	मच्छिन्द्र बर्तौला

लालबन्दी नगरपालिका भएर बग्ने कालिन्जोर खोलाको बगर क्षेत्रबाट दिगो रुपमा ढुंगा, गिट्टी र बालुवा संकलन तथा उत्खनन् कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०२ /३२)

मधेश प्रदेश, सर्लाही जिल्लाको लालबन्दी नगरपालिका, वडा नं. ३, ५, ६, १५, १६ र १७ मा लालबन्दी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।

प्रस्तावकको नाम तथा ठेगाना	लालबन्दी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, लालबन्दी, सर्लाही, मधेश प्रदेश फोन नं.: ०४६-५०११००, ईमेल: maillalbandi@gmail.com
प्रस्तावको व्यहोरा	लालबन्दी नगरपालिका भएर बग्ने कालिन्जोर खोला किनारबाट दिगो रुपमा ढुंगा, गिट्टी र बालुवा संकलन तथा उत्खनन् कार्य
प्रभाव पर्न सक्ने जिल्ला, स्थानीय तह	मधेश प्रदेश, सर्लाही जिल्लाको लालबन्दी नगरपालिका, वडा नं. ३, ५, ६, १५, १६ र १७

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक, जैविक, सामाजिक-आर्थिक तथा साँस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

राय सुझावका लागि पत्राचार गर्ने ठेगाना :

प्रस्तावकको नाम तथा ठेगाना	लालबन्दी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, लालबन्दी, सर्लाही, मधेश प्रदेश फोन नं.: ०४६-५०११००, ईमेल : maillalbandi@gmail.com
परामर्शदाताको नाम र ठेगाना	**म्याक्स कन्सल्टेन्ट नेपाल प्रा. लि.** महालक्ष्मी नगरपालिका ०३, ललितपुर, नेपाल, फोन नं.: ९८६०६९४८१३

लालबन्दी नगरपालिका भएर बग्ने लखनदई खोलाको बगर क्षेत्रबाट दिगो रुपमा ढुंगा, गिट्टी र बालुवा संकलन तथा उत्खनन् कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०२ /३२)

मधेश प्रदेश, सर्लाही जिल्लाको लालबन्दी नगरपालिका, वडा नं. १, २, १०, ११, १२ र १३ मा लालबन्दी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।

प्रस्तावकको नाम तथा ठेगाना	लालबन्दी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, लालबन्दी, सर्लाही, मधेश प्रदेश फोन नं.: ०४६-५०११००, ईमेल : maillalbandi@gmail.com
प्रस्तावको व्यहोरा	लालबन्दी नगरपालिका भएर बग्ने लखनदई खोला किनारबाट दिगो रुपमा ढुंगा, गिट्टी र बालुवा संकलन तथा उत्खनन् कार्य
प्रभाव पर्न सक्ने जिल्ला, स्थानीय तह	मधेश प्रदेश, सर्लाही जिल्लाको लालबन्दी नगरपालिका, वडा नं. १, २, १०, ११, १२ र १३

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक, जैविक, सामाजिक-आर्थिक तथा साँस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

राय सुझावका लागि पत्राचार गर्ने ठेगाना :

प्रस्तावकको नाम तथा ठेगाना	लालबन्दी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, लालबन्दी, सर्लाही, मधेश प्रदेश फोन नं.: ०४६-५०११००, ईमेल: maillalbandi@gmail.com
परामर्शदाताको नाम र ठेगाना	**अक्षरा इन्जिनियरिङ कन्सल्टेन्ट प्रा. लि.** कोटेश्वर, काठमाडौं, नेपाल फोन नं. : ९८६०६९४८१३

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com